CC-0. In Public Domain. Digitization by eGangotri

वि.वि २

शारदा सौरभ

शैक्षिक स्वतन्त्रता हाम्रो अधिकार हो।

प्रकाशक

नेपाल प्राध्यापक संघ

महेन्द्र संस्कृत विश्वविद्यालय

शारदा विद्यापीठ एकाइ समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्राध्यापक संघ

महेन्द्र संस्कृत विश्वविद्यालय

शारदा विद्यापीठ एकाइ समिति

महेन्द्रनगर, कञ्चनपुर

सभापति
श्री भोजराज जोशी

सचिव
श्री ख्यामप्रसाद रेग्मी

उपसभापति
श्री कमल ऐर

उप-सचिव
श्री गोपालप्रसाद उपाध्याय

कोषाध्यक्ष
श्री गोबिन्द पौडेल

सदस्यहरू :
श्री श्रीधर पन्त
श्री सुरेन्द्रप्रसाद भट्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वि·वि·५

शारदा सौरभ

वर्ष - १, अंक - १, २०६२

सम्पादक मण्डल

संयोजक

प्रा. श्री श्रीधर पन्त

सदस्य

श्री श्यामसुन्दर ढकाल

श्री भोजराज जोशी

श्री सुरेन्द्रप्रसाद भट्ट

श्री हरिप्रसाद खतिवडा

डा. राजकुमार साउद

प्रकाशक

नेपाल प्राध्यापक संघ

महेन्द्र संस्कृत विश्वविद्यालय

शारदा विद्यापीठ एकाइ समिति

महेन्द्रनगर, कञ्चनपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

नववर्ष २०६२ को उपलक्ष्यमा महेन्द्र संस्कृत विश्वविद्यालय प्राध्यापक संघ शारदा विद्यापीठ एकाइ समितिले "शारदा सौरभ" नामक पत्रिका प्रकाशन गर्न लागेको थाहा पाउँदा प्रसन्नताको अनुभव भइरहेको छ।

सुदूरपश्चिमाञ्चल क्षेत्रको एक मात्र आङ्गिक विद्यापीठबाट प्रकाशित हुने पत्रिकाले बहुपक्षीय लेख रचनाका माध्यमबाट आफ्ना शैक्षिक प्राज्ञिक गतिविधिको परिचय दिन, संस्कृत शिक्षाको चेतना विस्तार गर्न र यसको उपयोगिता जनतासामु पुऱ्याउन बल प्रदान गर्न सकोस् भन्ने अभिलाषा राख्दै बौद्धिक वर्गको रचनात्मक प्रयासको सफलताका लागि शुभेच्छा प्रकट गर्दछु।

प्रा. शिवहरि मरहट्टा
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

महेन्द्र संस्कृत विश्वविद्यालय प्राध्यापक एकाई समिति शारदा विद्यापीठ, कञ्चनपुरबाट "शारदा सौरभ" नामक मुखपत्र प्रकाशन हुन लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ। आफ्नो तोकिएको अध्यापन कार्यको साथै प्राध्यापकहरुको हकहित एवं प्राज्ञिक उन्नयन जस्ता कार्यहरुको विवरण प्रस्तुत हुने सामग्री सहित, अन्य साहित्यिक रचना लिएर प्रकाशित हुन लाग्दा महेन्द्र संस्कृत विश्वविद्यालयको श्रीबृद्धि हुने निश्चित छ। नववर्ष २०६२ ले सबैमा प्राज्ञिक उन्नयनको क्षमता बृद्धि होस्। संस्कृत वाङ्गमय, संस्कृत विश्वविद्यालय एवं संस्कृत जगतप्रति सबैको सद्भाव रहोस्। यस नववर्षको उपलक्ष्यमा प्रकाशित हुन लागेको यो "शारदा, सौरभ" ले समस्त प्राध्यापकहरुका सुषुप्त साहित्यिक प्रतिभाहरुलाई घच्घच्याउँदै सबैका सामु पस्कन सकोस् र आफूले निरन्तरता पाउँदै यो "शारदा सौरभ" सुदूरपश्चिमको शैक्षिक सामग्री समेत बन्न सकोस् यही मेरो हार्दिक शुभकामना छ।

प्रा. नारायण कुमार आचार्य
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

आदरणीय पाठकवृन्द ! यस शारदा विद्यापीठको प्राध्यापक संघ एकाई समितिको तत्त्वावधानमा प्रकाशित "शारदा सौरभ" नामक प्रथम पुष्प यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई अपार गौरव र परमहर्षको अनुभूति हुनु स्वाभाविकै हो । यस वसन्तको प्रथम प्रसूनले आफ्नो सौरभ सर्वत्र फिंजाई समस्तवातावरणलाई, अँझ भनूँ प्रजातान्त्रिक वातावरणलाई समेत सौरभपूर्ण, रसिलो र मनमोहक बनाउँनेछ भन्नुमा अत्युक्ति नहोला । प्रजातन्त्रप्रेमी प्राज्ञिकवर्ग स्वभावैले प्राज्ञिक स्वतन्त्रताको पक्षपाती हुन्छ, त्यसैले सदैव प्रजातन्त्रको भावना अनुकूल उन्मुक्तवातावरणयुक्त र सौहार्दपूर्ण शासनव्यवस्थाको त्यसले अपेक्षा गरेको हुन्छ र साथै शान्ति र सुव्यवस्थाको समेत चाहना गरेको हुन्छ । अधिराज्यभरिका प्राध्यापकहरूको पेशागतहरू हितको संरक्षण र संवर्द्धनमा प्राध्यापकसंघ दत्तचित्त रहेको छ यो नै यस संघको मूलभूत उद्देश्य हो । यस अतिरिक्त प्राध्यापकवर्गको मर्यादा र प्रतिष्ठा अभिवृद्धि गर्न र प्राप्तप्रतिष्ठालाई अक्षुण्णराख्न समेत प्राध्यापक संघको कर्तव्य हुन आएको छ । प्राध्यापकवर्गको हकहितको संरक्षणको निमित्त प्राध्यापक संघ सदैव कटिवद्धरहेको छ ।

समस्त धर्मप्राणजनहरूको धर्म र सँस्कृतिको संरक्षण र संवर्द्धनमा सँस्कृतवाङ्मयको अभूतपूर्व योगदान रहेको छ भन्ने उदात्तभावनाबाट अभिप्रेरित भै यस क्षेत्रका कतिपय सँस्कृतानुरागी महानुभावहरूको सत्प्रयासको फलस्वरुप यस म.सं.वि. शारदा विद्यापीठको स्थापना हुनु निश्चय पनि गौरवको विषय हो । यस विद्यापीठले प्राच्यविद्याका साथ-साथै आधुनिक विषयहरूको समेत युगानुकूल यथोचित शिक्षा-दीक्षा प्रदान गर्दै आइरहेको छ। सँस्कृत वाङ्मय अनन्तछ यो समुद्रझैं अगाध छ। आजको वैज्ञानिकयुगमा कम्प्युटर प्रविधिकालागि पाणिनि प्रणीत व्याकरणशास्त्र परम उपयोगी सिद्ध भएको छ । अतएव यसको सत्साहित्यलाई रत्नाकर भनिदिएमा अत्युक्ति नहोला । अतः यस सँस्कृत वाङ्मयले हाम्रो धर्म र सँस्कृतिको संरक्षण, संवर्द्धनमा नित्य निरन्तर योगदान गरिनै रहनेछ भन्नुमा हामी विश्वस्त छौं ।

अन्तमा शुभकामना पठाउनुभई हाम्रो उत्साहसम्वर्द्धन गर्नु हुने महेन्द्र सँस्कृत विश्वविद्यालयका श्रीमान् उपकुलपतिज्यू प्रति र श्रीमान् शिक्षाध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं । यस पत्रिका प्रकाशनमा आर्थिक सहयोग गर्नुहुने आदरणीय प्राचार्यज्यू तथा अन्य महानुभावहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं । लेख, रचना पठाई हाम्रो पत्रिका प्रकाशनमा परमसहयोग गर्नुहुने समस्त लेखक महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यो हाम्रो प्रथम प्रयास हो त्यसैले त्रुटि हुनु स्वाभाविकै हो अतः पाठकवृन्दबाट अमूल्य सुझावको अपेक्षा गर्दै पाठकवर्गसमक्ष "शारदा सौरभ" प्रथमपुष्प उपहार स्वरूप समर्पण गर्दछौं ।

"सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥"

नयावर्ष २०६२ को शुभ बिहानीमा देशमा सर्वत्र शान्ति कायम रहोस् यही हाम्रो हार्दिक मङ्गलमय कामना छ ।

धन्यवाद ।

- सम्पादक मण्डल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१	स्मृतिको आलोकमा शारदा विद्यापीठ	प्रा. श्रीधर पन्त	१
२	अध्यात्म र भौतिकवाद समन्वय कि विरोध	थानेश्वरप्रसाद भट्ट	३
३	साहित्यिक प्रतिभा विकासका अद्वितीय प्रतिक स्व. पहलमान सिंह स्वाँर	डा. देवीप्रसाद ओझा	५
४	युवा वर्गको कर्तव्य	स.प्रा. हरिलाल जोशी	७
५	विश्व विज्ञानमा, हामी विनासमा	डा. पदमराज कलौनी	८
६	विद्यापीठ परिचय	बलराम चटौत	१०
७	मानव र वातावरण	पदम बहादुर महत	१२
८	साहित्यकार वी.पी. कोइरालाको सामान्य परिचय र 'नरेन्द्र दाई' उपन्यासको विश्लेषण	उप.प्रा. हरिशचन्द्र भट्ट 'बन्धु	१४
९	भौतिकवाद र अत्यात्मविद्या	प्राचार्य मोतीराम पनेरु	१६
१०	प्राचीन र आधुनिक शिक्षा-एक चर्चा	डा. मुकुन्द कलौनी	१८
११	नमीठो विछोड	स.प्रा.हरिप्रसाद खतिवडा	२१
१२	दशौं वञ्चवर्षीय योजना र चुनौतीहरु : एक समिक्षा	उप.प्रा. भोजराज जोशी	२४
१३	संस्कृत व्याकरणको प्राचीन परम्परा	उप.प्रा. गोपालप्रसाद उपाध्याय	२६
१४	यूलर : एक महान गणितज्ञ	गंगाप्रसाद पाण्डेय	२९
१५	व्याकरणशास्त्रे शाव्दबोध मुलाधाररूपस्फोटशब्दः	डिल्लीप्रसाद कोइराला	३२
१६	कोऽयंरसः	उप प्रा. ख्यामप्रसाद रेग्मी	३४
१७	बझाङ्गी लोकगीतमा अन्तरनिहित विषयवस्तु	लक्ष्मीराज पण्डित	३६
१८	An Introduction : Case System in English & Sanskrit Languages	Lect. Surendra P. Bhatt	४१
१९	Miracle of Science	Dr. Raj Kumar Saud	४९
२०	The Kite	Asst. Lect. Binodkumar Acharya	५०
२१	शारदा विद्यापीठ परिचय	वरिष्ठ सहायक ढुण्डीराज ज्ञवाली	५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृतिको आलोकमा शारदा विद्यापीठ

✍ प्राध्यापक श्रीधर पन्त
म. सं. वि. शारदा विद्यापीठ, महेन्द्रनगर

पूर्वदिग्भागमा पुण्यतोया कर्णाली र पश्चिमदिग्भागमा पवित्रजला महाकाली, उत्तरभूभागमा मनोहर शैलमाला र दक्षिणी भागमा नानाप्रकारका मनोरम वन्यजन्तु र पंक्षीहरूले समन्वित शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष काननकुञ्जले विभूषित यस परमरमणीय एवं पवित्रक्षेत्रमा संस्कृत र संस्कृतिको संरक्षणमा दत्तचित्त संस्कृतानुरागी स्व. चूडामणि शास्त्री, बाबा बृहस्पति गिरी, पं. रुद्रलाल पनेरू, समाजसेवी बलराम चटौत, मदनराज पाठक, पुरुषोत्तम जोशी, रामसिंह ठकुराठी, स्व. भवानसिंह बोगटी, सम्माननीय स्व.भानबहादुर चन्द, भू.पू. प्रधानपञ्च धर्मराज जोशी, स्व. ईश्वरीप्रसाद शास्त्री, कृष्णप्रसाद निरौला, जयबहादुर चन्द, अन्तराम भट्ट, हिक्मतबहादुर विष्ट प्रभृति महानुभावहरूको सक्रियतामा २०३९ आश्विन महिनामा वनकाली वेदविद्यालय काठमाण्डौंसँग सम्वद्ध शारदा संस्कृत वेदविद्यालयको स्थापना भयो ।

उक्त वेदविद्यालयलाई महेन्द्रनगर नगरविकास समितिले ५ विगाहा ५ कट्ठा जमीन स्थायी सम्पत्तिको रूपमा निःशुल्क प्रदान गऱ्यो र तत्कालीन नगर पञ्चायतको आर्थिक सहयोगमा तीनकोठे वेदविद्यालय भवनको निर्माण समेत सम्पन्न भयो । यस भवनको शिलान्यास तत्कालीन प्रौढसंगठनका अञ्चल सभापति तथा यस विद्यापीठ विकास समितिका अध्यक्ष समेत रहनुभएका श्री बलराम चटौतको करकमलबाट मिति २०४५/३/३० गते सुसम्पन्न भएको हो। विद्यालयको विकास र निर्माणकालागि मुष्ठिदान संकलन गर्नुका साथै आचार्य श्री खेमराज केशवशरणबाट श्रीमद्भागवत ज्ञानमहायज्ञको सम्पन्न समेत भएको हो ।

संस्कृत शिक्षानुरागी उक्त महानुभावहरूको सक्रियतामा र वहाँहरूको हार्दिक अनुरोधलाई स्वीकार गरेर विद्यापीठ स्थापनार्थ महेन्द्र संस्कृत विश्वविद्यालयबाट पूर्वाध्ययनको रुपमा एउटा निरीक्षणटोली आई विद्यापीठ स्थापनार्थ पूर्वाध्ययन भैसकेपछि महेन्द्र संस्कृत विश्वविद्यालयले यसै क्षेत्रका निवासी यिनै पङ्तिकार लेखक म. सं. वि. वाल्मीकि विद्यापीठ काठमाण्डूमा उपप्राध्यापक पदमा कार्यरत (हाल प्राध्यापक) श्री श्रीधर पन्तलाई मिति २०४८/१२/१२ गते प्रथम प्राचार्य पदमा नियुक्तगरी पठाइसकेपछि मिति २०४८ चैत्र १४ गतेदेखि यस शारदा विद्यापीठको दैनिक कार्यसञ्चालन भएको हो । यसरी प्राचार्यलाई नियुक्तगरी पठाइसकेपछि शारदा वेद विद्यालयले आफ्नो स्वामित्वमा रहेको ५ विगाहा ५ कट्ठा जमीन र तीनकोठे पक्की भवन यस शारदा विद्यापीठलाई सहर्ष एवं सादर हस्तान्तरण गरेको हो । साथै यस विद्यापीठको विकासयुक्त भविष्यलाई ध्यानमा राख्दै महेन्द्रनगर नगर विकास समितिले उदारतापूर्वक २ विगाहा १० कट्ठा जमीन स्थायी सम्पत्तिको रूपमा यस शारदा विद्यापीठलाई प्रदान गऱ्यो । हाल यस विद्यापीठसँग स्थायी सम्पत्ति ७ विगाहा १५ कट्ठा जमीन विद्यमान छ ।

वेदविद्यालयद्वारा हस्तान्तरित उक्त ३ कोठे भवनले मात्र विद्यापीठको शिक्षणकार्य र प्रशासनिककार्य समेत सम्पन्न हुन नसक्ने बुझी मदनराज पाठक अध्यक्ष र पदेन सदस्य सचिव प्राचार्य श्री श्रीधर पन्त सहितको एउटा विद्यापीठ भवननिर्माण उपभोक्ता समितिको गठन भयो र विद्यापीठ विकास समितिको सक्रियतामा जिल्ला विकास समिति महेन्द्रनगर कञ्चनपुर, महेन्द्रनगर नगर विकास समितिले तथा महेन्द्रनगर नगरपालिकाको उदारतापूर्ण आर्थिक सहयोगमा पुनः थप ३ कोठे शिक्षणभवनको निर्माणकार्य सुसम्पन्न भई विद्यापीठको अध्यापनकार्य र दैनिक प्रशासनिककार्य समेत सुचारु रूपले सम्पन्न हुनथाल्यो । उक्त निर्माणकार्यमा विद्यापीठ विकास समितिका संस्थापक अध्यक्ष श्री बलराम चटौतको ठूलो योगदान रहेको छ । त्यसपछि पुनर्गठित विद्यापीठ विकास समितिका अध्यक्ष श्री अन्तराम भट्टबाट विद्यापीठ विकास र निर्माण कार्यमा भएको योगदान प्रशंसनीय छ। यसरी विद्यापीठ भवननिर्माण भइसकेपछि यस शारदा विद्यापीठको छ कोठे भवनको समुद्घाटन जिल्ला विकास समितिका सभापति श्री बलदेव बोहराको करकमलबाट मिति २०५२/२/५ मा सुसम्पन्न भयो ।

विद्यापीठमा पठनार्थ स्वीकृत मूलविषय नव्यव्याकरण र साहित्यमा उ. म. प्रथम वर्षमा प्रारम्भमा १६ जना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छात्रहरू प्रविष्ट भएका थिए । तत् पश्चात् छात्रसंख्यामा अभिवृद्धि हुँदैजाँदा विद्यापीठमा अध्ययनरत छात्रहरुको आवास सम्वन्धी कठिनाईलाई ध्यानमा राखी महेन्द्र संस्कृत विश्वविद्यालयको आर्थिक सहयोगमा ५ कोठे पक्की छात्रावास भवनको निर्माणकार्य प्राचार्य श्री श्रीधर पन्तको अध्यक्षतामा सम्पन्न भयो । यस छात्रावासको समुद्घाटन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको करकमलवाट मिति २०५३/२/८ गते मंगलबार सुसम्पन्न भयो ।

प्राध्यापकवर्ग र छात्रवर्गको सुविधाकालागि २ वटा शौचालयको निर्माण समेत विश्वविद्यालयकै आर्थिक सहयोगमा पूर्ण भयो । विद्यापीठको सीमा सुरक्षालाई दृष्टिगतगरी विश्वविद्यालयको आर्थिक सहयोगमा काँडेतार बार लगाउनेकार्य सम्पन्न भयो । विद्यापीठ विकास समितिको सक्रियतामा एउटा पाकशाला (भान्साकोठा) को समेत निर्माण भयो । यसरी भौतिक प्रगति हुनुका साथै छात्रसंख्यामा अभिवृद्धि भयो र छात्र परीक्षाफल समेत सन्तोषजनक रह्यो । प्रथम प्राचार्य एवं विद्यापीठ स्थापना कालिक संस्थापक सदस्य श्री श्रीधर पन्तको ५ वर्षे कार्यकाल २०५३/१२/१२ मा पूर्णहुने भए तापनि महेन्द्रसंस्कृत विश्वविद्यालयले अर्को व्यवस्था नहुन्जेलसम्मकालागि पुनः कार्यभार थप्यो तदनुसार २०५४/४/१५ गतेमा उक्त प्राचार्यको कार्यकाल पूर्णभयो ।

विश्वविद्यालयको व्यवस्थानुसार जनता विद्यापीठ विजौरी दाङमा उपप्राध्यापक पदमा कार्यरत (हाल सहप्राध्यापक) श्री पद्म प्रसाद भट्टराईलाई महेन्द्रसंस्कृत विश्वविद्यालयले दोस्रो प्राचार्यको रूपमा नियुक्तगरी पठायो र वहाँले मिति २०५४/४/१६ गतेदेखि प्राचार्यको कार्यभार संभाल्नुभयो । वहाँको कार्यकालमा यस विद्यापीठमा शास्त्रीकक्षा सञ्चालन गर्ने अनुमति प्राप्तभई शास्त्रीकक्षाको पठन पाठन कार्य प्रारम्भ भयो । त्यसकालागि भवनको आवश्यकता पर्नेहुँदा महेन्द्रसंस्कृत विश्वविद्यालयको आर्थिक सहयोगमा पूर्वनिर्मित भवनको माथिल्लो तलाको भवन निर्माणकार्य सम्पन्न भयो । माथिल्लो तलाको एउटा कोठाको निर्माण समाजसेवी श्री बलराम चटौतले आफ्नो पूज्य माता र पिताको पुण्य स्मृतिमा निर्माणगरी विद्यापीठलाई हस्तान्तरण गर्नुभयो । माथिल्लो तलाको नवनिर्मित भवनको समुद्घाटन महेन्द्रसंस्कृत विश्वविद्यालयका उपकुलपति श्री माधवराज गौतमका करकमलवाट २०५५/१०/८ गते सुसम्पन्न भयो । विकास समितिको सक्रियता र कुशलतामा र खासगरी यस विद्यापीठ विकास समितिका उत्साही अध्यक्ष भू.पू. नगरप्रमुख श्री यज्ञराज जोशीको कार्यदक्षतामा १ वर्षे बी.एड.(शिक्षाशास्त्र) कक्षाको सञ्चालनकोकार्य प्रारम्भ भयो । त्यसकालागि कक्षाकोठाको आवश्यकता पर्नेहुँदा माननीय सांसदद्वय श्री रमेश लेखक र श्री वासुदेव भट्टको सक्रियतामा र म. सं. वि.को आर्थिक सहयोग समेतमा बी. एड. कक्षाको तल्लोतले भवनको निर्माणकार्य सम्पन्न भयो । यस भवनको शिलान्यास माननीय सांसद श्री रमेश लेखकबाट मिति २०५६/१०/१६ मा सम्पन्न भयो र साथै यस भवनको समुद्घाटन महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्री माधवराज गौतमबाट मिति २०५७/८/१४ गते सुसम्पन्न भयो । कार्यक्षेत्र बढ्दै जाँदा त्यो भवनले पनि पूर्ण नहुने देखेर बी.एड. कक्षा भवनको माथिल्लो तलाको निर्माणकार्य महेन्द्र संस्कृत विश्वविद्यालयको लगानीमा लेन्टर ढलानसम्मको कार्य पूर्णभयो । यस अवधिमा भौतिक निर्माणकार्यको साथै परीक्षा परिणाम समेत राम्रो रह्यो । यसरी मिति २०५४/४/१६ मा प्राचार्य श्री पद्म प्रसाद भट्टराईको कार्यकाल पूराभयो ।

त्यसपछि तेस्रो प्राचार्यको रूपमा यसै शारदा विद्यापीठका उप प्राध्यापक (हाल सहप्राध्यापक) श्री मोतीराम पनेरुलाई महेन्द्र संस्कृत विश्वविद्यालयले मिति २०५९/४/१७ गतेदेखि नियुक्त गर्‍यो र उक्त मितिदेखि वहाँले प्राचार्यको कार्यभार संभाल्नुभयो । वहाँको कार्यकालमा बी. एड. (एकवर्षे) कक्षाको माथिल्लो तलाको प्लास्टर, फर्स, झ्यालढोकाका पल्ला, ग्रील र रंगरोगनको कार्य पूर्णभई भवनले पूर्णता प्राप्तगर्‍यो । यस माथिल्लो तलामा निर्मित भवनको समुद्घाटन महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्री पूर्णचन्द्र ढुङ्गेलबाट मिति २०६०/२/१४ गते बुधवारमा सुसम्पन्न भयो । यस प्रकार भौतिक निर्माणकै क्रममा आवश्यकतालाई महसुस गरी विश्वविद्यालयको आर्थिक सहयोगमा २ वटा शौचालयको निर्माणकार्य पूर्णभयो र साथै विकास समितिको सक्रियतामा एउटा आधुनिक प्रकारको पार्कको निर्माणकार्य समेत सुसम्पन्न हुन गइरहेको छ । वहाँको कार्यकालमा बी.एड.कक्षाको परीक्षा परिणाम उत्कृष्ट रहेको छ । यसरी आफ्नो कलिलो जीवनका १३ वसन्त पारगर्दै शारदा विद्यापीठ सुन्दर भविष्यतिर पदार्पण गर्दैछ । अझै यस विद्यापीठले उत्तरोत्तर प्रगति गर्दै जानेछ भन्ने हामी विश्वास राख्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म र भौतिकवाद समन्वय कि विरोध

✍ थानेश्वर प्रसाद भट्ट
वरिष्ठ अधिवक्ता

भौतिकवाद भन्ने वित्तिकै धर्मको शत्रु हो र त्यसको अनुशरण गर्नेले धार्मिक प्रवृत्तिलाई रुढिवादी पुरातन पन्थी र लगभग निकम्मा हुन् कि भन्ने दृष्टिकोण यदाकदा व्यावहारिक जीवनमा अनुभूति हुन्छ , यदि यसो नहुँदो हो त अनायास लेख्नमा सहसा किन देखा पर्दथ्यो, मेरो मानसिक धरातलमा कहीं न कहीं यसको प्रतिध्वनि र उथलपुथल भएकै हुनाले जनमानसमा अनुभवजन्य अनुभूति व्यक्त गर्नु कर्तव्य सम्झेको छु ।

सर्वप्रथम इमान्दारी, निष्ठा र वैज्ञानिक आधारमा नै विनम्र निवेदन गर्न चाहन्छु धर्म र भौतिकवाद एक अर्काका विरोधी भन्ने भ्रम सर्वथा त्याज्य छ । यसको कुनै वास्तविक धरातल छैन । अध्यात्मिक चिन्तन नै सर्वोपरि हो, बाँकी चाहे भौतिकवादी दृष्टिकोण वा परम्परा सम्प्रदाय, यी सबका सब त्यही उच्चतर विन्दुमा पुग्ने वा पुर्‍याउने सोपान हुन् । यो विषयमा लेख्नकालागि आत्माको आवाज व्यक्त गरिरहेको छु, केवल लेखेको औपचारिकता पूर्ति गर्न मात्र होइन, घोर आश्चर्यजनक विषय के छ भने कस्तूरीको बास्ना नाभीस्थलवाट आउँछ त्यसको खोजीकालागि भौतारी रहन्छ त्यो भनेर जीव वैज्ञानिक भन्छन्, आफ्नै मर्मस्थलमा त्यो सुगन्ध छिपेको कहिल्यै पनि कस्तूरी मृगलाई ज्ञान हुँदैन । त्यो त पशु हो र गहन अनुभूति हुने सवाल नै रहँदैन तर मानवसँग त अनुभूति हुन्छ तथापि संशयले व्याप्त दिव्य ज्ञानको भण्डार उसको अन्तर हृदयमा व्याप्त छ । यसमा कुनै सन्देह छैन । तथापि बाह्य जगतका क्षणभंगुर घटनाक्रमले विचलित पारिरहेको हुन्छ, जान्दा जान्दै पनि मायाले ग्रंस्त पार्छ । यो होइन कि भनी संशय गर्ने जरुरत नै छैन । यक्षले युधिष्ठिरलाई सोधेका विविध प्रश्नमध्ये सबभन्दा बढी आश्चर्य के छ भन्दा भोलि मर्छु भनेर जान्दा जान्दै पनि सांसारिक मायाले लिप्त छ भन्ने कालजयी उत्तर कत्तिको वैज्ञानिक छ , जसमा सन्देह गर्नु मूर्खता मात्र हुनेछ । यो लेखिरहने दृढविश्वास भएको मानिस स्वयं जानेर पनि व्यवहारमा मायाले ग्रस्त छ, अझ अरु भन्दा बढी नै होला । यही वर्तमान मानव प्रवृत्तिको दुर्भाग्य हो । त्यही परिधिभित्र म स्वयं पनि बाँधिएको हुनाले नै अध्यात्म र भौतिकवादमा परस्पर विरोध देखापरेको हो । यस प्रसंगमा ऐतिहासिक घटना सान्दर्भिक हुनेछ ।

न्यूयोर्कको जगत् विख्यात वैंकको संस्थापकसंग जिज्ञासुले पृष्ठभूमि जान्न खोजे । कुनै रोजगारी नभएको हुनाले बैंक खोल्ने इच्छा गरेछन् । तर सय डलर भन्दा बढी थिएन । साईनबोर्ड राखेर त्यही सयको भरोसामा बैंक भनेर कुरें, एकजना ५० डलर जम्मा गर्न पहिलो दिन र २ सय डलर दोस्रो दिन जम्मा भएपछि अर्थात् अरुले बैंकमा राखे पछि त्यो बैंक चल्न सक्छ भन्ने लागेर तेस्रो दिन आफूसँगको सय डलर पनि जम्मा गरेर बैंकको सुरुआत भएको संस्थापक मध्येकाले जवाफ दिएको प्रसंग प्राय: हाम्रा विश्वासका आधारशिलाहरुमा पनि लागू हुन्छ , आफैमाथि पनि भरोसा हुन्छ हुदैन ? आत्मचिन्तन कति पटक हुन्छ ? अरु त कुरै छोडौं हाम्रो प्राणतत्त्वका रुपमा रहेको श्वासक्रिया निर्वाध चलिरहन्छ । कुनै क्षण पनि अवरुद्ध भयो भने भौतिक देह नष्ट हुन बेर लाग्दैन । यो निरन्तरको श्वास क्रियालाई कति ध्यान दिएका छौं ? यसतर्फ हाम्रो विचार पुग्छ कि पुग्दैन, ध्यान योगका सम्बन्धमा मूल्यवान् किताब विज्ञानभैरवमा ध्यान का ११२ विधिहरु उल्लेख भएको पाइन्छ । त्यस मध्ये अधिकांश श्वासक्रियासँग प्रत्यक्ष सम्बन्धित छन् । निरन्तर श्वासक्रिया हेर्नु पनि विधि हो । यसलाई "विपश्यना" ध्यान भनेर महातमा बुद्धबाट संसारलाई दिएको अनमोल देन हो, अना पान सति योग भनेका श्वासक्रियालाई १५ दिन निरन्तर हेर्न सकेमा आत्मस्वरुपको दर्शन हुन्छ भनेर सिद्धयोगीहरुले बताएका छन् । यसको प्रयोग गर्ने निरन्तर प्रयास भएर पनि सफल हुन सकेको छैन । चाहेर मात्र हुँदैन, करुण पुकार प्रकट हुन अन्तरहृदयका द्वार खुल्नुपर्दछ, यो सब तर्क बहस छलफल वा किताबी ज्ञानले मात्र पूर्ति हुन सक्तैन ।

अध्यात्मको सही परिभाषा विकृत पार्ने धृष्टता गरेको देखिन्छ, मन्दिर, मस्जिद, चर्च वा मठहरु मात्र अध्यात्मका द्वार होइनन् । माध्यमका रुपमा प्रभावी हुन सक्छन् । तर यिनी मात्र अध्यात्मिक चिन्तनकाद्वार हुन भनी अन्ध दृष्टिकोण स्थापित गर्न खोजिएमा त्यो पाखण्डमा रुपान्तरित हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेर लाग्दैन । कहीं नगएर पनि आत्मचिन्तन गर्न संभव छ, अर्ती उपदेश गर्ने मेरो ल्याकत र क्षमता छैन तर अनुभवमा आएको विषय अभिव्यक्त गर्नु परम कर्तव्य संझेर नै यो लेख प्रारम्भ गर्न चाहेको हुँ । अध्यात्म र धर्म भनेर केही पोंगा पन्थीहरुबाट उनका पाखण्ड र अज्ञान अनि स्वार्थका कारण भौतिकवाद र अध्यात्ममा अन्तर विरोधी दर्शाउन खोजे पनि यो निरर्थक मात्र होइन घातक पनि हो ।

श्वासक्रिया वैज्ञानिक तथ्य हो । यो नै सशक्त माध्यमका रूपमा आध्यात्मिक शिखरमा पुर्‍याउने सर्वोत्तम सुन्दर र सरल मार्ग पनि छ । महात्मा गौतमलाई भगवान् बुद्धका रुपमा यसै "विपश्यना" पद्धतिले रुपान्तरित गरेको हो । दुर्भाग्य यो छ कि भगवान शब्द अस्वीकार गर्ने बुद्धलाई भगवान् भनेर महिमा मण्डित गरियो । बुद्धमार्गी धेरै जसोलाई विपश्यना को जानकारी नै भएको पाइदैन । त्रिपुण्ड धारक स्तोत्रपाठी मात्र धार्मिक हुने प्रवृत्तिले पनि भ्रम उत्पन्न गरिरहेको छ । विविध सम्प्रदाय माध्यम हुन प्रत्येक मानवका आफ्नै स्वभाव, रुचि र दृष्टिकोण हुन्छन् । सोही अनुरुप पद्धति सम्प्रदाय पनि भिन्न हुन सक्छन् । तर एउटा ठीक अर्को खराब भन्दै धर्मका नाममा भीषण नर संहारका रक्तरंजित इतिहासले संशय मात्र उत्पन्न गरेको छ । आत्म चिन्तन नै वास्तविक अध्यात्मता हो र यसलाई प्राप्त गर्न सुगम मार्ग भौतिकवादले निर्माण गर्नसक्छ, यही समन्वय आजको जरुरत हो ।

राम्रो कार्य गर्नुभन्दा आलोचना गर्न सजिलो हुन्छ
- डिजरायली

नव वर्ष २०६२ को सुखद् उपलक्ष्यमा सम्पूर्ण शिक्षक, अभिभावक तथा विद्यार्थी-वर्गमा उत्तरोत्तर प्रगति तथा दीर्घायुको हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।

फारवेस्ट स्कूल अफ मेडिसिन परिवार
महेन्द्रनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक प्रतिभा विकासका अद्वितिय प्रतीक स्व. पहलमानसिंह स्वाँर

✍ डा. देवीप्रसाद ओझा

सुदूरपश्चिमको अछामजस्तो विकट र पिछडिएको जिल्लामा जन्मेका, हुर्केका र गणित, संस्कृत भाषा साहित्य र व्याकरणको सामान्य शिक्षा मात्रै पाउने अवसर पाएका पहलमानसिंह स्वार (वि.सं. १९३५-१९९१) ले नेपाली साहित्य सिर्जना तथा विकासको क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगट्न सफलता प्राप्त गरेका थिए । उनको यस सफलतालाई हामी सुदूरपश्चिममा नेपाली सहित्यको विकासको सम्भावनाहरूलाई प्रकट गर्ने एक अभूतपूर्व प्रतीक मान्न सक्तछौं । पहलमानसिंह स्वारले नेपाली साहित्यको माध्यमिककाललाई समृद्ध बनाउनमा र विविधतायुक्त बनाउनमा दिएको योगदानको सम्पूर्ण पक्षहरुलाई अध्ययन र मूल्याङ्कन गर्दा वि.सं. १९५६ मा उनले श्लोकवद्ध गरी लेखेको गणितको *अंकेन्दुशेखर* पुस्तकलाई त्यसकालको साहित्यको प्रवृत्तिहरुमा एक क्रान्तिकारी सोचको प्रवेश गराउने पहिलो रचना स्वीकार गर्नुपर्ने हुनआउछ। *अंकेन्दुशेखर* को मंगलाचरण अन्तर्गत वसन्ततिलका छन्दमा लेखिएको निम्नलिखित श्लोकबाट नै नेपाली साहित्यलाई नयाँ दिशा प्रदान गर्ने उनको सोच रहेको कुरा स्पष्ट हुनछ । यस कृतिलाई पहलमानसिंह स्वारको पहिलो साहित्यिक कृति पनि मानिने गरिएको हुँदा यस पुस्तकबाट नै सर्वप्रथम सुदूरपश्चिमाञ्चलमा नेपाली साहित्यमा साहित्यिक क्षमताका सम्भावनाहरुको सूर्योदय भएको मान्न सकिन्छ ।

हे ! नाथ अगम गणित सागर झैं छ बग्न्या ।
यो मूर्ख स्वार पउरीपनि क्यै न जान्न्या ।
हटले गरिकन घुस्यो त्यहि धार माहाँ
पार्लाउ आज करुणा निधि झट्ट त्याँहा ॥
निन्दा गरुन् सुजनले मुख नासि जावस् ।
धन नास हवस् शरीरमा अरु कष्ट आवस् ।
प्राणै छुटोस् वरु सहजसूग भाई ऐल्हे ।
अन्यायमा पद कदापि नराख्नु कैल्हे ॥

गणित जस्तो शुष्क विषयलाई साहित्यको माध्यम र कविताको स्वरुप प्रदान गर्ने काम गरी पहलमानसिंह स्वाँरले साहित्य र शिक्षा क्षेत्रतर्फ समान रुपले आफ्नो प्रतिभाको प्रतिफल दिने अभूतपूर्व काम गरेको पाइन्छ । यसपछिका दिनहरुमा उनको 'प्रेमामृत वचन संग्रह' (वि.सं. १९६०) ले एक साहित्यिक कृतिको रुपमा जन्मने मौका पायो। यस कृतिपछि उनको कालजयी नाटक 'अटलवहादुर' वि.सं. १९६२ मा प्रकाशित भयो र यस नाटकले उनलाई नेपाली साहित्य जगत्मा अमरत्त्व प्रदान गर्ने भूमिका निर्वाह गर्‍यो । वि.सं. १९५६ सालदेखि प्रारम्भ भै वि.सं. १९९१ साल अर्थात ३५ वर्षसम्मको अवधिबीचको साहित्यिक जीवनमा स्व. पहलमानसिह स्वाँरले रचना गरेका कृतिहरुलाई अध्ययन गर्ने हो भने साहित्यर साहित्येतर गरी उनले लगभग २३-२४ वटा पुस्तकहरु लेखेको पाइन्छ। यी सबै पुस्तकहरुमा घरेलु शिल्पकलादेखि लिएर धर्म र अध्यात्मसम्मका महत्त्वपूर्ण कृतिहरु समावेश भएका हुँदा पहलमानसिंह स्वाँरमा अन्तर्निहित रचनात्मक प्रवृत्तिको महत्त्वलाई नेपाली साहित्यजगत्ले अभूतपूर्व भनेर एकै स्वरमा स्वीकार गर्ने गरेको पाइन्छ । भाषा भएमा कुनैपनि भाषामा साहित्य निर्माण गर्न सकिन्छ भन्ने सर्वमान्य धारणालाई अनुसरण गरी डोटेली भाषाको एक अंगको रुपमा रहेको अछामी बोलीमा पनि पहलमानसिंह स्वाँरले नाटक जस्तो स्तरीय साहित्यको रचना गरेर लोककाव्यलाई साहित्यिक स्तर प्रदान गर्ने चेष्टा गरेको पनि देखिन आउँछ। क्षेत्रीयस्तरको भाषालाई साहित्य सिर्जनाको माध्यमको रुपमा प्रयोग गर्ने इच्छाशक्ति र अवसर जुडेको खण्डमा उत्कृष्ट साहित्यको रचना गर्न सकिने सम्भानवाहरुको ढोका पहलमानसिंह स्वारले अछामी बोलीमा लेखेको 'लालु भागा' सामाजिक समस्याप्रधान वियोगान्त नाटकले यस सन्दर्भमा नयाँ युगको थालनी गरेको कुरा यस कथनको प्रमुख साक्षी मान्न सकिन्छ । सुदूरपश्चिमले नेपाली साहित्यको विकासमा योगदान पुर्‍याउन सक्ने किसिमबाट आफ्नो साहित्यिक क्षमताहरुको प्रदर्शन गर्न सक्ने उच्च मनोबलको थालनी पनि यसै कालमा गरेको थियो ।

कालान्तरमा सुदूरपश्चिमतर्फ रचना हुने गरेका सहित्यका अनेक विधाहरुको संख्यात्मक स्थिति अरु विधाहरुको तुलनामा कविता विधाको बलियो देखिनुलाई पनि पहलमानसिंहको नै योगदानको छाप मान्ने गरिएको छ। पहलमानसिंह स्वाँरले आफ्नो पहिलो कृति *अंकेन्दुशेखर* लाई पनि कवितामा नै रचना गरेका थिए । पहलमानसिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाँरका समकालीन नै मानिने डोटेली पण्डित डमरुबल्लभ उप्रेती , आशसुकवि जयदेव भट्ट, लोक कवि गंगाराम र कविताको क्षेत्रका रचनाकार अरु पनि धेरै अज्ञात कविहरुले जे जति रचनाहरु छाडेर गएका छन् ती सबै कविताकै विधामा पर्ने कुरालाई उक्त कथनको पुष्टिकालागि यहाँ राख्न सकिन्छ । यो बाहेक पनि अनेक काव्यात्मक अभिव्यक्तिहरु यतातिरका हजारौं लोक कविहरुले कविता गीतमा नै रचना गर्ने गरेको हुँदा पछि-पछि गएर साहित्यिक श्रेणीमा गनिने गरिएका कवितारुलाई लोक कविको रचनाहरुले प्रेरित गर्ने गरेको कुरा पनि उल्लेखनीय हुन आउँछ ।

जस्तो कि पहिले पनि भनिएको छ नेपाली भाषालाई साहित्यिक भाषाको रूपमा रुपान्तरण गरिने प्रक्रियाहरु नेपालको एकीकरण कालक्रम सँगसँगै प्रारम्भ भै विकसित हुँदै गएका थिए । यस दृष्टिकोणले हेर्दा नेपालको एकीकरण भएपछि देखापर्दै जाने गरेका परिवर्तनका संकेतहरु नेपालको सुदूरपश्चिमतर्फ अलि ढिलो नै देखिने गरेको कुराहरु पनि सम्झनामा आउँछन् । साहित्यिक र भाषागत विकासका लागि उठेको समकालीन नेपाली प्रवृत्तिहरु यसै कारणले यस क्षेत्रमा धेरै ढिलो प्रवेश गरेको पनि मान्नुपर्ने हुन्छ । यसै कारणले गर्दा नेपाली साहित्यको इतिहास अन्तर्गत कविता विधाको जुन काल निर्धारण गरिएको छ सो अनुसारको काल विभाजन गर्नु सुदूरपश्चिमको नेपाली साहित्यको विकासको छुट्टै अध्ययन गर्ने सन्दर्भमा उपयुक्त ठहरिदैन । नेपाली साहित्यमा कविताको इतिहास अन्तर्गत काल विभाजन गरिएका आदिकाल वा वीरगाथाकालका कविको रुपमा मानिने अन्य धेरै कविहरुसँगै संस्कृतका ठूला पण्डितमा गनिने कुमाउँको अल्मोडा निवासी कवि गुमानी पन्त (१८४७-१९०६) लाई पनि समावेश गरिएको देखिन्छ । नेपाली मिसिएका भाषामा लेखिएका उनका १ दर्जन जति कविता, श्लोकहरु अहिलेसम्म पनि नेपाल र कुमाउँको साहित्यमा जताजतै छापिएका पाइन्छन् । त्यतिबेला गोर्खाली राज्य सत्ताले डोटी र कुमाउँमा २५ वर्षसम्म एकै किसिमले शासन गरेको हुँदा सुदूरपश्चिमी साहित्यको इतिहासमा कवि गुमानी पन्तलाई समावेश गरिएको खण्डमा मात्र उनलाई सुदूरपश्चिमको साहित्यमा कवि गुमानी पन्तलाई समावेश नगर्ने हो भने वि.सं. १९४० पछि नेपाली साहित्यमा मोतीराम भट्टको उदय युग प्रवर्तक कविको रुपमा भएको नेपाली साहित्यको माध्यमिक सुदूरपश्चिमतर्फ साहित्यको प्रारम्भिकाल मान्नुपर्ने हुन आउँछ । यसै क्रमलाई अगाडि बढाएको खण्डमा त्यतिबेलाको साहित्यिक स्थितिलाई प्रारम्भिक काल भने जस्तै २००७ सालपछि २०४६ सालसम्मको साहित्यिक काललाई प्रारम्भिक आधुनिककाल भन्नु तर्कसंगत देखिने गर्दछ । तत्कालीन साहित्यका परिस्थिति, काव्यरचनाको व्यापकता, विविधता र संख्यात्मक स्वरुपलाई विचार गरेर अन्तमा २०४६ सालपछि हालसम्मको काललाई बल्ल आएर नव्य आधुनिककाल भनी सम्बोधन गर्नु औचित्यपूर्ण रहेको देखिने हुँदा सुदूरपश्चिममा साहित्यको आधुनिककालको प्रारम्भ अझै भएको छैन भन्ने निष्कर्ष निस्कने गर्दछ । यस्तो प्रकारको समयकाल निर्धारणको विभाजन भने कविहरुले रचना गर्ने गरेको नेपाली साहित्यको प्रारम्भिक काव्य प्रवृत्तिको स्थिति र सोही अनुसार साहित्यमा देखिने आधुनिक प्रवृत्तिका संकेतहरुको आधारमा गरिएको छ ।

नव वर्ष २०६२ को सुखद् उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गमा उत्तरोत्तर प्रगति तथा दीर्घायुको हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।

प्रो. भूपेन्द्र बिष्ट

पाण्डेय आयल स्टोर

महेन्द्रनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युवावर्गको कर्तव्य

✍ हरिलाल जोशी
सहायक प्राध्यापक शारदा विद्यापीठ, महेन्द्रनगर

प्राचीन समयदेखि वर्तमान अवस्थासम्म हेर्दा युवावर्गले गरेको शौर्यपूर्ण कार्यको महत्त्व सर्वाधिक रहेको देखिन्छ । त्यो कार्य सम्पूर्ण जनमानसको हृदयपटलाई प्रफुष्टित गर्न समर्थवान् रहेको छ । आजको मानवले नरभक्षी रुप धारण गर्दै, कर्तव्याकर्तव्यको विवेक नभएको, पथभ्रष्ट स्वरुप प्रदर्शन गराउँदै, सतत आक्रोशताको चक्र फैलाउँदै, नूतन पुष्पोद्यानको सुगन्धलाई नष्ट पार्दै बगिरहेको हुँकारले देशको स्थिति अधोगतितर्फ गैरहेको प्रतीत हुन्छ । यस अवस्थामा आशुतोष भगवान् पशुपतिनाथको संरक्षणमा रहेको तथा वाग्मती तटको उपवनलाई वर्तमान समयमा कसरी फलाउने फुलाउने हो ? यो सम्पूर्ण तथ्य बुझी दूरदर्शी भई मानव समाजको उत्थान स्वच्छ भावनाद्वारा ओतप्रोत रहनु युवावर्गको कर्तव्य हो ।

कुनै भ्रमणशील पथको अबलम्बन गरेर सामाजिकतालाई प्राणीहरुले पीयूष पोखरीको समान संरक्षण आवश्यक छ । मनुष्य भएर मानवताको भावनाले पूर्ण नभएसम्म यो पृथ्वी तलमा एक प्रकारको भारमात्र हुन कतै असम्भव छैन । जस्तै तलाउमा पुष्पित भएको कमल पुष्पलाई मदमत्त हात्तीले अनायासै चुडालेर नष्ट गराउन समर्थ हुन्छ । त्यस्तै युग द्रष्टाहरुको लोप आश्चर्यजनक हुने छैन । तसर्थ राष्ट्रनिर्माणको निमित्त नवीन कार्य गर्दा स्वच्छ र अनुसन्धानात्मक दृष्टिले भएमा समाज र सम्पूर्ण जनमानसमा सम्पूर्ण पीडाको निवारण भई नवीन सोच फल्न र फुल्न थाल्छ । यसप्रकार बिना सूर्योदयले योमेदिनी प्रकाशमान हुने कतै आधारभूत शक्ति देखिदैन ।

जवसम्म विवेचनाले स्रोत फैलाउँदैन तवसम्म संकुचित भावनाले निवास गरेकै हुन्छ । आजका नवयुवक वर्ग भोलिका कर्णधारहरूले यत्रतत्र दृष्टिपात अवश्य गरेकै हुनुपर्दछ । आजको बदलिंदो अवस्थाले मनुष्यको चेतनालाई अनेक भागमा बाँडेको छ, तर विवेकशील युवक उतैतिर दौडन्छ जहाँ सत्यको पूजा गरिन्छ, हामी आजका भविष्यद्रष्टा यदि हामीले चाहेमा भोलि हुने महाँसंकटलाई आज समाप्त गर्न सक्छौं, तर स्वार्थको घेराभित्र पसेर आजका युग अनुसारका कार्य कुनै पनि तत्त्वले गरेका छैनन् ।

हाम्रो कर्तव्य, हाम्रो आदर्श र हाम्रा आचरणहरुले एक अर्कालाई हाम्रो हिन्दूत्वको परिचय दिन्छ । झूठो आदर्श देखाएर उद्देश्यहीन भावनाले आफ्नो स्वार्थपूर्ति अवश्य हुन्छ तर यसबाट देशको लागि कुनै प्रकारको लाभ हुँदैन, भनिएको छ -'जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी' भन्ने नीतिको केही महत्त्व रहदैन, अनि मनुष्यमा फूट स्वतः हुन्छ, त्यसकारण आजका युवकहरुको कर्तव्य देशका प्रत्येक असामाजिक तत्त्वहरुलाई नडोर्‍याऊनु हो ।

त्यसैले युवावर्गलाई देशका कर्णधारका रुपामा स्वीकारेका छन् । जब-जब राष्ट्रमा समस्या आइपर्छ तव युवावर्गले आफ्नो कर्तव्यतिर उन्मुख भइ सम्पूर्ण मानव र देशको सेवा गर्न अग्रसर हुनुपर्छ ।

We would like to extend our best wishes to all parents, teachers, students and well-wishers for their prosperity and good health on the occasion of

Happy New Year - 2062

Surendra Raj Ojha
Founder Principal
Global English Language Centre
Global Academy (English Medium School)
Science Campus Road, Katan, Mahendranagar
Kanchanpur, Phone No. : 524838/524839

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व विज्ञानमा, हामी विनासमा

✍ डा. पदम राज कलौंनी

विज्ञानको चमत्कार पश्चात् मानव जगत्मा व्याप्त रुढिवादी एवं अन्धविश्वासको आँकडामा कमी आएको देखिन्छ । विज्ञान बौद्धिकता तथा तर्कको परिणाममा भर पर्दछ । तर्क भन्नुको तात्पर्य अनावश्यक परिणामसँग नरहेर परिणाममुखी नतिजा सित सम्वन्धित विषय हो । यसले प्रत्यक्ष प्रमाणलाई अङ्गीकार गर्दछ । नतिजामूलक निष्कर्ष कै कारणले गर्दा विज्ञानलाई विवादमा ल्याउन अपठ्यारो पर्दछ । विज्ञानको उर्लंदो भेलमा वैज्ञानिकहरुको सतत प्रयासको महत्त्वपूर्ण भूमिका रहन्छ । विज्ञानको आडमा मानव विरोधी कार्य पनि प्रशस्त भएका छन् । तैपनि अनुसन्धान, प्रत्यक्ष-प्रमाण र भौतिक रूपमा भइरहेको चमत्कारीपूर्ण आश्चार्यजनक प्रदर्शनीहरुले गर्दा यसका उज्याला पक्षले अग्रगति दिन सक्षम रहेको छ ।

विज्ञानको शक्ति असीमित रुपमा देखिन्छ । यसले अन्धकारबाट मुक्ति दिएको छ । लामो दूरीलाई छोटो पारेको छ । पृथ्वी, जल, नभलाई यसले एउटै स्तम्भमा ल्याएर उभ्याएको छ । वर्तमान युगलाई सफलताको तथा उन्नतिको शिखर युग बनाउनमा विज्ञान नै अग्रपङ्तिमा देखिन्छ । खासगरी अमेरिका, जापान, जर्मनी, रुस तथा बेलायत यसकार्यमा सतत रुपमा लागिपरेका छन् ।

विश्वलाई घरको एउटा कोठामा कैद गर्न खोजिएको छ । विपरीत ध्रुवमा रहेका अनजान तथा कल्पनाभन्दा बाहिर रहेका जीव-जन्तुहरु क्षणभरमा देखिने टेलिभिजनको आविस्कारबाट सारा ब्रह्माण्ड टेबुलमा घन्किन पुगेको छ । आफन्त पराया बीचमा क्षण भरमा विश्वका कुना काप्चाबाट कानेखुशी गर्न सकिने टेलिफोनको सुविधा दिनहुं नयाँ-नयाँ प्रविधि हाम्रा सामु आइपुग्दैछ । घरमा बसि-बसि व्यापार-व्यवसाय गर्न सकिने भएको छ । अध्ययन, अनुसन्धानका कार्यहरु पलंगमा सुतेर गर्न सकिन्छ । वैज्ञानिकहरुको अनुसन्धानात्मक प्रवृत्तिले गर्दा सूर्य, चन्द्र, ग्रह, नक्षत्र, चिकित्सा, वनस्पति, प्राणी, वायु, यातायात आदि विविध क्षेत्रमा विज्ञानको परिणामात्मक प्रगतिले गर्दा हरेक मानिसलाई विज्ञानतर्फ चिन्तन, मनन गरी प्रयोग तथा परीक्षण गर्न करै लगाएको छ ।

वैज्ञानिकहरुले विज्ञानलाई मानवीय एवं जगत्को कल्याणमा समर्पण गरेका छन् । अति खतरामा सूचीकृत गरेका रोगहरुको उपचारलाई सरल एवं सक्षम पारेका छन् । उपचार सम्भव नहुने रोगहरुबाट बाँच्न खोप पद्धतिमा दैनिक रुपमा खोजी, अनुसन्धान भइरहेको छ । हिजो गरिने उपचार पद्धति आजको लागि पुराने हुँदै गएको छ । नेपालभित्रै कोठामा बसेर टेलिभिजन स्क्रिनको माध्यमबाट अन्तर्राष्ट्रिय ख्यातिप्राप्त डाक्टरहरुबाट उपचार गर्न सक्ने प्रविधिको विकासले झन् चिकित्सा क्षेत्रमा नयाँ क्रान्ति थपिसकेको छ । 'दूर स्वास्थ्य सेवा' अहिले नयाँ विद्युतीय प्रविधिमा व्यवहारमा प्रयोग भइसकेको छ । यातायातका साधनहरुको खोजी, सञ्चारका साधनहरुको खोजी, सूचना-प्रविधिको खोजी, चिकित्सा क्षेत्रमा भइरहेको चिकित्सा पद्धति, कृषिमा भएको खोजी आदिले गर्दा ठूलो टेवा मिलेको छ ।

विज्ञानको चमत्कारी संसारमा आश्चर्यजनक उपलब्धिहरुमा नेपालको योगदान के छ ? खोज के छ ? अनुसन्धानको पाटो के छ ? नेपालले अपनाइरहेको शिक्षा, दीक्षाले यस क्षेत्रमा कतिको योगदान खेलिरहेको छ ? तमाम् प्रश्नहरुको खोजी गर्नुपर्ने समय आइसकेको छ । गुरुकुल शिक्षा पद्धतिमा खासगरी गुरुको गरिमा, महिमा ठूलो थियो । गुरुहरु मुखाग्र ज्ञानमा पोख्त हुन्थे । आचार-विचार अनुकरणीय हुन्थे । गुरुले स्वयं आफैं व्यवहारमा गरेर, देखाएर विद्यार्थीहरुलाई पढाउँथे । परीक्षा लिइन्थ्यो । गुरु ज्ञाता हुन्थे । पेशामा समर्पित रहनु उनीहरुको परम कर्तव्य रहन्थ्यो ।

शिक्षा मौलिक अधिकारको रुपमा अपानाइँदै आएको छ । शिक्षालाई रोजगारीमूलक वा गुजारा गर्न सक्ने पद्धतिका रुपमा विकसित गर्नुपर्ने आजको प्रमुख दायित्त्व हो । शिक्षा पूर्ण ग्यारेन्टीको रुपमा राज्यद्वारा प्रदत्त गरिनु पर्दछ । विना भेदभाव उपलब्ध हुन्छ । शिक्षालाई व्यापारको रुपमा सौदावाजी गरेर बेचिनु हुँदैन । शिक्षा रोजगारी , ज्ञानको रुपमा दिइनु पर्दछ । अर्थात् शिक्षा पारदर्शी र पवित्र रुपमा विना रोकटोक सहज प्रकारले सरकारले उपलब्ध गराउन सक्नु पर्दछ । राष्ट्रिय विकासमा शिक्षाले गर्ने अध्ययन, अनुसन्धानवाट सहज रुपमा राष्ट्रिय समस्याहरुलाई समाधानतर्फ उन्मुख गराइनुपर्छ । राष्ट्रले समय अनुसारको शिक्षा पद्धति लागू गरेर जनतालाई अन्धकारबाट मुक्ति दिन सक्यो भने राष्ट्र पनि सबल, सक्षम भएर विकासतर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लम्किन थाल्दछ । तर नेपालले अपनाइरहेको शिक्षा पद्धति रुखो रुपमा सामन्तीप्रथालाई उजागर गर्ने खालको छ । दन्त्य कथाका रुपमा गौतम बुद्ध जन्मे, सीता जन्मिन्, पृथ्वीनारायण जन्मे... आदि को मात्र अनुसन्धान, खोजतर्फ उन्मुख छ। यी विभूतिहरुले देखाएको बाटोमा कसरी अगाडि बढ्ने तर्फ हाम्रो शिक्षा पद्धति उन्मुख नभएर 'उनीहरु' जन्मिदिएकाले हाम्रो धर्ती पवित्र भयो भन्ने भावनाले गर्दा नयाँ सोच र जाँगर पलाउन सकेन। वैज्ञानिक शिक्षा पद्धति लागू गर्न नसकेर देशमा स्थापित सबभन्दा पुरानो त्रिभुवन विश्व-विद्यालय आज हरेक क्षेत्रबाट पुरानो भएर थेग्रिएको छ । नयाँ-नयाँ विश्व विद्यालयहरु नयाँ जोश र सोचका साथ शिक्षालाई अनुसन्धानतर्फ उन्मुख गराएर अगाडि बढिरहेका छन् भने त्रि.वि.वि. बुढा, पुराना र अनुभवी गुरुहरुलाई बुढो भैंसी पाले झैं पाल्न विवस भएरहेको देखिन्छ ।

विज्ञानको चमत्कारिक युगमा दन्त्यकथाका राजकुमारहरु 'वायु पंखी घोडा' कथामा उडाउलान् तर असली वायुयान भने उडाउन सक्दैनन्। सरकारी तथा गैर सरकारी स्कुलहरुमा सरकारको गलत शिक्षा पद्धतिका कारण अनुत्पादक जनशक्तिको उत्पादनले गर्दा शैक्षिक बेरोजगारीको संख्या प्रतिवर्ष बढ्दै गएको छ। शिक्षा क्षेत्रमा राजनीतिको घुसपैठले गर्दा पठनीय वातावरण प्रायः समाप्त भइसकेको छ । यसका अतिरिक्त शिक्षकहरुमा इमान्दारी, कर्तव्यनिष्ठा, समयपालना, नैतिकता आदिको अभाव प्रशस्त देखिने कारणले गर्दा शिक्षा क्षेत्र अराजकताको खाडल तर्फ धकेलिएको छ । विद्यार्थीहरुलाई 'बुद्धिमान्' तथा 'बुद्धु' बनाउनमा गुरुहरुको हात रहन्छ । विद्यालयमा हाजिरी गरेबापत तलब खाने संस्कारले गर्दा पढाइको स्तर झन गिर्दो देखिन्छ। पेशागत संगठनहरुमार्फत शिक्षाक्षेत्रमा आएको अराजकतालाई समाप्त गरी शैक्षिक वातावरण सुधार गर्ने तर्फ बहुमूल्य 'शिक्षा सुधार कार्यक्रम' लागू गर्नु पर्दछ ।

शिक्षालयमा विद्यार्थी र गुरुको आवश्यकता पर्दछ । स्रोत, साधनका अलावा राष्ट्रले अपनाएको राजनीतिक व्यवस्थाले शिक्षालाई प्रभावित पार्दछ । शिक्षकहरु दक्ष, उत्तम र सक्षम भएनन् भने जस्तो सुकै राम्रो शिक्षा प्रणाली लागू गरेपनि त्यसबाट उत्पादन हुने जनशक्ति अनुत्पादक रहन्छन्। शिक्षक, प्राध्यापकहरुका समास्याहरुलाई अनदेखा गरेर पनि शिक्षाबाट प्रगतिको आशा गर्नु मूर्खता रहन्छ। अतः शिक्षा क्षेत्रमा व्याप्त समस्याहरुको अध्ययन अनुसन्धान गरी शिक्षालाई स्वतन्त्र र निष्पक्ष रुपमा हुर्कन दिइनु आजको प्रमुख दायित्त्व हो ।

शिक्षालयहरु अनुशासनका पर्यायवाची हुन् । अनुशासनले स्वप्रेरणा जन्माई स्वविवेकी बनाई कर्तव्यको पथमा लाग्न बाध्य गराउँछ । हाम्रो शिक्षाक्षेत्रमा हेर्दा अनुशासनको अभाव देखिन्छ । विद्यार्थी तथा गुरुहरु अनुशासनलाई अनिवार्य शर्त मान्न तयार छैनन्। 'अनुशासन' मान्ने नमान्ने मानवाधिकाराको विषय बन्न थालेको छ । समानताको पाठ सडकमा ढुङ्गा, मुढा, चक्काजाममा देख्छन् । जिन्दावाद् मुर्दावादमा हौसिएका गुरु-चेलाहरु वैचारिक वादमा आफ्नो शिक्षालाई परिभाषित गर्न पल्केका छन् । आज कयौं गुरु-चेला गोलाबारुद पड्काउनमा मस्त छन् । बन्द र तोडफोडमा अनुसन्धान गरिरहेका छन्। परीक्षामा अभद्र, अशिष्ट भएर पास गर्नेहरु देशको अग्रपङ्तिमा उभिएर आफ्ना कुकर्म समर्थन गर्न देशको शक्ति प्रयोगमा व्यस्त छन्। परिश्रम, मेहनत गरेर 'यस्तो हुन्छ', 'फलानो जस्तो हुनुपर्छ' भन्ने उदाहरणहरु हाम्रो समाजमा कहीं छैन । वरु ढुङ्गा, मुढा बर्साएर, चक्काजाम गराएर ठूलो भइन्छ भन्ने उदाहरण प्रशस्त छन् । झै-झगडा गरेर, चीट चोरेर, गुरुलाई थर्काएर अब्बल दर्जामा पास गर्न सकिन्छ भन्ने प्रेरणा प्रतिवर्ष पाइन्छ । त्याग, तपस्या, गरेर केही हुँदैन, चाकरी, चाप्लुसी, घुसखोरी गर्न-गराउन सके जे पनि हुन सकिन्छ भन्ने दीक्षान्तले गर्दा 'कु' मय भएको छ हाम्रो संसार । दादागिरी र चम्चागिरीको युगमा सत्यता अपनाउनु भनेको जिउँदै मर्नु बाहेक अरु केही देखिँदैन। अन्याय, अत्याचार, भ्रष्टाचारको सञ्जालभित्र 'कु' हरुको प्रेरणा, दया, मायामा बाँचिरहेका छौं। अल्पमतमा रहेका सत्यवादीहरुको सुन्ने, हेर्ने फुर्सद कसैलाई छैन ।

विश्व विज्ञानले ल्याएको बौद्धिकता र परिणाममुखी नतिजामूलक व्यवस्थाभित्र नेपाली जनता 'जसको तरवार उसैको दरबार' भन्दै पुरपुरेवादी भएर बाँचिरहेका छन् । नेपालमा बेलाबखतमा आउने गरेको स्वतन्त्रता, स्वाधीनता केही वर्ग र व्यक्तिको पेवा हुने भएकोले सहिदको बलिदान, त्याग, विश्वास, सत्मार्ग भत्कँदै शिक्षा नेपाली जनताकालागि 'भिक्षा' भएर झोलीमा बर्षन्छ। कुलीन तथा सामन्ती वर्ग वैदेशिक शिक्षालयबाट शिक्षा आर्जन गरेर परम्परागत शिक्षाको सहाराले नेपाली जनताको विनास गर्ने पथमा लम्केका छन् । यस्तै प्रकारका अतीत र वर्तमान हाम्रो नियति भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यापीठ-परिचय

✍ बलराम चटौत
(संस्थापक अध्यक्ष)

"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन"
श्रीमद्भगवद् गीता अ. २-४७

शुद्ध विचार र शुद्ध संकल्प लिएर गरेको काम अवश्य पूरा हुन्छ भन्ने कुराको प्रमाण मैले कतिपय ठाउँमा पाएपनि यो शारदा विद्यापीठले बढी पुष्ट्याईं गरिदिएको छ। २०३८ सालको कुरा हो हाल श्री राधाकृष्ण मुक्तिनाथ मन्दिर निर्माण भएको ठाउँमा खाली दूवोको चौरमा स्यानो झुपडी बनाई स्वामी बृहस्पति गिरि जी धुनी जमाई बस्नु हुन्थ्यो। साधु बस्नुभएको कुरा सुनी म पनि भेट गर्न पुगें। वहाँ आध्यात्मिकताका साथै बढी राजनीतिका कुरा गर्नुहुन्थ्यो। वहाँबाट मैले पाएँ यो ठाउँमा आफ्नो धर्म संस्कृति जगाउन संस्कृत विद्यालय स्थापना गरौं। मेरो पनि माथि ठूला ठूला नेताहरुसँगको सम्पर्क छ भनी आफूसँग बस उठ गर्ने मानिससँग भनेको पाइन्थ्यो। स्व. चूडामणि शास्त्री ज्यू, पुरुषोत्तम जोशी ज्यू, सम्माननीय स्व. भानवहादुर चन्द ज्यू, स्व. भवानसिंह बोगटी ज्यू, पूर्व प्रधानपञ्च धर्मराज जोशी ज्यू, रामसिंह ठकुराठी ज्यू, लगायत १५-२० जना एकत्रित भै संस्कृत विद्यालय स्थापनार्थ मिटिङ गर्न भनी अञ्चलाधीश निवासमा सोही क्षण गयौं। त्यहाँ विशेष छलफल भै सबैको सहमति पाई अञ्चलाधीश ज्यूले मलाई विद्यालय समितिको अध्यक्षमा प्रस्तावित गरिदिनुभयो। मैले असमर्थता जनाए पनि सम्पूर्ण आदरणीय महानुभावहरुको इच्छालाई नकार्न सकिन किनभने संस्कृत विद्यालय स्थापना गर्नुपर्ने ठाउँ शिवधाम क्षेत्र नै धार्मिक स्थल रहेको र सो जमीन निर्माण समिति अन्तर्गत पर्ने हुँदा श्रीमान् अञ्चालाधीश ज्यू नै सो समितिको पदेन अध्यक्ष हुने भएकोले विद्यालयलाई चाहिने जति जमीन पाइने आशा पूरा हुने हुँदा सो अध्यक्ष पद स्वीकार गरी कार्य प्रारम्भ भयो। स्वयं प्रौढ संगठनको अञ्चल सभापति भएको नाताले पनि नगर पञ्चायत, जिल्ला पञ्चायत र नगर विकास समितिबाट राम्रो सहयोग पाइयो। नगर पञ्चायतबाट धर्मराज जोशीज्यू प्रधानपञ्च हुनुभएकोले पनि राम्रै सहयोग पाइयो। स्वामी बृहस्पति गिरिज्यू, चूडामणि शास्त्रीज्यूको सल्लाह अनुसार मसँग सहयोग गर्ने श्री मदनराज पाठकज्यू र श्री कृष्ण प्रसाद निरौलाज्यूको विशेष सहयोग पाइएको थियो। भवन बनाउन, शिलान्यास गर्न अञ्चलाधीश ज्यू, प्रधानपञ्चज्यू सँग मर्यादाक्रम अनुसार अनुरोध गर्दा के कति कारणले हो समय दिन सक्नुभएन र पूज्य चूडामणि शास्त्री ज्यू सेतो लुगामा (वर्षी) हुनुभएकोले वहाँकै आज्ञानुसार मैले यस भवनको शिलान्यास मिति २०४५/३/३० मा गर्ने सौभाग्य पाएको थिएँ। ईश्वरानुकम्पाले यस संस्थामा अध्यक्ष रही विद्यापीठ स्थापना गर्ने सौभाग्य म. सं. वि. वि. का उपकुलपति माधवराज गौतमज्यू बाट पाएँ। वहाँले सहयोग नगरिदिएको भए यो विद्यापीठ यहाँ नभई कैलालीतर्फ हुन्थ्यो। यो योगदान म.सं.वि.वि. का तत्कालीन उपकुलति ज्यू को नै थियो। यो विद्यापीठ अगाडि मेरो मनमा सङ्ल्प आउने गर्दथ्यो कि ठूला-ठूला संस्कृतका विद्वानहरुको जमघट हुनलाई विद्यापीठको स्थापना हुनु नै उपयुक्त होला। जस्तै राजहंसको जगेर्ना गर्न ठूलै सरोवर निर्माणबाट कल्पना पूरा हुनसक्छ। म.सं.वि.वि. ले यस संस्थालाई विद्यापीठको स्वीकृति दिनु अगाडि श्री शारदा वेद विद्यालयका नाउँले पठन पाठन गराइन्थ्यो।

त्यसपछि २०४८ चैत्र १२ गतेमा महेन्द्र संस्कृत विश्व विद्यालयले विद्यापीठको स्वीकृति दिइ सकेपछि विद्वान् आचार्य श्रीमान् श्रीधर पन्त ज्यू नै यस शारदा विद्यापीठको प्रथम प्राचार्य पदमा नियुक्त भई पाल्नुभयो र मिति २०४८ चैत्र १४ गते देखि उपस्थित भई विद्यापीठको कार्यसञ्चालन गर्नुभयो। वहाँकै पालामा म.सं.वि.वि.को आर्थिक सहयोगमा छात्रावासको सराहनीय निर्माण कार्य सम्पन्न भयो। नगर विकास समिति र जिल्ला विकास समितिको सहयोगमा ६ कोठे शिक्षण भवनको कार्य समेत पूरा भयो।

वहाँको कार्यकाल पूराभइसकेपछि दोस्रो प्राचार्यको रुपमा श्री पदमप्रसाद भट्टराई ज्यू आउनुभयो। मिति २०५४/४/१६ देखि वहाँले प्राचार्य पद सम्हाल्नुभयो। वहाँको कार्यकालमा शास्त्री कक्षा सञ्चालन हुनुका साथै शिक्षा शास्त्र बी. एड. (१ वर्षे) कक्षा पनि स्वीकृति प्राप्त भयो। जसरी विद्यापीठ विकास समितिका तत्कालीन अध्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री अन्तराम भट्ट ज्यू को सक्रियतामा ४ कोठा विद्यापीठ भवन निर्माण भएर विद्यापीठले ६ कोठामा अध्यापन गराउने र कार्यालय सञ्चालन गर्ने सौभाग्य पायो त्यस्तै गरी विकास समितिका वर्तमान अध्यक्ष श्री यज्ञराज जोशी ज्यूको सक्रियतामा विद्यापीठको दुईतले पक्की भवन निर्माण कार्य सम्पन्न भएको छ। हाल प्राचार्य श्री मोतीराम पनेरु ज्यू को कार्यकालमा विद्यापीठको बाटिका निर्माण कार्य भइरहेको छ र पठन पाठन राम्रै चलिरहेको छ। वी.एड. कक्षाको परिणाम र संस्कृत कक्षातिरको परिणाम समेत राम्रै रहेको छ। विद्वान् गुरुहरुले पढाएका छात्र-छात्राहरु आचरणवान् पाइएका छन्।

महेन्द्र संस्कृत विश्वविद्यालयबाट सुदूरपश्चिममा सञ्चालित यस शारदा विद्यापीठमा हाल जमीन पनि प्रशस्त छ। तसर्थ स्थापना कालदेखि नै मैले म.सं. विं. वि. बाट पाएको बाचा आश्वासन अनुसार यहाँ आयुर्वेदिक कलेजको स्थापनार्थ स्वीकृति प्राप्त हुनुपर्छ भन्ने मेरो अनुरोध छ। यस विद्यापीठले स्थानीय जिल्लाबासीका साथै सम्पूर्ण अञ्चलकै सहयोगको अपेक्षा राखेको छ। यस विद्यापीठमा भौतिक संरचना थोरै भएपनि यस बाट अत्यधिक लाभ धेरै ठूलो मात्रामा प्राप्त भइरहेको छ। यसले हाम्रो समाज र राष्ट्रलाई ठूलो योगदान दिनेछ।

"अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ।।

श्रीमद्‌भगवत् गीता १०/३२

ने. प्रा. संघ शारदा विद्यापीठ एकाइ समितिको तर्फबाट प्रकाशित हुने "शारदा सौरभ" नामगरेको वार्षिक पत्रिका मार्फत मेरो विनम्र सुझाव र अनुरोध यो छ कि जहाँ पनि देशभित्र यस किसिमका विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतका विद्यापीठहरु छन्, त्यहाँका छात्र-छात्राहरु गुरुवर्ग वा कर्मचारी लगायत सबैले यस्ता पवित्र संस्थाभित्र मर्यादित रही कुनै सभा समारोह गर्दा वा केन्द्रबाट कुनै अतिथि आउँदा पनि धूम्रपान, मद्यपान र हिंसा हुने कुरा सर्वथा बर्जित गरी मर्यादा स्थापना भए देशलाई ठूलो मार्गदर्शन हुनेछ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।

स यत् प्रमाणं कुरूते लोकस्तवद्नुवर्तते ।।

श्रीमदभगवद् गीता३/२१

नव वर्ष २०६२ को सुखद् उपलक्ष्यमा

सम्पूर्ण शिक्षक, अभिभावक तथा विद्यार्थी-वर्गमा

उत्तरोत्तर प्रगति तथा दीर्घायुको हार्दिक मङ्गलमय

शुभ-कामना व्यक्त गर्दछौं ।

श्री त्रिभुवन कुमार भट्ट

(प्रिन्सिपल) तथा

रेडियन्ट उच्च मा. वि. परिवार

महेन्द्रनगर, कञ्चनपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानव र वातावरण

✍ पदम बहादुर महत

वातावरण त्यो परिवृत्त हो, जसले मानव जीवनको हरेक क्रियाकलापलाई प्रभाव पारिरहेको हुन्छ। यसै सन्दर्भमा वातावरणको अर्थ स्पष्ट गर्ने उद्देश्यले फिटिङ्ग भन्दछन्- "वातावरणको अर्थ जीवलाई प्रभाव पार्ने तत्त्वहरुको कुलयोग हो।" तासलेको भनाइ अनुसार "प्रभावकारी अवस्थाहरुको त्यो सम्पूर्ण योग जसमा जीव रहन्छन्, त्यसलाई वातावरण भनिन्छ।" हर्सको विट्जको भनाई अनुसार वातावरण त्यो समस्त बाहिरि अवस्थाहरु र प्रभावहरुको योग हो, जसले प्राणीको जीवन र विकासमा प्रभाव पार्दछ।

उक्त परिभाषाहरुका आधारमा वातावरणलाई साधारण रुपमा स्पष्ट गर्नुपर्दा वातावरण त्यसलाई भनिन्छ, जसले वस्तुलाई नजिकबाट हेर्नुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ।

वातावरण भूगोल विषयको आफ्नो विषय क्षेत्र हो। यसले यस विषयको अध्ययन गर्दा पृथ्वीमा प्राप्त विविध भौगोलिक प्रदेश र मानव वर्गबीच गहन अध्ययन गर्दछ।

डेविसको भनाइ अनुसार मानवका सन्दर्भमा भौगोलिक वातावरणको अभिप्राय भूमि या भौतिक स्वरुपसँग सम्बन्धित छ, जसमा मानव रहन्छन् र उनीहरुको आदत र साधन, माटोको प्रकृति, जलवायु, वनस्पति, प्राकृतिक सम्पदा, जल र स्थलको वितरण, पर्वत, मैदान, पशु र सृष्टिसँग सम्बन्धित सबै शक्तिहरु पर्दछन्। यस अर्थमा वातावरणलाई स्पष्ट गर्नु पर्दा मानवको त्यो परिवेश हो जसले उसको क्रियाकलापहरुलाई प्रभावित पारिरहेको हुन्छ। यस प्रकार प्रभावित वातावरणलाई खासगरी दुई खण्डमा विभाजन गरिएको छ :

१) भौतिक वा प्राकृतिक वातावरण
२) सांस्कृतिक वा मानवनिर्मित वातावरण

१. भौतिक वा प्राकृतिक वातावरण :

शक्ति, प्रक्रिया र तत्त्व आदिले भौतिक वा प्राकृतिक वातावरण निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन्।

क) भौतिक वातावरणका शक्तिहरु:

यस शक्ति अन्तर्गत पृथ्वी, आकाशीय पिण्डहरु, गुरुत्वाकर्षण बल, ज्वालामुखी, भू-कम्प, पर्वत निर्माणकारी शक्ति, सौर्यताप, वायुमण्डलीय शक्ति र महासागरीय शक्ति पर्दछन्। यी सबै शक्तिहरुको सम्मिलित शक्तिबाट क्रिया-क्रियाबाट विभिन्न तत्त्वहरु उत्पन्न हुन पुग्दछन्, जसको प्रभाव मानव जीवनमा पर्दछ।

ख) भौतिक वातावरणका प्रक्रियाहरु :

ताप विकिरण, ताप सञ्चालन, संवाहन, वायु र जलमा उत्पन्न गति, अणु सक्रियता अनावृत्तिकरण, ऋतु, अपक्षय, निक्षेप, जीवको जन्म, मरण र विकास आदि पर्दछन्। यी सबैको प्रभाव मानव क्रियाकलापमा पर्दछ।

ग) प्राकृतिक वातावरणका तत्वहरु:

शक्तिका कारण प्रक्रियाको विकास र शक्ति तथा प्रक्रियाका कारण तत्त्वको उत्पत्ति भएको हुन्छ। यस प्रकार उत्पन्न तीन प्रकारका तत्त्वहरु अन्तर्गत (अ) भाववाचक तत्त्व (आ) भौतिक तत्त्व (ई) जैविक तत्त्व पर्दछन्।

(अ) भाववाचक तत्त्व अन्तर्गत प्रदेशको ज्यामितीय स्थिति, प्राकृतिक स्थिति, भौगोलिक अवस्थिति, क्षेत्रफल, विस्तार र आकार पर्दछन्।

(आ) भौतिक तत्त्व अन्तर्गत स्थलाकृति, मौसम र जलवायु, माटो, खनिज, नदी, जलाशय, भूमिगत जल र महासागर आदि पर्दछन्।

(ई) जैविक तत्त्व अन्तर्गत प्राकृतिक वनस्पति, जीव, जन्तु र सूक्ष्म जीव आदि पर्दछन्। माथि प्रस्तुत सबै संयुक्त योगफलबाट भौतिक वातावरणको निर्माण हुन्छ। यसैलाई भौतिक वा प्राकृतिक वा प्राथमिक वातावरण भनिन्छ। यी सबै मानवीय क्रियाकलापबाट स्वतन्त्र छन् तर मानवका लागि वरदानको रुपमा प्रस्तुत भएका छन्।

२. सांस्कृतिक वा मानव निर्मित वातावरण :

शक्ति प्रक्रिया र तत्त्वहरु सांस्कृतिक वा मानव निर्मित वातावरणको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। यिनीहरुलाई निम्न अनुरुप दिइएको छ -

क) सांस्कृतिक वा मानव निर्मित वातावरणका शक्तिः

मानव समाज एक सजीव र क्रियाशील एकाइ हो। मानव वातावरणको अङ्ग नभएर एक स्वतन्त्र भौगोलिक तत्त्व हो, जसले सांस्कृतिक वातावरणको जन्म गराउँछ। तसर्थ मानव स्वयं एक सांस्कृतिक वातावरणको शक्तिको रुपमा पर्दछ, जस अन्तर्गत क्षेत्रको जनसंख्या, घनत्त्व,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण, स्त्री, पुरुष अनुपात, आयु, वर्ग, स्वास्थ्य, मानसिक क्षमता, जनसंख्या वृद्धि आदि पर्दछन् ।

ख) सांस्कृतिक वा मानव निर्मित वातावरणको प्रक्रिया:

सांस्कृतिक वा मानव निर्मित प्रक्रियाले मानववर्ग बीचको सामाजिक पक्षलाई समायोजन स्थापित गराउँदछ, जस अन्तर्गत पोषण, सामाजिकीकरण, पुनः-उत्पादन, प्रभुत्त्व स्थापना, प्रवास, समायोजन र विशिष्टीकरण आदि पर्दछन् ।

ग) सांस्कृतिक वा मानव निर्मित वातावरणको तत्व:

सांस्कृतिक वा मानव निर्मित वातावरणका तत्त्व अन्तर्गत मानव निर्मित वस्तुहरु, भू-दृश्य, व्यवसाय, संस्था, प्रथा, कला, विज्ञान, यन्त्र, उद्योग, प्रविधि आदि पर्दछन् । यसलाई पनि प्रारुपका आधारमा निम्न प्रकारले छुट्याइएको छ :-

अ) जैविक आवश्यकता प्रारुप अन्तर्गत भोज्य, पेय, वस्तु, वस्त्र र निवास पर्दछन् ।

आ) आर्थिक व्यवसाय प्रारुप अन्तर्गत अर्थ उपार्जनका सबै पक्षहरु पर्दछन् ।

इ) शिल्प विज्ञान प्रारुप अन्तर्गत यन्त्र, उपकरण, परिवहन र गतिशील साधनहरु पर्दछन् ।

ई) सामाजिक संगठन प्रारुप अन्तर्गत सहकारिता, सामाजिक प्रथा, व्यवहार, नियम, सामाजिक आदर्श र मान्यताहरु पर्दछन् ।

माथि उल्लिखित वातावरणका शक्तिहरु, प्रक्रियाहरु र तत्त्वहरु एक अर्कावीच पृथक् देखिए तापनि यिनीहरु आपसमा एक यौगिक परिस्थिति (*Composite Situation*) कायम गर्नुका साथै परस्पर एकले अर्कोलाई प्रभाव पारिरहेका हुन्छन् । विज्ञानले गरेको उपलब्धिको कारण मानव र वातावरणबीचको अन्तर-सम्बन्धमा अफ वढी घनिष्ठता बढ्दै गएको छ । मानव भूगोलको सबै घटनाहरु भौगोलिक वातावरणहरु सूग सम्बन्धित छन् । अत: मानव भूगोलको स्थल रुप शरीरको हृदय मानव हो । यसका साथै यी सबैको अन्तरसम्बन्धको आकर्षणको केन्द्र पनि मानव नै हो ।

सन्दर्भग्रन्थ :

१. *Sharma P.D. !1975, Element of Ecology. Meerut :Rastogi Publication*

२. *कौशिक, एस. डी. १९८१, भौगोलिक विचारधारायें एवं विधि-तन्त्र, मेरठ रस्तोगी पब्लिकेशन ।*

३. *जैन, एस. एम. १९९०, भौगोलिक भूगोल, आगरा : साहित्य भवन ।*

४. *यामोरिया, चतुर्भुज, १९९०, मानव भूगोल, आगरा : साहित्य भवन ।*

भर्ना खुल्यो !

शारदा विद्यापीठ (सँस्कृत क्याम्पसमा) ५ महिने सँस्कृतभाषा प्रशिक्षणको भर्ना खुलेकोले उक्त तालिममा भर्ना हुन चाहने छात्र/छात्राहरुले यही २०६२ वैशाख २५ गतेभित्र सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

न्यूनतम योग्यता : एस. एल. सी. वा टेस्ट पास (टेष्ट पासको हकमा भाषा प्रशिक्षण पास गरे पनि उत्तरमध्यमा अध्ययनको लागि एस.एल.सी. पास गर्नु पर्नेछ)

भाषा प्रशिक्षणमा उत्तीर्ण गरी उत्तरमध्यमा (I.A.) प्रथम वर्षमा भर्ना हुने विद्यार्थीको लागि सुविधाहरू- निःशुल्क पाठ्यपुस्तक तथा छात्रावास ।

छात्रवृति -	विभिन्न जनजाति र दलित छात्र छात्राहरूलाई	रू. १,०००/-
	छात्राहरूलाई	रू. ५५०/-
	छात्रहरूलाई	रू. ४५०/-

प्राचार्य

शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुर

फोन नं. : ५२१०६१ (विद्यापीठ प्रशासन)

५२२७२४ (प्राचार्य निवास)

५२४३३७ (सहायक प्राचार्य निवास)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यकार बी. पी. कोइरालाको सामान्य परिचय र 'नरेन्द्र दाइ' उपन्यासको विश्लेषण

हरिशचन्द्र भट्ट 'बन्धु'
उपप्राध्यापक
त्रि. वि. प्रा. सं. सि. ब. क्याम्पस
सभापति एकाइ समिति

आधुनिक नेपाली कथाको इतिहासमा मनोवैज्ञानिक सर्जकका रुपमा उदित तथा प्रतिष्ठापित साहित्यस्रष्टा बी.पी. कोइरालाले नवीन सामाजिक वैचारिक उपन्यासहरु लेखी सफल उपन्यासकार व्यक्तित्त्वको परिचय दिएका छन् । महामानवका नामले सुपरिचित नेपाली जगत्का मात्र नभई विश्व स्तरीय रूपमा आफ्नो दुई राजनैतिक र साहित्यिक अस्तित्त्व कायम गरेका महान्तम व्यक्ति मध्ये एक वी.पी. कोइरालाको जन्म वि.सं. १९७१ भाद्र २४ गते बनारसमा भएको थियो । बी.ए., बी.एल. सम्म अध्ययन गरेका कोइरालाको जीवनको धेरै अंश भने राजनीतिक क्रियाकलापमा संलग्न भएर बित्यो । बनारसमा रहँदा वहाँ अंग्रेज विरोधी अभियानमा लाग्दा जेल समेत पर्नुभयो । साथै राजनीतिका अन्य मुकामहरुमा वि.सं.२००३ सालमा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसका संस्थापक संयोजक, वि.सं. २००४ सालमा नेपाली राष्ट्रिय कांग्रेसका कार्यवाहक सभापति र वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेसको संस्थापक जस्ता गरिमामय पदमा रहेर नेपालमा २००७ सालको जनक्रान्ति सफल तुल्याउनमा कोइरालाको अद्वितीय नेतृत्त्व र योगदान रहेको कुरा कसैबाट पनि लुकेको छैन । परिणाम स्वरुप वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्ति पछि पहिलो पटक गृहमन्त्री र वि.सं. २०१६ सालमा प्रथम जननिर्वाचित प्रधानमन्त्री हुने सुवर्ण अवसर समेत कोइरालाले प्राप्त गर्नुभयो । राजनीतिक व्यक्तित्त्व जत्तिकै प्रभावशाली साहित्यिक व्यक्तित्त्व पनि कोइरालाको छ । सानै उमेरदेखि साहित्य लेखनमा सक्रिय रहने साहित्यकार कोइराला खासगरी कथाकार र उपन्यासकारका रुपमा नेपाली साहित्यको उच्चस्थानमा स्थापित छन् । कथाकारका रुपमा 'चन्द्र बदन' वि.सं. १९९२ र उपन्यासकारका रुपमा 'तीन घुम्ति' वि.सं. २०५५वाट यिनले यस यात्रालाई अङ्कमाल गरेको देखिन्छ । प्रारम्भमा हिन्दी भाषावाट साहित्य लेखन कार्य शुरुगरे पनि पछि गएर नेपालीत्वप्रति जिम्मेवारी बोध भए पश्चात् यिनले मूलतः नेपाली आख्यान साहित्यमा निरन्तर कलम चलाएको पाइन्छ । अतः कोइरालाको औपन्यासिक यात्राको प्रारम्भ भने वि.सं.२०२५ सालमा प्रकाशित 'तीन घुम्ती' उपन्यासबाट भई लेखनयात्राको विराम भने वि.सं. २०४५ सालमा प्रकाशित बाबु, आमा र छोरा उपन्यासमा आइपुग्दासम्म कायम हुन्छ । यस बीचमा कोइरालाका अन्य प्रमुख उपन्यासहरु पनि प्रकाशित भएका छन् जसमा 'नरेन्द्र दाइ' वि.सं. २०२७, 'सुम्निमा' २०२७, 'मोदी आइन' २०३६, र 'हिटलर र यहुदी' २०४२ रहेका छन् । यसरी हेर्दा वि.सं.२०१७ देखि २०२५ सालसम्मको कारावास जीवनलाई कोइरालाको साहित्यिक उपलब्धिको महत्त्वपूर्ण समयका रूपमा लिन सकिन्छ । आफ्नो मृत्यु वि.सं. २०३९ सम्म यिनले नेपाली साहित्य र राजनैतिक क्षेत्रमा ठूलो गुन लगाएको कुरा कसैबाट लुकेको छैन । खासगरी मनोवैज्ञानिक विश्लेषणात्मक रुपमा पात्रको चरित्राङ्गनलाई महत्त्व दिएर नामकरण गरिएका यिनका उपन्यासहरुमा सामाजिक, सांस्कृतिक र पौराणिक सन्दर्भलाई आधारका रुपमा स्वीकारेको पाइन्छ । मनोविश्लेषणात्मक प्रस्तुतिका साथै सरलता, सहजता, संक्षिप्तता, गम्भीरता कोइरालाका औपन्यासिक विशिष्टता नै हुन । मानव हैसियतलाई कलामूल्य प्रदान गरेको पनि कोइरालाका उपन्यासमा भेटिन्छ । प्रस्तुत 'नरेन्द्र दाइ' उपन्यास लघु आकार र छरितो संरचनामा प्रस्तुत भएको छ । यस उपन्यासको बाह्य संरचनालाई हेर्दा यसमा घटनाक्रमहरु तीन खण्ड र ७८ पृष्ठमा समेटिएका छन् । मानवीय नियतिलाई कलात्मकता प्रदान गरेर लेखिए सफल वैचारिक उपन्यास हो ' नरेन्द्र दाइ' । यो उपन्यास यथार्थ घटनामा आधारित छ । पहिलो र दोस्रो खण्ड लामा छन् भने तेस्रो खण्ड ज्यादै छोटो छ । पहिलो खण्डमा सानोबाबुका बाल्यकालीन स्मरण नरेन्द्र, गौरी र मुनरियाका सम्बन्ध बारेको कुरा आएका छन् र मुनरिया सँग नरेन्द्र गाउँबाट भागेपछि प्रथम खण्ड समाप्त हुन्छ । दोस्रो खण्डमा सानोबाबुको बनारसमा मुनरियासँगको भेट, नरेन्द्र क्षय रोगले ग्रस्त हुँदा मुनरियाले नरेन्द्रसँगका सुख, दुःखपूर्ण वार्तालापको अवस्था आदिको वर्णन गरिनुकासाथै केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समयपछि नरेन्द्रको नेपाल फर्काइ हुँदा गौरीसँग पुनः प्रेम -मिलन र मृत्यु देखाइएको छ भने तेस्रो खण्डमा गौरी बहुलाएर पछि वीरगञ्ज स्थित आफ्नो माइती पुऱ्याउन विहे गरेर बसेको कुरालाई उल्लेख गरिएको छ ।

अतः कथानकका घटनाक्रमहरुलाई हेर्दा पहिलो महत्वपूर्ण घटना विवाहिता पत्नी गौरीलाई मन नपराएर आफ्नै घरकी नोकर्नी मुनरियालाई नरेन्द्रले प्रेम गर्न थाल्नु देखिएको छ । मुनरिया आफूभन्दा तल्लो जानकी भएपनि नरेन्द्र त्यस प्रति आकर्षित हुन्छ । पूर्वी नेपालको तराईमा बसोबास गर्ने जमिन्दारको छोरो नरेन्द्रको इच्छा विरुद्ध कप्तान बुबाले गौरी नामकी केटीका साथ विहे गरिदिएका छन् । नरेन्द्र आग्लो आकर्षक शरीर भएको व्यक्ति हो, जसलाई देखेपछि गाउँका केटाकेटी सतर्क हुन्छन् । गाउँमा प्रचलित अन्धविश्वास तथा छुवाछुतको विरोध गर्ने प्रवृति नायक नरेन्द्रमा देखिन्छ । यसको उदाहरण मुनरियासँग नरेन्द्रले गरेको प्रेमबाट स्पष्ट हुन्छ । वास्तवमा उपन्यासकी नायिका गौरीको शारीरिक अङ्ग विकासको अभावले नरेन्द्रमा यौन विकर्षण सृजना भएको छ । आफ्नो यौनेच्छा पुरागर्न वा यौन विकर्षणलाई सान्त्वना दिन नरेन्द्र नोकर्नी मुनरियासँग प्रेम गर्छ र उसलाई लिएर बनारस सम्म जान्छ । र, क्षयरोगले ग्रस्त हुँदा मुनरियालाई त्यहीं छोडेर घर फर्कन्छ । नरेन्द्र दाइ उपन्यासमा स्वीकारिएको घटनालाई कोइरालाले पात्रको दोष ठानेका छैनन् । यसलाई मानव नियति मानेका छन् । हुन पनि हो यस उपन्यासको प्रमुख पात्र नरेन्द्र, गौरी र मुनरिया एक आर्कालाई सुखसँग जीवित रहन दिदैनन् र स्वयं पनि बाँच्न सक्दैनन् । आतः यसलाई मानवीय स्वभाव नभनेर मानवीय नियति मान्न सकिन्छ । यौन तृप्तिको बाध्यता र तृप्तिका खोजमा जीवनले भोग्नुपर्ने कारुणिक यथार्थतालाई यस उपन्यासमा मूल कथ्य बनाइएको छ । यौनवृत्तिले जीवनमा अन्यवृत्तिको भन्दा बढी प्रभाव पार्छ । यसको सदुपयोग र सन्तुष्टि जीवन हो भने दुरुपयोग र असन्तुष्टि नै मृत्यु हो भन्ने फ्रायडवादी विचार यस उपन्यासका उपन्यासकारको आदर्शका रुपमा स्वीकृत भएको छ । भौतिक प्रेममा सन्तुष्टि मिलेन भने आत्मद्वारा गर्न खोजिने प्रेम फितलो हुनपुग्छ । नरेन्द्रलाई गौरी आत्मीय दृष्टिकोणले अत्यन्त प्रेम गर्छे तर उसको सहवासदेखि बञ्चित हुनुपरेकोमा विक्षिप्त पनि हुनपुग्छे । पति-पत्नी वा प्रेमी-प्रेमिकामा शारीरिक सन्तुलन अनिवार्य सुहाउँदो हुनुपर्दछ । लगभग उचाइमा र स्वभावमा डरलाग्दो व्यक्तित्व नरेन्द्रका लागि होची, पातली अमिल्दा पक्ष हुन् । पहिलो रात्रीमा गौरीसित सहवास गर्न जाने नरेन्द्रलाई समागम गर्न अयोग्य गौरीको क्षमायाचना नै जीवनभरि एक-अर्कालाई अलग्याउने कारण भइदिन्छ ।

मान्छेले आफूले चाहेजस्तै आफ्नो जीवन बनाउन पाउँदैन । व्यक्तिका हातमा जति आफ्नो जीवन बनाउन सक्ने सम्भावना हुन्छ त्यति नै नियतिले दिएको बाध्यता पनि रहन्छ । पत्नीहरुले आदर्शको खेती गरेर व्यभिचारी व्यक्तिलाई पनि पतिदेव मान्नुपर्ने बाध्यता छ । जीवनको सार्थकता संघर्ष मात्र हुँदैन, जीवन निष्कर्षमा संघर्ष, छटपटी र बँचाइमात्र हो । कुनै त्रुटि, कमी, वा पापकर्म यहाँ दुःखका कारण हुन नहुन दुवै सक्छन् । समाज इच्छाभन्दा व्यक्ति इच्छा ठूलो हो । व्यक्तिका इच्छामध्ये यौनेच्छा अत्यन्त प्रबल हुन्छ । सन्तुलित रुपले वाह्य व्यवहार र आन्तरिक यौनाकाङ्क्षालाई अगाडि बढाइएन भने जीवन बर्बाद हुन्छ, समाज असन्तुलित हुन्छ र मर्यादा इज्जत एवं संस्कार अनि परम्पराको कुनै अस्तित्त्व रहँदैन । यस उपन्यासको मूल उद्देश्य अस्तित्त्वबोध र शून्याता वा निस्सारता बोधलाई देखाउनु हो । जीवन, आफ्नो स्वतन्त्रता र अस्तित्त्व रक्षाका लागि अघि बढ्छ । अनि जन्मिदै मृत्युलाई उपहारजस्तो स्वीकार गरेर आउने जीवन अन्ततः बालुवाको घर झैं अर्थहीन अवस्थामा पुगेर समाप्त हुन्छ । यही अस्तित्त्ववादी र विसङ्गतिवादी जीवनदृष्टिको प्रकाशन गर्नु नै यस उपन्यासको उद्देश्य हो भन्न सकिन्छ । नेपालको तराई प्रदेशीय वातावरणको मनमोहक चित्र यस उपन्यासमा प्रस्तुत छ । नेपाली माटो, परिवेश, सजीव चरित्र-चित्रण, गम्भीर मानसिक द्वन्द्व , सरल, सरस, र गेयात्मक प्रस्तुति यथार्थ र कलागत तटस्थताले गर्दा 'नरेन्द्र दाइ' उपन्यास गौरवपूर्ण कलाकृति सिद्ध भएको छ । खासगरी यसको निर्माण पक्ष ज्यादै सन्तोषजनक छ । किनकि यसमा मनोवैज्ञानिकता प्रशस्त मात्रमा छ । समग्रमा भन्नुपर्दा उपन्यासको प्रस्तुति अत्यन्त कलात्मक छ । यथार्थ, आदर्श, अस्तित्त्व र विसङ्गतिको बाहकका रुपमा यो रहेको छ । व्यक्ति - व्यक्तिको जैविक अनुभूति रदुःखान्त तथा कारुणिक जीवन दर्शनका रुपमा यसलाई लिन सकिन्छ ।

अस्तु !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिकवाद र अध्यात्मविद्या

✍ मोतीराम पनेरू
वर्तमान प्राचार्य

प्रत्येक मानव आफू सुखी रहन अनेक प्रयत्न गरिरहेको हुन्छ तर जति जति सुखको लागि ऊ भौंतारिन्छ त्यति नै दुःख पनि उसलाई भएको हुन्छ। दैहिक, दैविक र भौतिक यी तीन प्रकारका दुःखहरुले सबै प्राणीलाई सताए कै हुन्छन्। संसारमा जति ऐश्वर्य भए पनि मानव सन्तुष्ट देखिँदैन र ऊ झन्झन् असन्तुष्ट हुँदै गएको देखिन्छ। कसैलाई छोराछोरीको दुःख छ। कसैलाई दुच्छर्नी स्वास्नीको दुःख छ। कसैलाई प्रचुरधनसम्पत्तिको पीरले सताएको छ। कसैलाई आफ्नो रोगग्रस्तशरीरको दुःख छ भने कसैलाई शत्रुहरुबाट भय छ। वास्तवमा भन्नुपर्दा कुनै पनि मानव सुखी छैन। म मात्र खाऊँ, म मात्र लाऊँ, म मात्र विद्वान् हुँ अरु होइनन् म मात्र कुलीन हुँ अरु त मान्छे नै होइनन् भन्ने यस्तो नीचभावनाले मान्छे यदि संसारमा बाँच्छ भने त्यो त्यसको बाँचेको नै होइन।

मानवजीवन केका लागि प्राप्त भएको हो ? धर्म के हो ? अधर्म के हो ? कुन कर्मद्वारा मानवमात्रको कल्याण हुन्छ यी र यस्ता अनेकौं प्रश्नहरु मानवसामु तेर्सिएका छन्। जीवन अत्यन्त मूल्यवान् छ। गएको समय फेरि फर्केर आउँदैन तैपनि हामी अहंभावले मस्त छौं। आफूलाई हामी महान् भन्छौं तर महान् कसलाई र कसरी भन्ने ? अर्कालाई दुनियाँभरका उपदेश दिएर आफू कर्तव्यच्युत भएका व्यक्तिको संख्या आज धेरै छ। ठूलो हुनु र कुनै सम्मानित पद पाउनु त्यति महत्त्वपूर्ण होइन। जति महत्त्वपूर्ण काम पदको गरिमालाई जोगाउनुमा हुन्छ त्यति पाउनुमा हुँदैन। आजको मानवले विज्ञानको आडमा प्राकृतिक नियमहरुको समेत उल्लङ्घन गरेको छ। तर एकोहोरो विज्ञानको अन्धभक्तिले कदापि शान्ति प्राप्त हुँदैन। "ज्ञानविज्ञानतृप्तात्मा स शान्तिमधिगच्छति।" अर्थात् विज्ञानको साथसाथै अध्यात्मज्ञानको पनि खाँचो हुन्छ। त्यसैले त विद्याहरुमा सर्वश्रेष्ठ विद्या अध्यात्मविद्या नै हो भनेर गीतामा भगवान् श्रीकृष्ण उद्घोष गर्नुहुन्छ। यो भौतिक शरीर भनेको ईश्वरको एउटा पवित्र-मन्दिर हो। यसलाई जति सफा राख्न सक्यो त्यति नै अनन्त शक्तिको ऊर्जा प्राप्त हुन्छ। यस्तो विशुद्ध शक्ति प्राप्त गर्न न त आजका बोर्डिङ् स्कुलहरु सक्षम छन् न कुनै अन्य विद्यालय महाविद्यालयहरु। खास विद्या त्यो हो जो विमुक्तिका लागि होस्। तर आजको अर्थकरी विद्यामा त्यति सामर्थ्य छैन। गुरुकुलपरम्परा लुप्त-प्रायः नै छ। आहारविहार ठीक छैन। संयमको अभाव छ। जतिजति अनुसन्धानादि कार्य छन् प्रायः त्यति त्यति मौलिकपक्षहरुबाट वञ्चित छन्। प्राचीन-ग्रन्थहरुको अध्ययन-अध्यापनमा दिनानुदिन ह्रास भएको छ।

संस्कृतवाङ्मयको संरक्षण गर्न खोलिएको महेन्द्रसंस्कृतविश्वविद्यालयले प्राचीनग्रन्थहरुको संरक्षण गर्दै वर्तमानयुगसँग पनि समन्वय राख्न खोजेको छ, तर उसका अगाडि थुप्रै समस्या र चुनौतीहरु छन्। अहिले विभिन्न समस्याका कारणले संस्कृतशिक्षालाई विस्तारित गर्न र संस्कृतनिष्ठ ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गर्न अत्यन्त कठिनाइ परेको छ।

उदाहरणार्थ प्रबलरुपमा यी समस्याहरु देखिन्छन्।

(क) भौतिक-समस्या
(ख) मानवीय-समस्या
(ग) मानसिक र मनोवैज्ञानिक - समस्या
(घ) आधुनिक-युग र सभ्यताजन्य-समस्या
(ङ) संस्कृतजनशक्तिको न्यूनता
(च) भाषागत-समस्या
(छ) संस्कृतभाषामा निहित अमूल्य ज्ञानविज्ञानको उपेक्षा
(ज) प्राथमिक र माध्यमिक-शिक्षाको विस्तार हुन नसक्नु

यी उपर्युक्त समस्या बाहेक अरु पनि थुप्रै समस्या छन्। संस्कृतभाषा सम्पन्न-व्यक्तिले पढ्ने भाषा हो, तर वर्तमानयुगमा ठीक त्यसको विपरीत अर्थ लगाइएको देखिन्छ। धनीमानीले संस्कृत पढ्दै नपढ्ने जुनप्रवृत्ति छ त्यसले पनि संस्कृतको पठनपाठनमा कमी आएको देखिन्छ। प्रत्येक परिवारमा, कार्यालयहरुमा, देशमा विश्वमा नै आज अनुशासनहीनता र जुन उद्दण्डता देखापर्दैछ त्यो सबै अज्ञानताको परिणाम हो। समग्रमा भन्नुपर्दा संस्कृतभाषाको गहिरो अध्ययन विना मानवजीवन अपूर्ण हुने हुँदा सरकारले पनि संस्कृतलाई पल्लवित र पुष्पित बनाउन एउटा छुट्टै व्यवस्था गर्नुपर्दछ। महेन्द्रसंस्कृतविश्वविद्यालयलाई धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै अप्ठ्याराहरु छन् । पुराना अनुभवी विद्वान्हरुबाट धेरै कुराहरु लिनुपर्ने देखिन्छ । संस्कृतभाषाको अध्ययनार्थ नयाँ पुस्ताले निकै कठिनतपस्या गर्नु पर्ने देखिन्छ । संस्कृतभाषाले विखण्डन ल्याउने होइन । त्यसले त "वसुधैव कुटुम्वकम्" को उदात्तभावना जागृत गर्ने हो । विश्वका विकसित देशहरुमा संस्कृतभाषाको गहकिलो अनुसन्धान भैरहेकोछ । तर हामी वाहुन, क्षेत्री, नेवार, राई, लिम्बू, दलित र महिलाहरुको हकहित मैं सीमित भई अलमलिएका छौं । वेदले सर्वप्रथम आकाशमा, पृथ्वीमा, वायुमण्डलमा, वनस्पतिहरुमा र जलमा शान्ति खोजेको छ तर यिनै अमूल्य वरदानहरु दूषित छन् । परिणामस्वरूप आहारविहारवाट बुद्धिमा विकृति हुनजान्छ । त्यही विकृतबुद्धिले दाम्पत्यजीवनमा पनि सुमधुर सम्वन्ध हुन दिँदैन । दिनभरि काम गरेर थाकेकी श्रीमतीलाई एउटा दुराचारी लोग्नेले मदिरापान गरी बेसरी कुटेपछि कहाँवाट छोराछोरीहरुले असल संस्कार पाउने ? विचारणीय छ । छोराछोरीहरुको लागि पहिलो पाठशाला त आफ्नै घर र मातापिता नै हुन् । त्यहींवाट उत्तम संस्कारको प्रादुर्भाव हुन सके देशले उत्तम सन्तान पाउँछ । असल संस्कारमध्ये अर्थशुद्धि पनि एक प्रमुख संस्कार हो । यसै कुरालाई इङ्गित गर्दै भगवान् वेदव्यास पनि श्रीमद्भागवतमा बडो कडा शब्दमा भन्नुहुन्छ कि जति सम्पत्तिले तिम्रो जीवननिर्वाह हुन्छ त्यतिले नै सन्तुष्ट होऊ र त्यो भन्दा बढी अचाक्ली गर्छौ भने तिमी चोर हौ र दण्डनीय पनि हौ । यसरी अन्य शास्त्रहरुमा पनि अन्यायद्वारा आर्जेको धनलाई निन्दित भनिएको छ । त्यसमा पनि राजस्व, देवस्व, ब्रम्हस्व र अर्काको धनमाथि कुदृष्टिले हेर्नुलाई महापातक भनिएको छ । शास्त्रहरु सबै शुद्ध र यथार्थ छन् भन्न मिल्दैन । तिनमा पनि कतिपय ठाउँमा विवादहरु भेटिन्छन् । युग अनुसार र सामाजिक परिवेश देशकाल परिस्थिति अनुसार परिवर्तन गर्न सकिन्छ र बूढापाकाको सरसल्लाहले विवादित कुराहरुलाई त्याग्नु पनि पर्छ । विश्वका जुनसुकै धर्मले पनि अर्काको कुभलो हुने कुरालाई समर्थन गर्दैन । सर्वप्रथम मानिस जुन ठाउँमा र पदमा छ त्यसको कर्तव्यबोध हुनैपर्छ । चौवीसैघण्टाको समयलाई सदुपयोग गर्न सके त्यो भन्दा ठूलो त्याग अरु केही छैन । यिनै उपर्युक्त कुराहरुलाई प्राचीनमहर्षिहरुले सूक्ष्मचिन्तनमनन गरेर हामीलाई विभिन्न दर्शनहरु, स्मृतिहरु, पुराणहरु, उपनिषद्हरु, आयुर्वेद, ज्योतिष, न्याय, व्याकरण, साहित्य आदि आदि अमूल्य ज्ञानराशि दिएर गएका छन् ।

हाम्रो अध्यात्मशास्त्रले अरुको त के कुरा गर्नु मृत्युलाई समेत जित्न सक्ने उपाय वताएको छ । विभिन्न तन्त्रमन्त्र र योगशास्त्रहरु यसका प्रवल प्रमाण छन् । यी अमूल्य कुराहरु वेदमा छन् । संस्कृतवाङ्मयमा निहित छन् । त्यो जान्नको लागि पहिले संस्कृतभाषाको ज्ञान हुनुपर्‍यो र त्यसको पनि मूल जरो पैल्याउने भगवान् पाणिनिको व्याकरण नै पढ्नु पर्‍यो ।

मेरो विचारमा संस्कृतको अध्ययनले कसैको पनि अकल्याण हुँदैनहोला । आजका संस्कृत पढ्ने विद्यार्थीले लघुसिद्धान्तकौमुदी, अमरकोष, तर्कसंग्रह, श्रुतबोध र रघुवंशमहाकाव्य यतिलाई मात्र राम्रोसंग अर्थसहित कण्ठस्थ गरी अध्ययन गरिदिए पर्याप्त छ र यति जान्नेलाई आजको पाणिनिऋषि, महाकविकालिदास र न्यायशास्त्रका प्रणेता गौतमऋषि भनेमा अत्युक्ति नहोला ।

विभिन्न जातजातिका र जनजातिका भाषाहरु सिक्न संस्कृतले सहयोग गर्छ तर अवैज्ञानिकरुपमा "खाए खा नखाए घिंच्" भने झैं संस्कृतभाषालाई जबर्जस्ती भने लाद्नु हुँदैन । लोकसेवामा पनि इच्छाधीन संस्कृत राखिएमा राम्रो हो । कुनै पनि भाषाको अध्ययन गर्नु नराम्रो होइन । सात समुद्रपारिका भाषालाई त हामी पचाउँछौं भने नेपालमा छरिएका विभिन्न जनजातिका भाषाहरु सिक्न र पढ्न स्वाभाविक छ । खाँचो छ सुव्यवस्थाको र "सर्वे भवन्तु सुखिनः" को ।

- अस्तु -

विज्ञान रहित धर्म अन्धो र धर्म रहित विज्ञान लङ्गडो हुन्छ ।

-आइन्स्टाइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन र आधुनिक शिक्षा - एक चर्चा

✍ डा. मुकुन्द कलौनी
सह प्राध्यापक राजनीतिशास्त्र विभाग,
सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगर-कञ्चनपुर

मानिसमा रहेको जिज्ञासावृत्ति नै उसको शिक्षार्जनको महत्त्वपूर्ण कारक तत्त्व हो । आनन्दको प्राप्ति, सुख सम्पन्न र दुःखबाट मुक्ति पाउने उपायको रुपमा शिक्षालाई एउटा आधारको रूपमा ग्रहण गर्ने प्रवृत्ति पनि देखा पर्दछ । कुनै चीज वस्तु, ठाउँ, व्यक्ति, अथवा विगत र भविष्यको समेत जानकारी एकत्रित गर्ने माध्यम पनि शिक्षा नै हो । विश्व संरचनाको प्रथम र महत्त्वपूर्ण एकाइ मानिसलाई मान्ने हो भने मानव, समाज र विश्व व्यवस्था मात्रै होइन, सम्पूर्ण ब्रम्हाण्डको अध्ययन गर्ने माध्यम पनि शिक्षा नै हो । यसर्थ शिक्षाको अद्वितीय महत्ता प्राचीन समयदेखि भविष्यमा पनि रहने हुँदा तथ्यमा विवाद गर्ने ठाउँ छैन । प्रसंगवश प्रश्न के उठ्छ भने ज्ञानार्जनको माध्यमको रुपमा शिक्षाको जुन वर्तमान स्वरुप नेपाली समाजमा देखा परिरहेको छ त्यो एकदमै उचित हो अथवा हाम्रो विगतको सम्पूर्ण जीवनलाई परिचालित गर्ने शिक्षा पद्धति उचित थियो अथवा सत्यता यी दुइटैको बीचमा सुकेको छ। प्रस्तुत संक्षिप्त लेखमा यही चर्चालाई अग्रसरता दिइँदै छ :

शिक्षण जगत्बारे चिन्तन मनन गर्दा के देखा पर्दछ भने हाम्रो अधिकांश युवा वर्ग, विशेष गरी विद्यार्थी वर्गलाई संभवतः आफ्नो गौरवमय अतीतबारे पटक्कै थाहा छैन, केही मात्रामा उनीहरुलाई जानकारी छ भने त्यसमा उनीहरुको विश्वास छैन । यो वर्ग वर्तमानमा जे जति छ, त्यो मात्रै सत्य हो भन्ने कुरामा बढी विश्वसनीय देखा पर्दछ । निश्चित रुपले विगत र भविष्य भन्दा वर्तमान समय नै सबै भन्दा महत्त्वपूर्ण समय हो, तर यो बिर्सनु हुँदैन कि वर्तमान, विगतको नै परिणाम हो र वर्तमानले नै भविष्यको पनि निर्धारण गर्नेछ । प्राचीन शिक्षा पद्धतिसँग सम्वन्धित पक्षहरु लेखक, कवि, पाठ्यक्रमका निर्धारकहरु, गुरु-शिष्यहरु, पुस्तकहरु, साहित्यकारहरु, सबैले तत्कालीन परिस्थितिहरुका साथै भविष्यमा समेत उपयोगी र काम लाग्ने सामग्री वर्तमानको लागि विरासतको रुपमा छोडेर गएका छन् तर वर्तमान पुस्ताको यो दुर्भाग्य नै मान्नु पर्ला कि त्यसले त्यस्तो किसिमको उत्कृष्ट सृजनशीलताको त कुरै छोडौं, त्यसको संरक्षण नगर्न सकेर भावी पुस्ताहरु पनि प्राचीन तत्त्वदर्शी महर्षिहरु र युगद्रष्टा विद्वान्हरुका महत्त्वपूर्ण विचारहरुबाट बञ्चित हुने भएका छन् ।

नीति शास्त्रको बचन छ- "ज्ञानेन हीनाः पशुभिः समानाः" अर्थात् - ज्ञानबाट बञ्चित मानिसहरु जनावर सरह हुन्छन् । ज्ञानको प्राप्ति शिक्षा वा विद्याबाट हुन्छ । दुइटै शब्द पर्यायवाची नै हुन् । प्राचीन शिक्षाका विषय वेदोपवेद र वेदाङ्ग थिए । चारवटा वेदहरु-ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदको अर्थज्ञानलाई सरलतरीकाबाट बुझ्नको लागि ऋषिहरुले वेदाङ्गको रचना गरेका छन् । ती वेदाङ्ग छ वटा छन्, शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष एवं व्याकरण। प्राचीनकालमा यी विषयहरुको शिक्षा गुरुकुलमा प्रदान गरिन्थ्यो । त्यसमा विद्यार्थीहरु सहरको होहल्लाभन्दा टाढा एकान्त वनस्थलीको मुक्त र शान्त वातावरणमा गुरुको नजिक रही शिक्षार्जन गर्दथे । गुरुहरुप्रति छात्रहरुमा असीम श्रद्धा भाव हुन्थ्यो । अचेलका जस्ता गुरु-चेलाहरु भेट्टिन्नथे। गुरुकुलमा समाजका विशिष्ट आचार्य र शिक्षाविद्हरु शिक्षण गर्दथे । प्रत्येक गुरुकुलमा दस हजार छात्र रहन्थे । त्यसको एउटा कुलपति हुन्थ्यो । ऊ गण्यमान्य व्यक्ति हुन्थ्यो ।

मनुले छात्रहरु (ब्रम्हचारीहरु) का लागि यी नियम भनेका छन्- वर्जयेन्मधु माँसं च गन्धं माल्यं रसान् स्त्रियः । शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम् ॥

(मनुस्मृति २-१७७)

अर्थात् ब्रम्हचारीहरुको लागि मधु, मांस, सुगन्धित द्रव्य, माला, रसिलो पदार्थ, स्त्री संगति र प्राणीहरुको हिंसा आदि कार्य वर्जित छन् ।

प्राचीन शिक्षा पद्धतिको नै परिणाम थियो कि त्यो बेला पैल, जैमिनि, वैशम्पायन, सुमन्तु, रामभद्र, सांदीपनि, याज्ञवल्क्य, महाभाष्यकार पतञ्जलि, पाणिनि जस्ता महापुरुषहरु भए । अचेल स्वामी रामदेवद्वारा प्रचारित र प्रयुक्त योग विद्या महर्षि पतंजलिका सिद्धान्तहरुमा आधारित रहेको र आधुनिक चिकित्सा पद्धतिले आविस्कार र उपचार नगर्न सकेका विरामीहरुलाई नयाँ जीवन दान दिने महान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य गरिनुको पछाडिको रहस्य हाम्रो गौरवशाली विद्या नै हो, भन्ने कुरामा अव पनि विश्वास नगर्न सक्ने व्यक्तिलाई चेतनशील प्राणीको रुपमा स्वीकार गर्न सकिने स्थिति रहँदैन। प्राचीन विद्याको लक्ष्य नै - 'सा विद्या या विमुक्तये' थियो।

अर्थात् संसारका बन्धनबाट व्यक्तिलाई जुन कुराले मुक्त गर्दछ त्यो नै विद्या हो। संसारमा रहेर पनि संसारबाट त्यस्तै प्रकारले निर्लिप्त हुनुपर्ने हो जसरी कमलको फूल हिलोमा फुलेर पनि त्यसमा हिलो लिप्त हुँदैन। त्यसमा संसारको मैलो लागेको हुँदैन। यो सत्य नै हो कि जति जति हामी संसारको अर्थात् भौतिक आकर्षणको निकट जान्छौं त्यति त्यति नै हामी दुःखी रहन्छौं। क्षणिक सुख, आनन्द र वैभवको प्राप्ति भन्दा परम वैभवको प्राप्तिको लागि चेष्टा गरियो भने त्यो आनन्द परमानन्दमा परिणत हुन जान्छ र त्यो नै सुख पनि हो। यो सुख अथवा परमानन्द बिना आध्यात्मिकता सम्भव देखिदैन र त्यसको लागि हाम्रा पुर्खाहरुका महान् विचारहरुको शरणमा नगइकन सुखै छैन। भोग विलासितामा आधारित विद्याले हामीलाई मुक्ति दिन सक्दैन आधुनिक शिक्षाले मुक्ति होइन, भुक्ति प्रदान गरिरहेको छ।

आधुनिक शिक्षा व्यवस्थाको ठूलो गुण भनेको समानतापूर्ण व्यवहार हो भनिन्छ तर सुदामा जस्तो विपन्न र श्रीकृष्ण सदृश सम्पन्न दुइटै एकसंगै अध्ययन गर्ने र उनीहरुबीचको प्रगाढ मैत्री भन्दा समानताको अर्को दृष्टान्त मिल्न सक्दैन। भारतमा सन् १९२८ मा लार्ड विलियमले भारतमा सुधारको लागि विविध उपाय गरेका थिए। शिक्षाको जिम्मा लार्ड मैकालेलाई दिइयो। उसको उद्देश्य कामचलाऊ जनशक्ति उत्पादन गर्ने मात्र रहेको थियो। त्यो शिक्षाको नक्कल दक्षिणएसियाका अन्य मुलुकहरु भैं नेपालले पनि गऱ्यो। फलस्वरुप आज नेपालको सम्पूर्ण क्षेत्रको जुन दुर्दशा देखा परिरहेको छ, त्यो त्यसको नमुना हो। यस आधुनिक शिक्षाले हाम्रो सांस्कृतिक, राष्ट्रिय एवं आध्यात्मिक विकास अवरुद्ध हुन गएको छ। यस आधुनिक संकुचित शिक्षण पद्धतिमा कतिपय नयाँ नयाँ विषयहरुको समावेश, अवश्य गरिएको छ तर शिक्षणको मूलभूत प्राणतत्त्व यसमा छैन। मानसिक विकासले मात्र मानिस सबै किसिमले सुखी रहन सक्दैन। विद्यालयहरुमा मात्रै होइन, सर्वत्र नै देखा परिरहेको उच्छृङ्खलता, अनुशासनहीनता, अनैतिकता, चरित्रमा न्यूनता, आमा-बुवा, पारिवारिकजन र गुरुहरुप्रति श्रद्धाहीनता, राष्ट्रियताको भावनाको अभाव अथवा विकृतिपूर्ण राष्ट्रियताको भावना, आफ्नो स्वार्थको लागि जे पनि गर्न सक्ने मानसिकता जस्ता दुर्गुणहरुको व्याप्तताले वर्तमान शिक्षा मानिसको एकाकी अध्ययन सम्म मात्र सीमित रहेको पुष्ट्याँइ हुन्छ।

शिक्षा वा विद्याको सम्बन्धमा लोकप्रिय नीति श्लोकमा कस्तो सुन्दर तरिकाले प्रस्तुतीकरण भएको छ-

'विद्या ददाति विनयं, विनयाद्याति पात्रताम्।
पात्रत्वाद् धनमाप्नोति, धनाद् धर्मं ततःसुखम्॥'

अर्थात् विद्याले विनय (सज्जनता) प्रदान गर्दछ, विनयशीलताले व्यक्ति (पात्र) सुपात्र (सुयोग्य व्यक्ति) बन्दछ। मानिस सुयोग्य भएपछि धन आर्जन गर्दछ, धन आर्जन गरिसके पछि ऊ धर्मको पालन (कर्तव्यपालन) गर्न सक्छ र कर्तव्यपालन सम्यक् रूपले गर्न सकेपछि मात्रै व्यक्ति सुखी रहन सक्दछ। यी तथ्यहरु नीतिकारद्वारा कसरी पारस्परिक रुपमा चित्रण गरिएका छन् यो विचारणीय कुरो होइन र ? हिन्दू दर्शनमा रहेका चारवटा पुरुषार्थहरु- धर्म, अर्थ, काम, मोक्षमा अन्तिम पुरुषार्थको प्राप्ति ज्ञान नभई हुन सक्दैन। यस कारणले शिक्षा प्राप्ति वा विद्या ग्रहणको उद्देश्य अर्थप्राप्ति मात्र हुन सक्दैन। नेपालमा शिक्षा-पद्धतिको स्वरुप र उद्देश्य परिवर्तित हुँदै गइरहेको छ- 'जागिरीको लागि मात्र अध्ययन गरिँदैछ यहाँ।' वस्तुतः शिक्षाको मुख्य उद्देश्य ज्ञानको प्राप्ति र अज्ञानको निवृत्ति हुनु पर्दछ। शिक्षा जगतसँग सम्बन्धित व्यक्तिहरुले निम्न श्लोकमा ध्यान पुऱ्याउनु पर्दछ-

विद्या विवादाय धनं मदाय
शक्तिः परेषां परपीडनाय।
खलस्य साधोर्विपरीतमेतत्
ज्ञानाय दानाय च रक्षणाय॥

दुष्ट व्यक्तिहरु विद्या वा ज्ञानको प्रयोग विवाद (व्यर्थको बहसवाजी) को लागि, धनको प्रयोग घमण्ड प्रदर्शन गर्नुको लागि र शक्तिको प्रयोग अर्कालाई दुःख, पीडा, कष्ट दिनुको लागि गर्दछन् भने सज्जन व्यक्तिहरु त्यही विद्यालाई ज्ञानको लागि, धनलाई दान गर्नको लागि र शक्तिको प्रयोग कमजोरको रक्षाको लागि गर्दछन्।

वर्तमानमा स्थितिमा शिक्षा दुष्टहरुको पक्षमा नै बढी (पक्षधर) रहेको तीतो यथार्थ देखा परिरहेको छ। शिक्षाको व्यवसायीकरणको नाउँमा व्यापारीकरण भएको छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षित, उच्च शिक्षित व्यक्तिहरु विद्याको प्रयोग अवसरवादिताको रुपमा गरी मानवता, समाज र राष्ट्रप्रतिको आफ्नो कर्तव्य बिर्सिरहेका पो पाइएका छन् । आफूले केही न केही रुपमा सामाजिक सेवामा लागेको बुद्धिजीवीका लेखन, भाषण वा अध्यापन/शिक्षणमा केही प्रभावकारिता देखिन्छ । कोरा भाषण, छद्म राष्ट्रियता र सामाजिकताले काम गर्दो रहेनछ भन्ने कुराको प्रमाण वर्तमानका बुद्धिजीवीहरु होइनन् र ?

आधुनिक शिक्षालाई सामान्य रूपमा तीन भागहरुमा बाँड्न सकिन्छ - (१) चिकित्सा, अभियांन्त्रिकी (इन्जिनियरिङ्ग), प्राविधिक, कम्प्युटर आदि, (२) सामान्य विज्ञान, कला (आर्ट्स), बाणिज्य (कमर्श), आदि (३) वेद-वेदाङ्ग आदि विषयहरुको संस्कृत शिक्षा । यसमा समाज र सरकारले संस्कृत शिक्षालाई अवहेलित दृष्टिमा राखेको छ । सरकार मात्रै किन, संस्कृत विद्यालय र विद्यापीठहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुले समेत आत्मविश्वासको कमीले गर्दा होला, आफ्ना छोराछोरीहरुलाई अंग्रेजी माध्यमका विद्यालयहरुमा पठनपाठनको लागि पठाउने गरेको देखिन्छ। आर्थिक लाभको लागि वा रोजगारीको लागि मात्र त्यस्ता व्यक्तिहरु संस्कृत संस्थाहरुमा कार्यरत रहेको यथार्थमा देखिन्छ । यस्तो प्रतिकूल परिवेशमा पनि वैदिक भाषा जिउँदो रहनुको पछाडि त्यसमा लिपिवद्ध हाम्रा पूर्वजहरुका कालजयी रचनाहरु मात्रै रहेका छन् भन्ने कुरा प्रमाणित हुन आउँछ। वैदिक संस्कृति र भाषाको उन्नयनको लागि व्यक्तिगत तवरमा प्रयासरत रहेका व्यक्तिहरुको संख्या नगण्य नै देखा पर्दछ । शिक्षा चाहे सामान्य होस् अथवा विशेष विषयक होस्, त्यसको निश्चित उद्देश्य हुनु नै पर्दछ । शिक्षाको उद्देश्य, संक्षेपमा, शिक्षार्थीलाई पूर्ण मानिस बनाउनु हो । पूर्ण मानवताको अर्थ हो- मानिसमा आधिभौतिक र आध्यात्मिकवादको पूर्ण समन्वय, सामन्जस्य र सन्तुलन। आध्यात्मिकताको अभावमा मानवलाई दानव बन्नुमा विलम्ब हुँदैन ।

सामान्य शिक्षा दिशा विहीनताको स्थितिमा देखा परिरहेको छ। उच्चतम डिग्रीधारी समेत आफ्नो जीवन निर्वाह गर्नमा असक्षम देखा पर्नु ठूलो विडम्बना हो । प्रमाणपत्र धारी वर्ग, आज सर्वाधिक असन्तुष्ट भएको छ । त्यसको प्रतिक्रिया अनेक रुपमा देखा पर्न थालेको छ । साधन स्रोतहरुको कमीले गर्दा शिक्षालाई व्यवहारिकतामा परिणत गराउनुमा वाधा समेत देखा पारेको छ। वर्तमान शिक्षाले मानिसलाई न त रोजगार र न चाहिँ नैतिक, जिम्मेवार नागरिक नै बनाउन सकेको छ। सम्पूर्ण विषयहरु प्राचीन समयदेखि नै चलि आएका हुनु पर्दछ भन्ने कुरो पनि होइन, साथै जम्मै नयाँ विषयहरु पनि गलत र गैर जिम्मेवारीले भरिभराउ नै छन् भन्ने कुरा पनि होइन तर यो तथ्यलाई उपेक्षित गर्न सकिदैन कि रटन्ते, नक्कल गरेर पनि प्रमाणपत्र पाइने विद्या, मानिसमा मानवताको रस नभर्न सकिने विद्या खतर नाक प्रवृत्तिको विद्या हो । आज अभिभावक, आमा बुबालाई आफ्ना सन्तानलाई डाक्टर, इन्जिनियर, उद्योगपति, व्यापारी आदि बनाउने प्रयास गर्नु भन्दा पनि जिम्मेवार र व्यावहारिक सन्तान विकसित गर्नु पर्ने खाँचो छ । आज छोरा छोरीले आमा बुबालाई एउटा महिला र एउटा पुरुषको रुपमा हेर्न थालेको छ । आमा बुबाले छोराछोरीमा आर्थिक लगानी लगाई उद्योगको रुपमा हेर्ने प्रवृत्ति हावी भएको छ। यस्तै हो भने ....।

सदाचारले धर्म र धर्मले आयु बढ्छ ।

-वेदव्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमीठो विछोड

✍ हरिप्रसाद खतिवडा
सहायक प्राध्यापक

रामु सामान्य परिवारमा जन्मेर पनि भावना भने उच्च राख्ने केटो थियो । सानो उमेरमा पिता वियोगको दुःख खप्नु परे पनि घर परिवारका लागि भने आशाको केन्द्रविन्दु थियो । नौ वर्षको उमेरमा भाइ मधु र बैनी कमलाका बीच सिन्को लुकाइ खेलमा भएको झगडामा ठूला मान्छेले दिन नसक्ने खालको अर्ती दिएर गाउँलेहरुलाई चकित तुल्याएको थियो । पँधेरामा पानी भर्न गएका पाधेर्नीहरु एक आपसमा कुरा गर्ने गर्थे : 'निरौला काइँलाको जेठो छोरो 'कि पुलिस, कि मास्टर चैं पक्कै पनि हुन्छ है', त्यस्तै कोही चाहिँ पण्डित हुन्छ कि ओकिल हुन्छ भनेर अड्कलवाजी गर्दथे ।

रामु सानै भए पनि बुवाको अभावमा आमालाई घर व्यवहार सम्वन्धी काम सघाउने गर्दथ्यो । उसको सल्लाह नलिई आमालाई पनि कुनै काम गर्न आँट आउँदैनथ्यो । यिनै चारजनाको परिवारले घरव्यवहार राम्ररी चलाएका थिए । कुनै कुराको कमी महसुस हुन दिएका थिएनन् । समयमै खाना खाएर कमला र मधुलाई लिएर रामु स्कुल जान्थ्यो र फर्किंदा साथमा नै लिएर आउने गर्दथ्यो । सानै उमेरमा यसरी सधैं मिलेर हिडेको देख्दा गाउँका मानिसहरु छक्क पर्दथे र आफ्ना छोरा छोरीले चलेर वाक्क पार्दा निरौलाका छोरा-छोरी जस्तो मिल्न जान्दैनौ ? कुकुर र बिरालो जस्तो कति चलिरहेका भनेर गाली गर्दथे ।

अलकादेवी आफ्ना छोराछोरीप्रति धेरै चिन्तित हुन्थिन् र बिहान चाँडै उठेर पूजापाठ गर्ने गर्दथिन् । छोरा छोरीलाई पुष्प टीका लगाइदिएर पञ्चामृत दिँदै राम्रा-राम्रा आशिष् दिने गर्दथिन् । यतिले मात्र नभई हप्तैपिच्छे मन्दिर गएर छोरा छोरीको भविष्य सम्झिएर विभिन्न भाकलहरु गर्ने गर्दथिन् । छोरा छोरीको वात्सल्य प्रेमले अलकादेवीको कठोर पतिवियोगको घाउ क्रमशः मत्थर हुँदै गइरहेको थियो र उनको चेहरामा सुखका रेखाहरु कोरिँदै थिए ।

केही समयपछिको कुरा हो, एकदिन बेलुका खाना खाएर सबै जना अगेनाका डिलमा आगो तापेर बसिरहेका थिए । अलकादेवी लाखवाती बाल्नका लागि वाती कातिरहेकी थिइन् । यत्तिकैमा बैनी कमलाले 'आमा पारी कपिलदाजुको विहे अरे हो ?' भनेर भनी । आमाले भनिन्- 'खै, अलि-अलि हल्ला चाहिँ चल्दैछ, निधो भएको छैन होला ।' आमा ! कहाँ दिएछन् ? मधुले सोध्यो । खै, कहाँ दिए, थाहा छैन । भन्नु न आमा भन्नु भनेर मधुले कर गरेपछि आमाले भनिन् 'त्यहीं तल मिश्र माइलाकी कान्छी छोरी अरे । कमला यो सुनेर आप्पुइ मिश्रकी छोरी 'गंगा' ऊ त हामीसंगै पढ्दैछ । ला, भनेर भन्दै थिई, भाइ मधुले भन्यो- ए ! त्यसो भए हाम्री कमलाको पनि अब वेला भएछ है आमा भनेर भन्यो । 'ऐले मारिदिन्छु नि, हेर्नु न आमा यो बजिया के भन्छ' भन्दै आमाका काखमा मुन्टो राखेर लाजले केही गुनगुनाउँदै थिई । यतिबेर सम्म रामु चुपचाप थियो, केवल यी घटनाहरु एकाएक नियाली रहेको थियो । अनि उसले कमलाको टाउको आमाको काखबाट उठाउँदै भन्यो, 'धत् लाटी तँलाई त्यति पनि भन्नु नहुने । कमलाले दाजुलाई केही पनि भनिन, आमाले पनि रामुको कुरामा समर्थन जनाइन् ।

केही बेरको सोचाइपछि अलका देवीले गम्भीर हुँदै भनिन्- हेर छोरा छोरी हो, अब कहिलेसम्म म तिमीहरुको देखभाल गरौं, बुढी पनि भएँ, अब त रामुको बिहे गर्नुपर्छ, मलाई पनि बुहारी भित्र्याउने इच्छा जागेर आएको छ, पल्ला गाउँबाट केटी दिन पनि आएका थिए, सुलच्छिनकी, सुवानी राम्री र केही पढेकी पनि छ अरे भन्ने सुनेकी छु, खै । रामुले आमाका यी कुराहरु सुनी रह्यो, केही प्रतिक्रिया जनाएन, सायद ऊ सोचाइमा थियो होला । कमला र मधुले भने खुसी हुँदै 'हामी भाउजू ल्याउने, हामी भाउजू ल्याउने' भनेर लय हालेर कराउन थाले । यतिकैमा कमलाले भनी हेर मधुदादा - भाउजू ल्याएपछि भाउजू र म घाँस काट्न जान्छौं, बजार जान्छौं, चुरा लाउँछौं, कति मजा हुन्छ हगी, भाउजूसँग घुम्न । मधुले पनि म भाउजूसँग बजार जान्छु, फिल्म हेर्छु भनेर भन्यो । अलकादेवी यो दृश्य हेरिरहेकी थिइन्- उनका आाखाबाट आँसुका ढिका बरबर खसेको रामुले देखेछ र आमा ! किन आँसु भनेर करुण स्वरमा सोध्यो । आमाले भनिन् - हेर रामु ! यस्ता खुसीका आँसु आजभन्दा करिब १७ वर्ष अघि मलाई वेहुली भित्र्याएका भोलिपल्ट तेरा बुवाले 'अलु' तिमीलाई अनौठो लागेको होला हगी, तर केही पनि पीर नमान है, म तिम्रा साथमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै रहन्छु भनेर टाउको सुम्सुम्याउँदा खुसी भएर झरेका रहेछन् र अलु किन आँसु भन्दै पुछिदिनु भएको थियो । यो सुनेर सवै जना संवेदनशील बने, कोही पनि बोलेनन् । अनि आमाले हिंड सुत्न, आगो पनि निभिसक्यो, धेरै समय बितिसकेछ भनेर भनिन् र आ-आफ्ना कोठातिर लागे ।

रामुको विवाह मीनाकुमारीसंग भयो । बेहुली भित्र्याउने बेलामा गाउँका मानिसको घुइँचो लागेको थियो । बेहुली हेरेर आ-आफ्ना विचार एक आपसमा भन्दै हिड्थे । यतिकैमा खड्क्यानी काइँलीले भनी 'बाहुननी बज्यैले बुहारी त लच्छिनकी पो भेटे जस्तो छ है ।' दुई तीन दिनपछि बारीमा खेतालाहरु कुरा गर्दै थिए- 'निरौलाकी बुहारी रुपकी, कुलकी राम्री त छ, छ घरव्यवहार चलाउन पनि सिपालु जस्ती छ है ।' यत्तिकैमा अर्कले भन्यो- त्यतिमात्र कहाँ हो र दाइ कोही नयाँ मान्छे आएमा राम्ररी सोधपुछ गर्ने, साइनो लगाएर बोलाउने, गजक नपरीकन बोलचाल गर्ने, फर्स्याइली पनि पो रहिछन् । बुहारी ल्याउँदा त्यस्ता आउन र पो केही हलुका सास फेर्न पाइन्छ । हामीलाई त्यस्ता जुर्दै जुर्दैनन् । भित्र्याएका तीनचार दिनदेखि सासु बुहारीबीच ड्यार-ड्यार, ड्डर-ड्डर सुरु हुन्छ । निरौलाका घरमा भने सासू बुहारी आमाछोरी जस्तो, नन्द भाउजू दिदी बहिनी जस्तो मिल्छन् । त्यस्ती बुहारी पाउन त अघिल्ला जन्मको कर्म नै चाहिन्छ होला । साँच्चै नै त्यो घरमा बुहारी भित्रिएदेखि नयाँ खुसियाली छाएको थियो र सबै प्रसन्न पनि थिए ।

रामु एकदिन धेरै जना साथीका बीचमा बसेर तल चोकमा गफ गरिरहेको थियो । बहिनी कमला आइ र अब त हाम्रो दाजु पनि छोराको बाबु .... भनेर हिंडी । सबै साथीहरुले रामु बधाई, बधाई भने । रामु लाजले भुतुक्क हुँदै बधाई बधाई भन्दै उठेर घरतिर लाग्यो । घर गएर फटाफट आफ्ना कोठातिर लाग्यो र मीनाका छेउमा गएर बस्यो । अनि मीनु हाम्रो के छ ? भनेर पेटतिर औंलाले देखायो । मीना लाजले भुतुक्क हुँदै एले नि तपाईंलाई भन्दै मुसुमुसु हाँस्दै लजाउँदै रामुको काखमा टाउको राखी । रामु उनको केश सुम्सुम्याउँदै मीनु ! हामी पनि अब त बुबा आमा बन्ने भयौं हैन । यत्तिकैमा आमा आइपुगिन् र के गर्दैछौ है केटाकेटी हो भनेर भनिन् । यति भन्नासाथ रामु जुरुक्क उठ्यो र लजाउँदै बाहिर गयो, मीना पनि लाजले काली निली हुँदै केही हैन आमा, अलिक सन्चो भएन भन्दै भित्र बाहिर गर्न लागी । आमाले यस्तै हो ठूली यो समयमा स्वास्थ्यको अलि ख्याल गर्नु पर्दछ बुझ्यौ भन्दै बाहिर गइन् ।

केही दिनपछिको कुरा हो, मधु दश कक्षामा असफल भएछ, रामुले गाली गर्दै भन्यो-पढ्ने बेलामा चारतिर भौंतारिन्छस् अनि खेल्ने बेलामा आँखा देख्दैनस्, अब खाइस आलु । रामुको यो कुरा सुनेर अरु कसैले केही बोल्ने साहस गरेका थिएनन्, मीनाले भनिन् के भो त, पढ्दा पढ्दै नसके पछि कसको के लाग्छ, कसले फेल हुँ भनेर पढ्छ, नराम्रो होस् भन्ने कसैले सोचेको हुन्छ ? सानु बाबुले पनि मिहिनेत गरेकै थियो, भएन त के गर्ने, अब बेलैदेखि ट्यूसन पढाउनुपर्छ, अर्को वर्ष राम्रो श्रेणीमा पास हुनुहुन्छ । यो सुनेर रामुले केही पनि उत्तर दिएन, अरुको मुख उज्यालो भयो र एक आपसमा मुखामुख गर्दै आ-आफ्ना कोठातिर लागे ।

रामुले लामो सास तानेर मीना ! तिमीले हाम्रो भविष्य सम्बन्धी केही सोचेकी छ्यौ ? भाइ बहिनी कसरी पढाउने ? घर व्यवहार कसरी चलाउने ? मीनाले एकछिन् सोचेर भनिन्, 'किन नसोच्नु, भाइबहिनीलाई पढाउनु हाम्रो कर्तव्य हो, उनीहरुको खुसी हामीहरुको खुसी हो । अब हामीले राम्रो घरपरिवार भएको, मिलनसार, निरोगी, पढेलेखेको, बैनीलाई जस्तै दुःख सुखमा पनि साथ दिने खालको एउटा केटो खोज्नुपर्छ र बैनीको कर्म चलाउनु पर्दछ । समयका गतिको केही भरोसा हुँदैन, अनि भाइलाई पनि राम्ररी पढाउनु पर्दछ । हाम्रो पहिलो कर्तव्य यही हैन, भनेर भनिन् ।

रामुले एकाग्र भएर मीनाका यी कुरा सुनिरहेको थियो । त्यसपछि रामुले एकपटक मीनाका आखामा राम्ररी हेर्‍यो, अनि यसो कोल्टे परेर आँखाका आँसु पुच्छ्यो र भन्यो, 'मीनु ! म धन्य रहेछु, मैले तिमीजस्ती पत्नी पाएँ, घर व्यवहारमा बुवाले गर्ने काम गरेर सानैमा छुट्न गएका बुवाको स्मरण तिमीले गरायौ, म भाग्यमानी रहेछु मीनु, भाग्यमानी । मीना सुनिरहेकी थिई, उसका आँखामा आँसु टिल्पिलाउँदै थिए, उसले सारीका आचलले आँसु पुछ्दै भनी- तपाईं भाग्यमानी हैन, म भाग्यमानी रहिछु तपाईं जस्तो पति पाएँ, कहिल्यै पनि नरिसाउने, कालो मुख नबनाउने, फराकिलो मनमा मलाई साधै साथमा राखिरहने, जस्तै दुःख पर्दा पनि छेउमा आएर मायालु स्वरले मीनु ! भनेर मुस्कुराउँदा निको हुने, म साँच्चै धन्य रहेछु, पूर्व जन्मकै फल होला । यतिकैमा दुबैले एक आपसमा हेराहेर गरे, अनि रामुका काखमा मुन्टो राखेर मीना सुँक्क-सुँक्क गर्दै थिइन्, रामुले आँखामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै बेरदेखि थामेर राखेका आँसुको मूल थाम्न सकेन र मीनाका टाउकामा आफ्नो टाउको राखेर घुँक-घुँक गरी रुन थाल्यो । केही बेरको यस्तो क्रियाकलापपछि दुवै जना उठेर आ-आफ्ना कामतिर लागे ।

दुई दिनपछि एकदिन बिहानै नन्द कमलालाई लिएर मीना पानी लिन गएकी थिई । कमला केही क्षणमा दौडिदै आई र आमा ! आमा ! भाउजू बिमारी हुनुभयो, एकदम भुडी दुख्यो अरे, तल्ला घरका काकाहरु सहित यो कुरा सुनेर पँधेरा तिर कुँदे । अलकादेवी भन्न लागिन्- आज नराम्रो सपना त देखेकी थिएँ, यी यस्तै हुनलाई रहेछ । यत्तिकैमा मानिसको हलचल देखेर खड्क्यानी साहिँली आइपुगिन् र भनिन् - बज्यै राम्रै बिमार त लागेको होला नि बेला भएन र, हुनुपर्ने त अब ता । एकछिन् पछि थाहा भयो उनलाई सुत्केरी व्यथा नै लागेको रहेछ र उनलाई डाक्टरकहाँ लिएर गएछन् भनेर ।

केही अघिसम्म मलिन अनुहार भएकी अलकादेवीको अनुहार एकाएक उज्यालो भयो । उनी खुसी हुँदै भन्न लागिन् - ए साहिँली ! अब म पनि हजुरआमा भएँ हैन त । खड्क्यानी साहिलीले भनी - भयौ बज्यै, भयौ । साना केटाकेटी टुहुरा छाडेर बुढाले तिमीलाई गएका थिए, तिम्रो मुटुमा नराम्रो पति वियोगको घाउ थियो, अनि तिम्रो धपक्क बल्दो जवानीमा चटक्क बुढाले छाडेर गए पनि राम्ररी छोरा छोरी हुर्कायौ, धेरै पढायौ, भगवानले पनि हेर्दा रहेछन् क्यार सीता जस्ती ज्ञानकी र रुपकी बुहारी भेट्टायौ, विधवा भए पनि भाग्यमानी रहिछ्यौ बज्यै भाग्यमानी । अलकादेवीले गहभरी आँसु पारेर यी कुरा सुनिरहिन् केही पनि बोलिनन् ।

उता मीनालाई अस्पताल पुऱ्याएको केही बेर भएको थियो । डाक्टरले चेक गर्न थाल्यो र भन्यो- केही पहिलेदेखि हेरचाह गर्नु पर्थ्यो, हेरचाह पुगेनछ, यस्तो कमजोर शरीरमा रगत नै छैन, किन यस्तो लापर्वाही, भाइ ! कि दुइटी श्रीमती छन् ? रामु कालो निलो भयो, र हैन डाक्टर साहेब, हैन, हैन मात्र भन्यो । डाक्टरले भन्यो आमा र बच्चा मध्ये एक जनाको ज्यान खतरामा छ, के गर्ने अब । डाक्टर साहेब म जति पनि पैसा दिन्छु, हात जोर्छु डाक्टर साहेब, राम्ररी उपचार गरिदिनु न म जे पनि दिन्छु, मेरी मीनालाई केही नहोस् । दुवैलाई केही नहोस् । डाक्टर हामीले गर्दा हुने सम्म हामी गर्दछौं, पैसाको कुरा हैन भन्दै कोठाभित्र पस्यो ।

बाहिर बसेका कमला मधु लगायत अन्य मानिसहरु ईश्वरसंग मनमनै प्रार्थना गरिरहेका थिए, मीनालाई केही नहोस् भनेर । यतिकैमा एउटी नर्सले काखमा च्यार-च्यार रुँदै गरेको बच्चा लिएर बाहिर आई र यो कस्को बच्चा भनेर सोधी । कमलाले खुसी हुँदै हाम्रो हो भन्दै काखमा लिई । रामुले सशंकित तथा कौतूहल हुँदै दिदी मीना खै भनेर सोध्यो । नर्सले केही भावुक हुँदै ईश्वरले चाहेपछि हाम्रो केही लाग्दैन । हामी असफल भयौं, उनी यही बच्चा दिएर जहाँ मान्छे सदाका लागि जान्छ, त्यहीं गइन् भनेर भन्दै थिई, रामु छेउछाउका सबै मानिस तर्सिने गरी मीनु ...मेरी मीनु ! भन्दै ढोकाबाट कुधेर भित्र गयो र मृत शरीरमा टाउको राखेर कपाल सुम्सुम्याउँदै डाको छोडेर रुन लाग्यो । उता सानो बच्चा पनि आमाको दूध चुस्न नपाएर च्यार-च्यार गरी रोइरहेको थियो । एउटी आदर्श नारीको वियोगमा बाबु छोरा स्वरमा स्वर मिलाएर रोइरहेका थिए ।

ooo

लोभ नै दुःखको कारण हो ।

-श्री हर्ष

असन्तुष्ट व्यक्ति सधैं गरीब हुन्छ ।

- अश्वघोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दसौं पञ्चवर्षीय योजनाका चुनौतीहरू : एक समिक्षा

✍ भोजराज जोशी
उप-प्राध्यापक

नेपालमा प्रथम पञ्चवर्षीय योजनाको प्रारुप २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा गठित योजना कमिसनले तयार गरेको थियो। योजना कमिसनको नाउँ परिवर्तन गरी २०१४ मा योजना मण्डल, २०१६ मा योजना बोर्ड, २०१७ मा राष्ट्रिय योजना परिषद् र २०२५ मा राष्ट्रिय योजना आयोग राखियो जुन अद्यापि अस्तित्वमा छ।

एक वर्षपछि नेपालमा योजनाबद्ध विकास प्रारम्भ भएको पचास वर्ष पुग्दैछ। आधा शताब्दी कुनै पनि देशको आर्थिक विकासको लागि त्यो समय हो जसमा देशले विकासका नीति तथा प्राथमिकतामा भएका अस्पष्टता र दुर्वलताहरुलाई पहिचान गरी उद्देश्य प्राप्त गर्ने पूर्वाधारहरु निर्माण गरिसकेको हुनुपर्दछ। विगत ५० वर्षमा विश्वका अनेक राष्ट्रहरुले विकासको ठूलो फड्को मारे। ती राष्ट्रहरुले दीर्घकालीन योजनाहरु प्रभावकारी रूपले कार्यान्वयन गरे। त्यसैले निर्धारित लक्ष्यसम्म पुग्न सफल भए। दोस्रो विश्व युद्धमा तहस नहस भएको जापान १९७० को दशकमा नै आर्थिक शक्तिको रुपमा उदय भयो। जापान प्राकृतिक संसाधनले सम्पन्न नभएर पनि आर्थिक रुपले धेरै शक्तिशाली बनेको छ। सामरिक रुपले शक्तिशाली राष्ट्रहरुपनि जापानको प्रगतिको सामु नतमस्तक छन्। नेपालले पनि अल्पकालीन र दीर्घकालीन योजनाहरुको प्राथमिकताहरु छुट्याई अपार प्राकृतिक सम्पदालाई उपयोग गर्न साधन स्रोतको उचित बाँडफाँड गरी दीर्घकालीन योजनाका उद्देश्य प्राप्ति गर्न सक्दछ।

नेपालको योजनाबद्ध विकासलाई अवलोकन गर्दा प्राथमिकताहरु र उद्देश्यहरुमा विशेष परिवर्तन देखिदैन। उत्पादन वृद्धि गर्ने जीवनस्तर वृद्धि गर्ने, गरीबी घटाउने, आधारभूत आवश्यकता पूरा गर्ने, आर्थिक असमानता कम गर्ने, रोजगारीका अवसर बृद्धि गर्ने आदि उद्देश्यहरुलाई दिगो आर्थिक वृद्धिले प्राप्त गर्न सकिन्छ जुन सबै योजनाहरुमा कुनै न कुनै रुपमा उद्देश्य राखिएका छन्। यस वाहेक चौथो पञ्च वर्षीय योजनाले व्यापार विविधीकरण र जनसंख्या नियन्त्रणको पनि उद्देश्य राखेको छ भने पाँचौं र आठौं पञ्च वर्षीय योजनाले क्षेत्रीय सन्तुलन गर्ने उद्देश्य पनि राखेको छ। यसप्रकार उद्देश्यहरुमा धेरै परिवर्तन भएको छैन तर नीतिहरुमा भने परिवर्तन देखिन्छ। राजनैतिक परिवर्तनहरुले नीतिगत परिवर्तन भएको अनुभव गर्न सकिन्छ। २०४६ सालको निजीकरण र विकेन्द्रीकरणको नीतिहरु अवलम्बन गरिए र दसौं योजना पनि यिनै अवधारणाहरु अवलम्बन गरी तर्जुमा गरियो तर दसौं योजना नेपालको सबै भन्दा विकट र पृथक अवस्थामा निर्माण गरियो र कार्यान्वयनको अवस्थामा झनै विकट अवस्थाको सृजना भएको छ। प्रथम योजनाको तुलनामा नवौं योजनासम्म विकासका विभिन्न पूर्वाधारहरुको निम्न तालिका अनुसार प्रगति देखिन्छ।

पूर्वाधार	प्रथम योजना	नवौ योजना
सडक	५०० माइल	१५८५९ कि.मी.
जलविद्युत	१.२५ mw	४९७ mw
टेलिफोन	१५० लाइन	३२८००० लाइन
प्राथमिक स्कुल	२०००	२४९४३
प्राथमिक स्वास्थ्य केन्द्र	९४	५,२५०

विकासका उपरोक्त पूर्वाधारहरुमा आधारित भई दसौं योजनाको तर्जुमा गरियो जुन एक्काइसौं शताब्दीको पहिलो र २०४६ सालको परिवर्तन पछिको तेस्रो योजना हो। नवौं योजना सम्पन्न हुँदा पनि निरपेक्ष गरिवीको रेखामुनि रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनसंख्या ३८ प्रतिशत रहेको छ त्यसैले दसौं योजनाले निम्न उद्देश्य निर्धारित गरेको छ, 'सरकार स्थानीय निकाय, गैर सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरुको समुचित परिचालन गर्दै आर्थिक अवसरहरु एवं रोजगारीका क्षेत्रहरु विस्तार गर्ने र सशक्तीकरण, मानवीय विकास, सुरक्षा तथा लक्षित कार्यक्रमहरु मार्फत महिला, दलित, दुर्गम क्षेत्रका बासिन्दा लगायत अति गरिब एवं पिछडिएका वर्गको साधन एवं आर्थिक उपलब्धिहरुमा पहुँच वृद्धि गर्दै आर्थिक मानवीय एवं सामाजिक परिसूचकहरुको सुधार गरी गरिबी घटाउनु दसौं योजनाको उद्देश्य हुनेछ।' दसौं पञ्चवर्षीय योजनामा उल्लेखित उपरोक्त उद्देश्यबाट के स्पष्ट छ भने यस योजनाको योजनाकारहरुले उदारीकरण र निजीकरणको नीति अवलम्वन गरेको छ। विकेन्द्रीकरण प्रमुख निर्देशक सिद्धान्त हुने कुरा पनि स्पष्ट छ। सहभागितामूलक विकासको अवधारणालाई पनि यसले अङ्गीकार गर्न खोजेको छ। यस योजनाका प्रमुख चुनौतीहरु गरीवी घटाउनको लागि विकासमा सहभागी हुने भनिएका विभिन्न पक्षहरुमा नै निहित छन्। विकासमा सहभागी हुने ती पक्षहरु हुन् सरकार, स्थानीय निकाय, गैर सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाज। यस योजना प्रारम्भ भएको अवस्थामा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री तथा योजना आयोगका अध्यक्ष थिए। तत्पश्चात् वर्तमान अवस्थासम्म चार वटा सरकार परिवर्तन भइसकेका छन्। स्वयं अस्थिर सरकारले विकासको दरलाई स्थिर गतिले अघि बढाउन सक्छ भन्ने आधार छैनन्। दोस्रो सहभागी स्थानीय निकाय स्वयं विघटित अवस्थामा भएकोले भूमिकाहीन छ। गैर सरकारी क्षेत्र र निजी क्षेत्र स्वयं परिस्थितिका वन्दी भएका छन्। ग्रामीण क्षेत्रमा माओवादीको नै चलखेल भएकोले नगण्य मात्रामा कार्यक्रम सञ्चालन हुन सकेका छन्। पटक पटकको चक्का जाम नेपाल वन्द जस्ता कार्यक्रमहरुले औद्योगिक व्यापारिक क्षेत्रले विकट अवस्थाको सामना गरिराखेको छ। विकासको अन्तिम सहभागी नागरिक समाज भूमिका विहीन, अधिकारविहीन भई सकेकोले यसलाई अधिकार प्रदान नगरिकन नै विकासमा सहभागी गराउँछौ भन्नु नागरिक समाजको खिल्ली उडाउनु मात्र हुनेछ।

दसौं योजनाले तयार गरेको मुख्य चार रणनीतिहरु (क) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि प्राप्त गर्ने (ख) सामाजिक क्षेत्र र पूर्वाधार विकास गर्ने (ग) लक्षित कार्यक्रमहरु सम्पन्न गर्ने (घ) सुशासनको वारे संक्षिप्त सोच तालिका तयार गरेको छ। जुन सामान्य अवस्थामा नेपालको लागि उत्कृष्ट सोच तालिका मान्न सकिन्छ। तर त्यस सोच तालिकालाई कार्यान्वयन गराउने आधारहरु भत्कि सकेकाले दसौं पञ्चवर्षीय योजना आफ्नो उद्देश्य र लक्ष्यहरु प्राप्तिको नजीक पनि पुग्न सक्छ भन्ने कल्पना नै गर्न सकिंदैन।

आवधिक योजनाहरुमा समय तत्त्व महत्त्वपूर्ण हुन्छ। दसौं योजनाका तीन आर्थिक वर्षहरु विशेष उपलब्धि विना व्यतीत हुँदैछन्। बाँकी दुई आर्थिक वर्षहरुमा विकासमा साझेदार भनिएका विभिन्न पक्षहरु सक्रिय होलान् भन्ने लक्षण देखिदैनन्। त्यसैले दशौं योजना असान्दर्भिक भइसकेको छ। दशौं योजना सफलतासाथ सम्पन्न गर्न विकासमा सहभागी हुने विभिन्न पक्षहरुलाई सक्रिय गराउनु आवश्यक छ अन्यथा अल्पकालीन उद्देश्य तथा लक्ष्यहरु निर्धारण गरी दुई वर्षे तीन वर्षे योजना बनाउनु उपलब्धिमूलक हुन सक्दछ।

सन्दर्भ सूची

(१) दशौं योजना, श्री ५ को सरकार राष्ट्रि योजना आयोग, २०५९ फाल्गुन

(२) 'हिमकर' हेमराज - नेपालमा योजनाहरुको एक झलक - २०५५ वैशाख

(३) प्रधान, गौरी - सामाजिक विकास अभियानमा गैरसरकारी संस्थाहरु : २०५९

(४) आर्थिक सर्वेक्षण : २०६०-२०६१

(५) Stalistical year book of Nepal M 2003

ooo

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत-व्याकरणको प्राचीन परम्परा

✍ गोपालप्रसाद उपाध्याय
उप-प्राध्यापक

ॐ ऋग्यजुः सामरुपाय वेदाहरणकर्मणे ।
प्रणवोद्गीथ-वचसे मुहाश्वशिरसे नमः ॥

सम्पूर्ण ऋषिमहर्षिदेखि नै अद्यावधिका विभिन्न भाषाविद् तथा साहित्यकारहरूले स्वीकार गरेको विश्वको प्राचीनतम ग्रन्थ वेद हो । प्रतिकल्पको आरम्भमा परम कारुणिक परम कृपालु पद्मनाभ भगवानले देवर्षि तथा ऋषिमहर्षिहरुलाई वेदार्थ ज्ञानका निमित्त उपदेशात्मक अध्ययन गराउनुभयो । यसै वेदार्थ ज्ञानका आधारमा नै समस्त दृश्यमान लोकव्यवहार -ज्ञान पनि प्रचलित रहेको तथ्य निम्नाङ्कित व्यासोक्त कारिकाबाट स्पष्ट हुन्छ :

अनादिनिधना नित्या वागुत्सृष्टा स्वयम्भुवा ।
आदौ वेदमयी दिव्या यतः सर्वाः प्रवृत्तयः ॥

अर्थात् कल्पको आरम्भमा स्वयं पद्मनाभ भगवानले ऋषिहरुलाई दिनु भएको उपदेशात्मक ज्ञानका आधारमा समस्त व्यवहारोपयोगी लौकिक ज्ञान पनि प्रचलित छन् । समष्टिमा समुल्लेख्य आशय इहलौकिक, पारलौकिक तथा आध्यात्मिक ज्ञान पनि आधारभूत स्तम्भका रुपमा रहेको प्राचीनतम ग्रन्थ वेदमा नै निहित छ। सम्भवतः यसै आधार भूत स्तम्भमा आधारित वैदिक परम्परामा आस्थावान सम्पूर्ण हिन्दूधर्मावलम्बी हाम्रा पूर्वजहरु देवर्षि, ऋषि, राजर्षि तथा पूर्वाचार्यहरुले यावत् हिन्दूपरम्पराका संस्कार, संस्कृति, धर्म, दर्शन, नीति-राजनीति एवं आदर्श चरित्रादि विषयक सम्वन्ध वेदमा नै स्थापित गर्न अथक प्रयास गरेको उल्लेख यत्रतत्र सर्वत्र ग्रन्थहरुमा उपलब्ध छन् । तसर्थ व्याकरणशास्त्रको अध्ययन अध्यापनको श्रृङ्खलावद्ध परम्परा वैदिककालदेखि नै शुभारम्भ भएको हो भन्ने प्राप्त प्रमाणहरुले प्रमाणित आधारहरु यस प्रकार छन् :

छन्दः पादौ तु वेदस्य हस्तः कल्पोऽथ पठ्यते ।
ज्योतिषामयनं चक्षुर्निरुक्ता क्षोत्रमुच्यते ॥
शिक्षाघ्राणस्तु वेदस्य मुखं व्याकरणं स्मृतम् ।
तस्मात् साङ्गमधीत्यैव ब्रह्मलोक महीयते ॥

अथवा शिक्षा, कल्प ज्योतिष, निरुक्त, छन्द एवं वेदका अभिन्न अङ्ग हुन् । प्रत्येकको सम्वन्ध वेदसँग भएकाले 'वेदाङ्ग' नामकरण गरिएको हुन सक्छ । वेदाङ्गको मूलभूत उद्देश्य संहितापाठ, अध्ययन प्रवृत्तिमात्र नभई वेदका ऋचाहरुको चिन्तन, मनन, विवेचनात्मक, अर्थानुसन्धान तथा विश्लेषणात्मक व्युत्पत्तिमूलक सार्थक ज्ञानार्जनको पनि वैचारिक मन्थनको परिणाम स्वरुप 'मुखं व्याकरण स्मृतम्' को समुद्घोष वेदको प्रधान अङ्गको रुपमा स्वीकार गरिएको हुनुपर्दछ। प्रासङ्गिक सिद्धान्तको पोषक तत्वांशको रुपमा 'प्रथमं छन्दसामङ्गं प्राहुर्व्याकरणं बुधाः' आचार्य भर्तृहरि को सारगर्भित वचन पनि सान्दर्भिक देखिन्छ । एतद् अतिरिक्त वेदका मन्त्रहरुमा पनि व्युत्पत्तियोग्य अनेक समुल्लेख्य उदाहरण छन् । जस्तै

क्व वोऽश्वाः क्वाभीशवः कथं शेक कथा यय ।
पृष्ठे सदो न सोर्यमः ॥ (ऋग्वेद)

रथानां न येराः सनाभयो जिगीवांसो न शूरा अभिद्यवः ।
वेरयवो न मर्या धृतप्रुषोऽभिस्वर्तारो अर्कं न सुष्टुभः ॥
(ऋग्वेद)

यं सुपर्णः परावतः श्येनस्य पुत्र आभरत ।
शतचक्रं योह्म वर्तति : ॥ (ऋग्वेद)

इत्यादि मन्त्रमा किम् शब्दमा अत् प्रत्यय लागेर निष्पन्न भएको ह्रस्वस्वरित स्वरले युक्त 'क्व' पद एवं यत् शब्दमा पनि जस् विभक्ति लागेर निष्पन्न भएको दीर्घस्वरित स्वरले युक्त 'ये' पद जस्ता अनेकौं उदाहरणीय छन् । शब्दशास्त्रका स्वयं प्रामाणिक आचार्य शेषावतार पतञ्जलिले व्याकरण अध्ययन प्रयोजनको रुपमा प्रतिपादित 'चत्वारि श्रृङ्गा .... चत्वारि वाक् ....' इत्यादि मन्त्रको व्याख्या व्याकरणशास्त्रपरक गरेका छन् । अतः यस सिद्धान्त अनुसार व्याकरण शास्त्रको प्रारम्भिक काल वैदिक काल नै हो भन्ने तथ्य सिद्ध हुन्छ ।

यद्यपि व्याकरण शास्त्रको उत्पत्ति सम्वन्धित जिज्ञासाको उत्तर अत्यन्त दुरूह भए तापनि उपलब्ध वैदिक पद पाठको रचना हुनु भन्दा पूर्व व्याकरणशास्त्रको प्रादुर्भाव भएको हुनु पर्दछ । किनकि प्रकृति, प्रत्यय, धातु, उपसर्ग तथा समासघटित पूर्वोत्तरपदको विभाजन आदि व्याकरणको नियममा पूर्णतया आवद्ध भएका देखिन्छन् । वाल्मीकीय रामायणकालमा त व्याकरणशास्त्रको सुव्यवस्थित रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन अध्यापनको श्रृङ्खला प्रारम्भ भइसकेको थियो। यस्तै महाभारत युद्धको समकालीन यास्कीय निरुक्तमा विभिन्न वैयाकरणहरुको नामोल्लेख यसप्रकार गरिएको छ-

न सर्वाणीति गार्ग्यो वैयाकरणानां चैके। (निरुक्त)

नामाख्याते चोपसर्ग निपाताश्चेति वैयाकरणाः। (निरुक्त)

इत्यादि श्लोक व्याकरण शास्त्रका प्राचीनताको सन्दर्भमा उल्लेख्य छन्। महाभाष्यकार पतञ्जलिको अभिमतानुसार अत्यन्त प्राचीनकालदेखि नै व्याकरणशास्त्रको पठनपाठनको चलन थियो। अर्थात त्रेतायुगको आरम्भमा उक्त शास्त्र ग्रन्थरुपमा सुव्यवस्थित भइसकेको थियो भन्ने तथ्याङ्कित वचन-पुराकल्प एतदासीत् संस्कारोत्तर कालं ब्राह्णा व्याकरणं स्माधीयते। शब्दशास्त्रको पर्यायको रूपमा परिणत व्याकरणशब्दको प्रयोग विभिन्न कालमा रचित रामायण, गोपथब्राह्मण, महाभारत आदि विविध ग्रन्थमा उल्लेख गरिएका श्लोक वा वाक्य पनि द्रष्टव्य छन्।

नूनं व्याकरणं कृत्स्नमनेन बहुधाश्रुतम्।

बाहुव्याहरतानेन न किञ्चिदपभाषितम्॥ (रामायण कि.)

तन्मूलतो व्याकरणं व्याकरोतीति तत्तथा। (महाभारत)

उपर्युक्त उदाहरण पनि चिन्तनीय तथा मननीय देखिन्छन् भने, अर्कातिर प्राचीनतालाई झल्काउने सम्प्रति पाणिनीय ग्रन्थमा उल्लेख गरिएका संज्ञा गोपथब्राह्मण ग्रन्थमा पनि समुल्लेख गरिएको पाइन्छ। जस्तैः ओङ्कारं पृच्छामः को धातुः किं प्रातिपदिकं, किं नामाख्यातम्, किं लिङ्गं, किं वचनं, कःप्रत्ययः:, का विभक्तिः, कः स्वरः उपसर्गोनिपातः, किं वै व्याकरणं, को विकारः को विकारी, कति मात्रः, कति वर्णः, कत्यक्षरः, कति पदः, कः संयोगः .... इत्यादि। उपर्युक्त धातु तथा प्रातिपदिकादि संज्ञाहरुले पनि व्याकरणशास्त्रको प्राचीनता सिद्ध हुन्छ। अतः समग्रमा उल्लेख गर्नु पर्दा अपौरुषेय वेदको अतिरिक्त यावत् वैदिकवाङ्मयमा व्याकरणशास्त्र सम्बन्धित परम्परा प्रचलित तथ्य सिद्ध हुन्छ। अतः भगवान पद्मनाभको मुखारबिन्दबाट निःसृत शब्दब्रह्मा वेदराशिको श्रृङ्खलाबद्ध परम्परागत अध्ययन अध्यापनको माध्यमबाट स्वाभाविक हस्तान्तरणको पद्धतिलाई दर्शाउने ऋक्तन्त्रमा उल्लिखित व्याकरणशास्त्रका ज्ञाता आद्यप्रवर्तकको रुपमा स्वीकारोक्ति कथन- ब्रम्हा बृहस्पतये प्रोवाच, बृहस्पतिरिन्द्राय, इन्द्रो भारद्वाजाय, भारद्वाजः ऋषिभ्यः, ऋषयो ब्राह्मणेम्यः इत्यादि सारगर्भित वचनले हाम्रो विशालतम संस्कृत वाङ्मयमा व्याकरणशास्त्रको पारम्परिक पठन पाठनको प्रक्रिया वैदिक कालदेखि नै चलेको तथ्य प्रमाणित हुन्छ।

वस्तुतः प्रातिशाख्य व्याकरणको मुख्य उद्देश्य वेदका विभिन्न शाखा-प्रशाखा मन्त्रादिं सम्वन्धित पदहरुका विश्लेषणात्मक ज्ञान तथा नियमवद्ध निर्वचन गर्नु हो। वेदका प्रत्येक शाखासँग तादात्म्य सम्बन्धको कारण 'प्रतिशाख्य' नामकरणको सार्थकता देखिन्छ। विभिन्न शाखासँग सम्वद्ध व्याकरणका केही नियमहरुको उल्लेख निम्नाङ्कित छन्।

वर्णोच्चारण-शिक्षा, संहिता पाठलाई पदपाठमा परिवर्तन तथा पदपाठलाई संहिता पाठमा परिवर्तन, सन्धिविज्ञान, स्वरविधान, पदविभाजन, स्वरसंरचना आदि विषयहरुको रोचक विवेचना गरिएको पाइन्छ। प्रातिशाख्य ग्रन्थहरुमा व्याकरणका अनेकौं परिभाषित शब्दहरुको पनि उल्लेख गरिएको पाइन्छ। सम्प्रति समयमा सुलभ प्रातिशाख्य ग्रन्थ यस प्रकार रहेका छन्।

ऋक-प्रातिशाख्य, बाजसनेय-प्रातिशाख्य, साम-प्रातिशाख्य, तैत्तिरीय-प्रातिशाख्य, मैत्रायणीय-प्रातिशाख्य, अथर्व-प्रातिशाख्य आदि। प्रातिशाख्य ग्रन्थहरुको रचना काल भन्दा पूर्ववर्ती विभिन्न ब्राह्मणग्रन्थमा पनि व्याकरण सम्वन्धी नियम अथर्ववेदको गोपथब्राह्मण ग्रन्थमा समुल्लेख गरिएका केही उदाहरणहरु- धातु, प्रातिपदिक, आख्यात, लिङ्ग, वचन, विभक्ति, स्वर, उपसर्ग, निपात वर्ण, अक्षर, पद, संयोगादि हुन्। यस्तै ऐतरेय ब्राह्मणग्रन्थमा तथा मैत्रायाणी संहितामा पनि विभक्ति आदिको संक्षिप्त विवेचन छ। तर ब्राह्मण ग्रन्थहरुको मूलभूत उद्देश्य व्याकरणको नियममा आवद्ध भई निर्वचन गर्नु होइन, अपतु प्रासङ्गिक जिज्ञासा मात्र हो। वस्तुतः वैदिक कालमा नै प्रातिशाख्यको रुपमा व्याकरणशास्त्रको उदय तथा विकासको परिणामस्वरुप परवर्ती व्याकरण शास्त्रका प्रवर्तक आचार्यहरुलाई सहयोगार्थ उल्लेख्य सामग्री उपलब्ध भएको देखिन्छ। तसर्थ पाणिनीय अष्टाध्यायीमा उल्लेख भएका उदात्त, अनुदात्त, स्वरितादि संज्ञा प्रातिशाख्य ग्रन्थहरुको योगदान हुनु स्वाभाविक देखिन्छ।

यद्यपि यास्कद्वारा रचित 'निरुक्त' व्याकरणसंग सम्बन्धित ग्रन्थ होइन तथापि शब्दव्युत्पत्ति प्रक्रिया किञ्चित् साम्यता अवश्य पाइन्छ। प्रातिशाख्य ग्रन्थमा समुल्लेख गरिएका नाम, आख्यात, उपसर्ग, निपात, शब्द विभेदको सन्दर्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रातिशाख्यकार र निरुक्तकारको मतैक्यता देखिन्छ । भाषाविज्ञानको क्षेत्रमा सुप्रसिद्ध यास्काचार्यको समय आधुनिक इतिहासकारहरुले ८०० ई.पू. अनुमान गरेका छन् । तसर्थ पाणिनिको आविर्भाव पूर्व व्याकरणशास्त्रको शुभारम्भ भइसकेको थियो । जसलाई संस्कृत-व्याकरणको सृजनात्मक ऐतिहासिक स्वर्णयुगको रुपमा लिन सकिन्छ । किनकि पाणिनि, कात्यायन तथा पतञ्जलिले आ-आफ्नो विद्वत्ताद्वारा संस्कृत व्याकरण शास्त्रको मौलिक सिद्धान्त प्रस्तुत गरेका छन् । व्याकरणशास्त्रमा उक्त त्रिमुनिको प्रमुखताले संस्कृत-व्याकरणको क्षेत्रलाई प्रौढताको शिखरमा पुऱ्याउन निःसन्देह महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

अतः उपर्युक्त संस्कृत-व्याकरणको ऐतिहासिक संक्षिप्त चर्चा पश्चात् संस्कृत भाषाको पनि सामान्य संक्षिप्त चर्चाको आवश्यकता छ । किनकि अन्योन्याश्रित सम्बन्ध भाषा र व्याकरणबीच देखिन्छ। संस्कृत भाषा यद्यपि हजारौं वर्षसम्म लोकव्यवहार वा बोलचालको भाषा थियो । तसर्थ संस्कृत भाषाको गुण वा उपयोगिताको सन्दर्भमा संसारको कुनै पनि भाषाको उपयोगिता भन्दा कम छैन । तथापि दुर्भाग्यवशात् लोकव्यवहार तथा बोलचालबाट सर्वथा वञ्चित गराइएको कारण आज तथाकथित व्यक्ति वा समूह, संस्कृत भाषालाई मृत भाषाको दर्जा दिन दुःसाहसपूर्वक प्रयासरत छन् । तदुक्त दुःसाहसलाई दुरुत्साहित गर्नको निमित्त तथा हामी हाम्रा मूल्य, मान्यता मानवता, हिन्दूराष्ट्रको राष्ट्रियता एवं मानवीय गुण वा संस्कारलाई बुझ्नको निमित्त पनि पुनः एकपटक संस्कृत भाषालाई ग्राह्यतापूर्वक सर्वोच्च स्थान दिनै पर्दछ ।

सुशिक्षित नैतिक आदर्शचरित्रवान् समाजको वास्तविक चाहना हो भने सान्दर्भिक गुणात्मक गुणस्तरीय शिक्षा सम्बन्धित नियम वा कानुनको भ्रामक बहसमा नअलमलिकन कानुन वा नियम नियामक निर्माताले संस्कृत-वाङ्मय अथवा देव वाणीको रुपमा रहेको संस्कृत भाषाको मर्म बुझ्ने प्रयास गर्नु पर्दछ । यसै प्रयासलाई सफल पार्न अनुशासित शिक्षाका लागि अनुशासित भाषाको आवश्यकता पर्दछ । भाषालाई अनुशासित तुल्याउनको निमित्त व्याकरणशास्त्रको प्रादुर्भाव भएको हो । यद्यपि संसारका विभिन्न भाषाका आआफ्नै भाषिक नियम वा व्याकरणग्रन्थ भए तापनि विश्वको सर्वोत्कृष्ट, सर्वमान्य संस्कृतभाषा सम्बन्धी महामुनि पाणिनि-प्रणीत पाणिनीय व्याकरण नै अत्यन्त परिष्कृत तथा लब्धप्रतिष्ठित प्राचीनतम् सर्वश्रेष्ठ ग्रन्थ हो ।

०००

नव वर्ष २०६२ को सुखद् उपलक्ष्यमा
सम्पूर्ण शिक्षक, अभिभावक तथा विद्यार्थी-वर्गमा
उत्तरोत्तर प्रगति तथा दीर्घायुको हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

डा. राजकुमार साउद
(प्रिन्सिपल) तथा
कञ्चन विद्या मन्दिर परिवार
महेन्द्रनगर, कञ्चनपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यूलर : एक महान गणितज्ञ

✍ गंगाप्रसाद पाण्डेय
शारदा विद्यापीठ

मानव सभ्यताको यो विकसित स्वरुप विश्वका विभिन्न समयका महान् व्यक्तित्वहरुको अथक प्रयास, लगनशीलता र तपस्याको उपज हो भन्नुमा कुनै अत्युक्ति नहोला । मानव सभ्यताको विकाससँगसँगै उत्पत्ति भई विकसित हुँदै गएको विषय मध्ये गणित पनि एक हो । गणितलाई आजको विकसित स्वरुप प्राप्त गराउनका लागि विश्वका कैयौं व्यक्ति तथा समुदायले प्रशस्त योगदान पुऱ्याएका छन् । गणितको स्वरुपलाई आजको अवस्थामा पुऱ्याउन अतुलनीय योगदान पुऱ्याउने गणितज्ञहरु मध्ये नाम लिनु पर्दा स्विटजरलैण्डका Leonhard Euler उच्च कोटीमा पर्दछन् । यस लेखको प्रमुख उद्देश्य भनेको गणित विषयसँग सम्बन्धित हरेक व्यक्तिले यस्ता महान् व्यक्तित्वको जीवनीबाट प्रेरित भई आफ्नो भूमिकालाई प्रभावकारी बनाउन कर्तव्यनिष्ठ भई नै रहनु पर्दछ भन्ने हो । वास्तवमा भन्नु पर्दा विश्व सभ्यताको इतिहास र गणितको इतिहाससँग अन्तर सम्बन्धित छ । यसै सन्दर्भमा J.W.LGlaisher भन्दछन् - "I am sure that no subject looses more than mathmatics by any attempt to dissocite it from its history. अर्थात गणितलाई यस्तो ऐतिहासिक विकासबाट पृथक् राख्दा अन्य कुनै पनि विषयले त्यति क्षति व्यहोर्नु पर्दैन जति गणितले व्यहोर्नु पर्छ ।" यूलर सन् १७०७ अप्रेल १५ मा स्विटजरलैण्डको हेलमेसिया भन्ने ठाउँमा जन्मेका थिए । उनी सानै उमेर देखि गणितमा विशेष रुचि राख्ने व्यक्ति थिए । यूलर एउटा पादरीका छोरा थिए । उनका बाबुको गणितप्रति ज्यादै रुचि भएकोले गणितका आधारभूत कुरा सिक्न उनलाई सहज भयो । उनका बाबुले उनलाई Johann Bernoulli को अधिनमा रही गणित अध्ययन गर्ने व्यवस्था मिलाएको हुँदा उनको रुचिले उजागर हुने मौका पायो । तसर्थ Euler ले Theology को क्षेत्र पछि आफ्नो सही स्थान गणितमा पाए । १७ वर्षको उमेरमा यूलरले एम.ए.को डिग्री हासिल गरे जहाँ उनले Comparision between cartesian and Newtorian system विषयमा एक शोधपत्र तयार पारेका थिए । १९ वर्षको उमेरमा नै उनले Paris Academy मा जहाजको मस्तुल (Masting of Ships) र शब्द दर्शन (Pholosophy of sound) भन्ने दुई शोधपत्र बुझाएका थिए ।

सन् १७३३ मा यूलरले एक चित्रकारको छोरी स्विस महिलासँग विवाह गरे र सोही वर्ष उनलाई रुसी सम्राट् Peter बाट रुस बोलाइयो । कोनिसवर्गको पुलबारे एउटा रमाइलो कथा छ । कोनिसवर्ग सहरका वासिन्दाहरु आइतबार शहरका विभिन्न पुलहरुको यात्रा गर्ने गर्दथे । सो सहरको बीचमा प्रेगेल नदी बग्थ्यो । नदीको बीचमा दुईवटा टापुहरु पनि थिए । नदीको किनार र टापुरहरु सातवटा पुलहरुबाट आपसमा जोडिएका थिए । ती पुलहरु नै कोनिसवर्गको पुलको नामले प्रख्यात थिए । त्यसै समयमा रुसी महारानी कैथरीनवाट ती सातवटै पुलहरुलाई एकै पटक नदोहऱ्याई पार गरी सहर घुम्ने व्यक्तिलाई ठूलो धनराशी पुरस्कार दिने घोषणा भयो तर कैयन वर्षको प्रयासमा पनि कोनिसवर्गका बासिन्दाहरु सफल हुन सकेनन् । यो कुरा यूलरको कानमा पुग्यो । त्यस्तो अनुत्तरित समस्यालाई उनले तीन दिनमा नै समाधान गरिदिए ।

चित्र : १



चि



चित्र नं. १ को जस्तै नदी, टापु र सहरलाई सातवटा पुलहरुले जोडेका छन् । यूलरले नदीका दुई किनारलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विन्दु C र D माने र दुई टापुलाई क्रमशः A र B मानी विन्दुहरु जोड्ने रेखाहरुलाई पुलहरु माने र सस्यालाई चित्र नं. २ मा जस्तै सरलीकृत गरे । यो समस्याको समाधान गर्ने क्रममा यूलरले सन् १७३६ मा एउटा गणितीय पद्धतिको विकास गरे जसलाई आजभोलि Network को Traversibility भनिन्छ । नेटवर्क भन्नाले शीर्षविन्दुहरुलाई विभिन्न मार्गद्वारा जोडिएको एउटा चित्र भन्ने बुझिन्छ । यदि Network का सबै शीर्षविन्दुहरु जोर संख्याको मार्गले जोडिएका छन् भने नदोहऱ्याई सबै मार्गहरु पार गरी जहाँबाट प्रस्थान गरेको हो सोही ठाउँमा फर्कन सकिन्छ ।

चित्र : ३



चित्र : ४



चित्र : ५



जस्तो चित्र नं. ३ मा A प्रस्थान र अन्त बिन्दु हो । त्यस्तै यदि Network मा दुईवटा मात्र बिजोर मार्ग जोड्ने शीर्षबिन्दुहरु छन् भने एकै पटकमा यात्रा गर्न त सकिन्छ तर प्रस्थान र अन्त एउटै बिन्दुमा हुँदैन जस्तो चित्र नं. ४ मा B बाट सुरु भई यात्रा बिन्दु D मा अन्त भएको छ। यदि Network मा दुई भन्दा बढी बिजोर शीर्षबिन्दुहरु छन् भने नदोहऱ्याई सबै मार्गको यात्रा सम्भव छैन । जस्तो चित्र नं. ५ त्यस कोटीको Network हो । पुल सम्बन्धी समस्यालाई चित्र नं.२ को Network मा रुपान्तरण गर्दा A,B,C र D बिजोर शीर्षबिन्दुहरु हुन् । तिनीहरुमा पाँच र तीन मार्गहरु जोडिएका छन्। कुनै पनि बिजोर शीर्षबिन्दुहरु Network को प्रस्थान र अन्तिम बिन्दु हुन सक्छन्। त्यसरी नै पुलका सबै शीर्षविन्दुहरु प्रस्थान र अन्तिम बिन्दु हुन गए र Network आगमनको सिद्धान्त अनुसार केवल दुईवटा मात्र विजोर शीर्षविन्दु भएमा नदोहऱ्याइ Network पार गर्न सकिन्छ । अतः चित्र नं. २ को Network मा दुईवटा भन्दा बढी विजोर शीर्षविन्दुहरु भएको हुँदा एक पटक पुल पार गरेर सहरको यात्रा सम्भव हुन सक्छ भन्ने कुरा यूलरले प्रमाणित गरे ।

गणितका यस्तै विभिन्न समस्याहरुमा चिन्तनमनन गर्दा गर्दै सन् १७३५ मा उनले एउटा आँखा गुमाए र सन् १७६६ मा उनका दुबै आँखा बन्द भए । यस्तो कठिन परिस्थितिमा पनि उनले गणित सम्बन्धी ६०० वटा कृतिहरु प्रकाशित गरे । Functional Notation को लागि f(n) तथा Natural logarihm को आधारको लागि e, त्रिभुज ABC को भुजालाई संकेत गर्नका लागि a,b,c आदिको प्रयोग गर्ने चलन पनि यिनले नै चलाएका हुन्। योगको लागि Σ र imaginang को लागि i, त्यस्तै s semiperimeter of त्रिभुज ABC र त्रिभुज ABC को inradius, र circumradius को लागि क्रमशः r र R को प्रयोग गर्ने चलन पनि यूलरले नै गरेका हुन्। e, π, i र Σ जस्ता उन्नत गणितमा प्रयोग हुने संकेतहरु यूलर स्वयंले आविष्कार गरेका थिए । उनले आजभोलिको अति महत्वपूर्ण सूत्र eix = cosx+isinx र ii e -π/2 जस्ता असाधारण चाख लाग्दा संख्याहरुको सम्बन्ध जसले रहस्यात्मक महत्वलाई प्रतिवम्बित गर्दछ उनले ल्याएका थिए । e र π बिना सायद ब्रम्हाण्डको कल्पना कठिन हुन्थ्यो होला । प्रकृतिको नियमलाई बुझ्ने र व्याख्या गर्ने अति पुरानो विधि (Primitive Dimension) को प्रयोग गर्नुपर्ने अवस्था आउँथ्यो होला ।

Number Theory मा पनि यूलरको विशिष्ट योगदान रहेको छ । कुनै पूर्ण संख्या n को लागि, संख्या 2^{2n+1} जहिले पनि Prime हुन्छ भन्ने Fermate को दावीलाई यूलरले नै गलत सावित गरिदिए । यसमा n= 0, 1, 2, 3 र 4 सम्म Prime संख्या प्राप्त भयो तर n=5 मा आउने संख्यालाई 641 ले भाग गयो । यिनले स्तरीय calculus को लागि Φ, Beta र Gamma Function को विकास गर्नुका साथै Differantioal Equation को Solution को लागि Integrating

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

factor को Idea दिए । Polyhedra का Vertices (v), Edges (E) र Faces (F) हुँदा V+F-E=2 जस्तो सम्बन्धलाई यिनले प्रमाणित गरे । समूह (set) र तर्क (logic) मा यूलर Diagram को प्रयोग गरी कुनै कथनको वैधता प्रमाणित गर्ने विधि यिनीबाटै प्रतिपादित भएको हो ।

३० वर्षको उमेरमा सन् १७३७ मा समुद्रविज्ञान सम्बन्धी परिवर्तनको अविच्छिन्न गति (Flux and Reflux) सिद्धान्तको शोधपत्रमा Paris Academy ले उनलाई सम्मानित गऱ्यो । सन् १७४१ मा जर्मन सम्राट, Fredrek ले उनलाई जर्मन बस्न आमन्त्रण गरे र १७६६ सम्म जर्मन बसे । सन् १७३८ मा फेन्च प्रज्ञा प्रतिष्ठानले 'आगो' विषयमा लेख लेख्ने प्रतियोगितामा यूलर विजयी बने । सन् १७७१ मा उनको घरमा आगो लागि उनका हस्तलिखित पुस्तक बाहेक अरु पुस्तकहरु जले । उनको अन्तिम उद्देश्य Analysis र Calulus मा पूर्णता प्रदान गर्नु थियो । गणितको हरेक क्षेत्रमा उनको नाम जोडिएकोले गणितीय इतिहासमा उनी गणितका ठूला ग्रन्थकार मानिन्छन् । पृथ्वीमा जस्तै अन्य ग्रहहरुमा पनि मानव जीवात्मा हुँदो हो त यूलरद्वारा रचित उच्च स्तरीय गणित नै प्रयोगमा आउँथ्यो होला । आज हाम्रा सामु यी विलक्षण प्रतिभाका धनी महान् गणितज्ञ नभएता पनि उनका अमर कृति र गणित प्रतिको उनको अगाध प्रेमले गणितसँग सम्बन्धित सबैलाई प्रेरित गरिनै रहने छ । पृथ्वीको अस्तित्व रहेसम्म गणितप्रति रुचि राख्ने जो कसैको मनमस्तिष्का यूलर अटल रहनेछन् ।

स्रोत :

a. *Eves. H, An Introduction to the history of mathematics. Newyork, Holt, Rinehart and winston.*
b. *Sudhir Kumar, Teaching of Mathematics. Anmol Publication New Delhi.*
c. *Mathematics Education Forum, Council for Mathematics Education. Kathmandu.*

नव वर्ष २०६२ को सुखद् उपलक्ष्यमा सम्पूर्ण शिक्षक, अभिभावक तथा विद्यार्थी वर्गमा उत्तरोत्तर प्रगति तथा दीर्घायुको हार्दिक मंलमय शुभ-कामना व्यक्त गर्दछौं ।

मोहनदत्त जोशी
(प्रधानाध्यापक) तथा
बैजनाथ उच्च माध्यमिक विद्यालय परिवार
महेन्द्रनगर, कञ्चनपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणशास्त्रे शाब्दबोध मूलाधाररूपस्फोटशब्दः

✍ डिल्लीप्रसाद कोइराला

स्फोटशब्दस्य कदा उत्पतिरभूत् अस्य शब्दस्य कोऽर्थः किञ्च स्थानं व्याकरणशास्त्रे वर्तते, अयञ्च गम्भीर विषयोऽस्ति अस्य स्फोटशब्दस्य प्रयोगः पाणिनिपूर्वं द्रष्टुंशक्यते। पणिनिना स्वाष्टाध्यायीनामकव्याकरणग्रन्थे 'अवङ् स्फोटायनस्य ११।५५ इदं सूत्रं स्फोटायनर्षेरादरार्थं प्रणीतम् ।'

कोऽयं स्फोटशब्दः ? इति जिज्ञासायां विविधैर्विद्वद्भिः स्वस्वशास्त्रानुसारेण मतं स्थापितम्, केचित् वर्णस्फोटेन शाब्दबोधो भवतीति कथयन्ति, केचन पदस्फोटस्वीकारेण शाब्दबोधः, केचिद् विद्वांसस्तु अखण्डपदात् अखण्डवाक्याद् वा एव शाब्दबोधो भवतीति स्वीकुर्वन्ति ।

तेषां विदुषां मध्ये आद्यमीमांसकानां मतं - कोऽयं वृत्याश्रयःशब्दः ? इति प्रश्ने उत्तरयन्ति वर्णवृत्याश्रयशब्दः वर्णस्फोट स्वीकारेण एव शाब्दबोधः। यदि वर्णाःवृत्याश्रयाश्चेह धनं, वनम् इत्यादिशब्देषु प्रतिवर्णं प्रातिपदिकत्वात् 'नलोपः प्रातिपदिकान्तस्य' इति सूत्रेण नलोपापत्तिरिति, उच्चरित प्रध्वंसितत्वेन यौगपद्यासंभवात् । अभिव्यक्तेरुत्पत्तेर्वा क्षणस्थायित्वात्, क्षणात्मककालस्य चिरस्थायित्वासंभवात्। तत्र 'इको यणचि' इति सूत्रे 'तस्मिन्निति निर्दिष्टे पूर्वस्य' इति परिभाषा सूत्रोपरिस्थतिपूर्वकोऽयं पूर्वोऽयं परः, प्रत्यक्षविषयेदं शब्देन पौर्वापर्यव्यवहाराऽसंभवाच्च। अतः वर्णस्फोट वादिनां मीमांसकानां मतं खण्डितम् ।

नैयायिकाः पदस्फोटम् आमनन्ति । चेत 'वर्णानामतित्यवेऽपि पूर्वपूर्ववर्णत्वमव्यवहितोत्तरत्वसम्बन्धेन संस्कार वशाद् गृहयते इति पदस्य प्रत्यक्षवशात् शाब्दबोधो भवतीति कथयन्ति, इदञ्चाद्यप्रमाणम्। द्वितीयञ्च 'शब्दज शब्दन्यायेन...' सजातीय शब्दज्ञानेन उच्चरितवर्णाश्चर मवर्णोत्पत्तिपर्यन्तं ज्ञानं भवति, युगपदेव सर्ववर्णोपलब्धेन पदप्रत्यक्षानुपपत्तिरिति ।

तृतीयश्च - पूर्वपूर्वानुभवजन्यसंस्कारवशात् चरमवर्णा नुभवतः शाब्दबोधः ।

तन्न, भवितुं शक्नोति, आद्योऽयं पूर्वोऽयं परः इव्यभिलापासंभवेनाव्यवहितोत्तरत्वसंवन्धस्य योगासंभवात् नष्टविद्यमानयोरव्यवहितोत्तरत्वसम्बन्धस्य वक्तुमशक्यत्वाच्च।

द्वितीये - शब्दजशब्दन्यायेन पदप्रत्यक्षोपपादानेऽपि पदस्याविद्यमानत्वेन तत्र शक्त्याश्रयत्वस्य ग्रहणानुपपत्तेः अविद्यमानत्वेऽपि स्वीक्रियते इति चेत् 'नष्टोघटो जलवान्' इत्याद्यापत्तेश्च ।

तृतीयप्रमाणमपि न समीचीनं वर्तते- येन क्रमेणानुभवः तेनैवक्रमेण तत्संस्कारस्थितिः, इत्यत्रापि निश्चायकहेत्वभावं सरोरसः, नदी दीन, इत्यादौ बिपरीतव्यतिक्रमस्य संस्कारस्य उपस्थितित्वात्, उत्पत्तिविनाशवत्, वर्णसमुदायपदस्य मनुष्यादिवद् भेदे एक इन्द्रशब्दः ऋतुशते प्रादुर्भूतः (अभिव्यक्तः) युगपत् सर्वयागेष्वङ्ग भवतीति भाव्यविरोधाच्च ।

अतः कस्तर्हिशब्दः? इति जिज्ञासोदिते वैयाकरणाः कथयन्ति स्फोटात्मकःशब्दः। स्फोटश्च स्फुटति अर्थोयस्मात् स स्फोटः। स्फुट्यते प्रकाशते अभिव्यक्ती भवति अर्थोऽनेन स स्फोटःइति। उच्यते चतुर्विधा वागस्ति-परा, पश्यन्ती, मध्यमा, वैखरी, तत्र मध्यमावागेव स्फोटव्यञ्जक उच्यते, उक्तञ्च हरिणाः -

परावाङ्मूल चक्रस्था पश्यन्ती नाभिसंस्थिता ।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ॥
वैखर्या हि कृतो नादः परश्रवणगोचरः ।
मध्यमया कृतो नादः स्फोटव्यञ्जक उच्यते ॥

चतुर्विधवाक्षु मध्यमावैखरीभ्यां नाद उत्पद्यते, तत्र मध्यमा नादोऽर्थवाचकः, स्फोटात्मक शब्द व्यञ्जकश्च। मध्यमानाद सूक्ष्मतरवायुव्यङग्यः शब्द ब्रम्हस्वरुप स्फोट व्यञ्जकश्च । तादृशमध्यमानादव्यङ्ग्य स्फोटात्मक व्रह्मास्वरुपो नित्यश्च ।

तत्रोपाधिभेदेन स्फोटाअष्टौ सन्ति- वर्णपदवाक्यादि भेदेन त्रयःयथा १) व्यक्तिवर्णस्फोटः २) जातिवर्णस्फोटः ३) व्यक्तिपदस्फोटः ४) जाति पदस्फोटः ५) व्यक्ति वाक्यस्फोटः ६) जातिवाक्यस्फोटः ७) अखण्डपदस्फोटः
८) अखण्डवाक्यस्फोटः ।

वस्तुतस्तु स्फोट एक एव अखण्डवाक्यमेव, सचोपाधिवशात् अष्टौसन्ति, यथाएकाकाशे, घटाकाशः, महाकाः, इत्यादि लोकेऽपि व्यवहारो वर्तते, एतच्च मन्दबुद्धिमनुष्याणां बोधनाय एव अष्टौस्फोटाः प्रतिपादिताः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिगतोपाधिः भेद एव ।

अखण्डवाक्यमेव वास्तविकः स्फोटः, वाक्यप्रयुक्तोऽन्यपदानान्तु न्यायनये चित्रगुःसमासादौ चित्रादिपदवत् पूर्वपूर्ववर्णं पदन्तु तात्पर्यग्राहकः इदमेव वचनं प्रमाणायितुम् उक्तञ्च हरिणाः -

पदे न वर्णाविद्यन्ते वर्णेष्ववयवा न च ।
वाक्यात् पदानामात्यन्तं प्रविवेको न कश्चन ॥

स्पष्टञ्चाऽस्ति अष्टविधेषु स्फोटेषु मुख्य एक एव तत्र पदे - पदस्फोटे वर्णाः नविद्यन्ते एकपदे कत्व खत्वादि वर्णाः न विद्यन्ते, वर्णेष्वपि अवयवाःन विद्यन्ते, यथा क, ख वर्णेषु वोधावस्थायी क्+अ, ख्+अ इत्यंभेदो न वुध्यते, इत्यंप्रकारेण वाक्ये पदानां सूक्ष्मतरात् प्रविवेकः पार्थक्यं नास्तीति। स चस्फोटः, व्रहास्वरुपोऽस्ति।

पक्षमिमं समर्थयन्नाह हरिः

अनादि निधनंव्रह्मा शव्दतत्वं यदक्षरम् ।
विवर्ततेऽर्थ भावेन प्रक्रिया जगतोयतः ॥

आदि अन्त्यरहित व्रह्मास्वरुपः स्फोटशव्दः सच व्रह्मणः जगतोऽर्थभावेन, विवर्तते.प्रसरतेऽर्थरुपतया प्रतीयते शब्दादेव जगतश्च सृष्टिर्जायते । इति ।

स्फोटग्रहणक्रमे प्राकृतध्वनिरेखोच्यते स्फोटात्मा व्यञ्जनाय प्राकृतध्वनि प्रयोगो भवति स्फोटव्यङग्यस्यपश्चात् विकृतध्वनिः श्रुयते, उक्तञ्च हरिणाः -

शब्दस्य ग्रहणे हेतुः प्राकृतो ध्वनिरिष्यते ।
शब्दस्योर्ध्वमभिव्यक्तेर्वृत्तिभेदे तु वैकृताः ॥
ध्वनयःसमुपोहन्ते स्फोटात्मा तैर्न भिद्यते ॥

॥ इत्यलम् ॥

"वर्तमानको संकटमा जो राष्ट्रिय एकता ल्याउनु पर्दछ त्यो प्रजातन्त्रबाट नै राष्ट्रिय एकता हुनसक्छ । ऐले जो व्यवस्था छ त्यसबाट राष्ट्रिय एकता हुन सक्दैन ।"

स्व० वी० पी० कोइराला
(राष्ट्रिय एकताको सन्दर्भमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोऽयंरसः

✍ श्यामप्रसाद रेग्मी
उप-प्राध्यापकः

गजत्यस्मिन् नानाविधैः लौकिकसुखसाधनैः युक्तोऽपि जनः वास्तविकरूपेण सुखानुभवेऽसमर्थो दृश्यते चेत् कदाचित्त् लौकिकसुखसाधनविरहितोऽपि जनः परमानन्दसिन्धौ निमग्नो दृश्यते ।

अतः कोऽयमानन्दः ? इत्यस्मिन् विषये सम्यङ्गिनरूपणं विधाय महर्षिभिरस्माकं वेदशास्त्रेषु प्रतिपादितं यत्

"रसो वै सः रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति"

रसशब्दोऽपि बहुषु शास्त्रेषु बहुष्वर्थेषु परिभाषितोऽस्ति ।

यथा-श्रृङ्गारादिरूपेऽर्थे-लौकिकसंस्कृते, शक्तिप्रदे औषधेऽर्थे-आयुर्वेदे, मधुराम्ललवणकटुकषायतिक्तेषु षट्सु पेयरसेषु-न्यायवैशेषिके, आत्मार्थे-उपनिषद्सु ।

अनेन प्रकारेण बहुषु शास्त्रेषु पृथक्पृथग्रूपेण परिभाषितो रसशब्दः लौकिकसंस्कृतसाहित्ये श्रृङ्गारादिरूपेऽर्थे तु ईसा पूर्व ४०० वर्षपूर्वमेव पयुक्तमासीदित्यनुमीयते । अलौकिकचमत्कारकः परमानन्दापरपर्याय एष रसः लौकिकसंस्कृतसाहित्ये श्रृङ्गारादिरूपेऽर्थे कथं प्रयुक्तोऽभूत् इत्यस्मिन् विषयेऽन्वेषणात् पूर्वं दृश्यकाव्यस्योत्पत्तिविषयेऽपि चर्चा कर्तव्या भवति। नाट्यशास्त्रप्रवर्तकस्य भरतमुनेः रससूत्रस्याद्यत्वात् दृश्यकाव्यस्याधार एव रसस्य चर्चा विधीयते मयात्र ।

वस्तुतः बालकानां क्रीडादिकमेव दृश्यकाव्यस्याधारभूमित्वेनाङ्गीकर्तुमुपयुक्त जायते । इष्टवस्तुनः प्राप्तावनिष्टस्यावसाने सति बालकानां मनस्यानन्दप्रवाहः एव प्रवहति । सः चाननन्दप्रवाहः तेषां बालकानां हृदयेभ्यः धावनहसनवाक्विकृत्यादिरूपेण बहिर्निस्सरति । तेषामानन्दातिरेकमवलोक्य प्रबुद्धाः अभिभावकारपि तैःसहक्रीडन्तः आनन्दसिन्धौ निमग्नाः जायन्ते ।

तत् पश्चात् कतिपये भावुकारभिनयकर्मणि कुशलाः पुरुषाश्चालौकिकमानन्दप्राप्तिहेतोः तेषां बालकानामनुकरणे प्रवृत्ताः बभूवुः ।

अस्मिन् दैहिकानुकरणे तदनुकूलायाः वाण्याः समायोजने विहिते सति इदमेवानुकरणम् (अभिनयः) मनोरञ्जनस्याद्वितीयं साधनं भविष्यतीति विचार्य रमणीयार्थप्रतिपादकैः छन्दोवद्धैः पद्यैः सुललितैर्गद्याशैर्वा लौकिकालौकिकधार्मिक सामाजिकव्यवहारस्यानुकरणं विधातुं वाल्मीकिव्यासप्रभृतयः कवयः प्रवृत्ताअभूवन् । येषामभिनयः वाक्स्वरूपं वाक्प्रपञ्चो वा काव्यमित्यभिधीयते ।

पश्चादिदमेवकाव्यं महाकाव्यखण्डकाव्यनाटकप्रकरणादिषु बहुषु भेदेषु विभक्तमभूत् । अतः येषां (काव्यानाम् दर्शनात् श्रवणात् पठनात् लेखनाद्वा सहृदयहृदयाः परमानन्दे लीनाः जायन्तेस्म ।

तत् पश्चात् कोऽयमानन्दः ? इत्यस्मिन् विषये कुशाग्रबुद्धयः तर्कशीलाश्च पुरुषाः पुनर्पुनरनुसन्धाने दत्तचित्ता वभूवुः ।

'रस्यते आस्वाद्यते इति रसः' इति व्युत्पत्तिबलेन ज्ञायते यदास्वादनयोग्यमलौकिकमानन्दमेव रसः । तस्मादपि- अनुसन्धानशीलानां मनीषिणां गवेषणपद्धतिर्न विरमति । अतः कोऽयमानन्दापरपर्यायो रसः इत्यस्मिन् विषये तेषां जिज्ञासा जागर्ति ।

नाटके विभावरूपाभिनयकुशलौ नटीनटौ चावलोक्य सहृदयानां मनस्यात्मनः प्रेयस्याः कान्तस्य वा स्मरणं जायते । तत्स्मरणेनैव सामाजिकेष्वानन्दानुभूतिर्जायत इति ज्ञानात् "विभाव्यमानो विभावो रसः" इयं मान्यता प्रतिष्ठापिता कियत्कालं यावत् प्रचलिता च ।

दिनेषु व्यतीतेष्वस्यां विचारधारायामपि परिवर्तनं जातम् । ननु आलम्बनविभाव एव रसः स्यात् तर्हि रत्याद्यनुकूलचेष्टा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

निर्रहितयोरालम्बनविभावयोः (नायिकानायकयोः) दर्शनादप्यानन्दानुभूतिर्वा रसस्याभिव्यक्तिर्भवेत् परमेतन्न । अतः भूयोभूयोऽनुसन्धानेन ज्ञायतेयत् नालम्बनविभाव एव रसः । अपित्वालम्बनविभावयोश्चेष्टा वा पुनर्पुनरनुसंधीयमानोऽश्रुपातकटाक्षभुजक्षेपादयोऽनुभाव एव रसः ।

CC-0. In Public Domain. Digitization by eGangotri

कियति काले याते मतेऽस्मिन्नप्यनभिरुचिं प्रदर्श्य स्वमतं स्थापयन्ति केचिद्यथा-नाटके नटनटीभिरभिनयचातुर्येण कटाक्षभुजक्षेपादयोऽनुभावाः सम्यक् प्रदर्शित्तेऽपि यावत्तेऽन्योऽन्यं व्यभिचारिभावापरपर्यायकं हर्षवेगादिकं चित्तवृतिविशेषं रत्याद्यनुकूलत्वेनाभिव्यञ्जयितुं साफल्यं नाप्नुवन्ति तावत् सहृदयहृदयोदधावानन्दतरङ्गः नैवोच्छलतीति ।

अतः पुनर्पुनरनुसन्धीयमानो व्यभिचारिभावापरपर्यायो हर्षावेगादिकश्चित्तवृत्तिविशेषः एव रसः ।
केषाञ्चित्मते तु येषु त्रिषु भावेषु यः चमत्कारकारी स्यात् स एव रसः । अन्यथा त्रयोऽपि न इति । एवं विभावादयस्त्रयः समुदिता रसाः इत्यत्यस्ति केषाञ्चिन्मतम् ।

तत् पश्चात् नाट्यशास्त्रप्रवर्तक आचार्यो भरतमुनिः सारवदसन्दिग्धं रससूत्रं प्रस्त्तौति यथा-

'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिरिति'

अस्यायमर्थः रत्यादीनां स्थायिनां विभावादिभिः समं व्यङ्ग्यव्यञ्जकभावरूपसम्बधात्, विभावादीनां वा परस्परसंयोगात् रसस्य निष्पत्तिः अभिव्यक्तिर्भवतीति ।

परवर्तिनः भट्टलोल्लरश्रीशङ्कुकभट्टनायकाभिनवगुप्तपादाश्च एते भरतनाट्यशास्त्रस्य व्याख्याकाराश्चत्वारः आचार्याः प्रत्यक्षानुमितिशाब्दज्ञानेषु मध्ये केन ज्ञानेन रसस्यप्रतीतिर्भवति ? एवञ्च रसप्रतीतिः कुत्र जायते ? अनुकार्ये रामादौ ?, अनुकर्तरि नटादौ, किं वा सहृदयेषु ? इति विषयद्वयमङ्गीकृत्य भरतस्येदमेव रससूत्रं स्वस्वमतानुसारेण व्याख्यायन्ते । वस्तुतः येषां व्याख्यानादेव रसप्रस्थाने उत्पत्तिवादः, अनुमितिवादः, भुक्तिवादः अभिव्यक्तिवादश्च-तेषां चतुर्णां वादानामुदयो जातः ।

१- येषु चतुर्ष्वाचार्येषु मध्ये उत्पत्तिपादस्याद्याचार्यो भट्टलोल्लटोऽस्ति ।
अस्य मते मुख्यया वृत्त्या विभावादीनां प्रत्यक्षसम्बन्धात् दुष्यन्तादावनुकार्ये यथार्थरूपेण रसः प्रतीयमानो भवति । तद्रूपतानुसंधानात् नटेऽपि रसः प्रतीयमानो भवति ।

२- अनुमितिवादस्याद्याचार्यो श्रीशंङ्कुकोऽस्ति । अस्य मते चित्रतुरगन्यायेन, कृत्रिमत्वेऽपि, अकृत्रिमत्वेन प्रतीयमानैः विभावादिशब्दव्यपदेश्यैः संयोगाद् गम्यगमकभावरुपाद् रामादिनामभिनययोग्ये नटे रत्यादीनामनुमितिर्भवति ।

३- भुक्तिवादस्याद्याचार्यो भट्टनायकोऽस्ति । अस्य मते भावकत्वव्यापारेण साधारणीकृताः रामादयो विभावाः एवं तत्संबन्धिनो रत्यादयश्च व्यक्तिविशेषभावं विहाय सामान्यरूपे कामिनीजनरूपेणोपस्थाप्यन्ते । एते एव साधारणीकृताः भावाः भोजकत्वव्यापारेणात्मानन्दरूपेण सामाजिकैः भुज्यन्ते ।

४- अभिव्यक्तिवादप्रवर्तकस्याभिनवगुप्तपादाचार्यस्य मतमेव रसप्रस्थाने सर्वमान्यत्वेन प्रतिष्ठापितमस्ति । अस्य मते सामाजिकानामात्मनि वासनया स्थितानां रत्यादिस्थायिभावानां साधारणीकृतैः विभावादिभिः सह संयोगाद् व्यङ्ग्यव्यञ्जकभावसंबन्धात् (सहृदयेषु) रसस्याभिव्यक्तिर्भवति ।

अनन्तरं साहित्यशास्त्रसमीक्षकाः आचार्यप्रवराः मम्मटविश्वनाथजगन्नाथप्रभृतयोऽपि अस्यैव मतस्याधारे स्वग्रन्थेषु रसस्य परिभाषाम् अर्कुवन् ।

पूर्वीयकाव्यसमालोचनायां प्रचलितेषु अलंकारप्रस्थाने, रीतिप्रस्थाने, वक्रोक्तिप्रस्थाने, ध्वनिप्रस्थाने, औचिरप्रस्थाने च येतेषु षट्सु प्रस्थानेषु रसप्रस्थानमेव सर्वव्यापकत्वेन वर्तते ।

पूर्वीयकाव्यशास्त्रेषु यथा विस्तृतरूपेण रसस्य विवेचनमभूत् न तथा पाश्चात्यकाव्यशास्त्रेषु । तथापि ते तत्र रसस्य सत्तामेव नाङ्गीकुर्वन्ति इति न अपितु प्रकारान्तरेण कुर्वन्त्येव । ०००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बझाङ्गी लोकगीतमा अन्तरनिहित विषयवस्तु

✍ लक्ष्मीराज पण्डित

लोकगीत लोकमानसको सुख-दुःख, हर्ष-विस्मात्, आशा निराशा, संयोग वियोग आदिको सुकोमल अभिव्यक्ति हो। लोकजीवनका प्रत्येक उकाली ओराली लेक र वेशीमा लोकगीतको गुञ्जन भएको पाइन्छ। मानिस एकातिर हर्षोल्लास बटुल्न चाहन्छ भने अर्कातिर आफ्ना मनको दुःख पोखेर हलुको पनि हुन खोज्छ। त्यसैले गाउँनु गुनगुनाउँनु लोकको नैसर्गिक गुण हो र उसको सम्पूर्ण जीवन नै गीतिमय भएको आभास हुन्छ। लोक जीवनका रहनसहन रीतिथिति, विधि, व्यवहार, विश्वास, मान्यता बझाङ्गी लोकगीतमा प्रकट भएका छन्। यसरी हेर्दा लोकगीत वझाङ्गी लोकजीवनको मात्र नभएर नेपाली जातिकै सिङ्गो इतिहास हो। लोकगीतबाट नै राष्ट्रको इतिहास जान्न सहयोग पाइन्छ।

बझाङ्गी लोकगीतमा लोकमानसको सुन्दर परिचय पाइन्छ। जीवनका समस्त रागात्मक वृत्तिदेखि आध्यात्मिक भावनासम्मको अभिव्यक्ति हुने भएकोले लोकगीतमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, साहित्यिक विषयवस्तु अन्तरनिहित छन् भने हेर्न र ठम्याउन सकिन्छ। जेहोस् बझाङ्गी लोकगीतले एक झलकमै लोकजीवनका विविध प्रसङ्गलाई टिपिरहेका हुन्छन्। वाल्यावस्थामा नाच्दै गाउँदै खेल्ने साधन, युवावस्थामा मायाप्रीति गाँस्ने सूत्र, संयोग वियोगमा सम्झाउँनी, विर्साउँनीका उद्‌गार र प्रौढावस्थामा मन वहलाउने माध्यम लोकगीत नै हुन्। यी गीतहरुमा लोक जीवनले भोग्दै आएका कथा र व्यथाहरु छन्। माया-ममता इच्छालाई व्यक्त गर्नु र जीवनलाई स्वस्थ, सुन्दर रूपमा कल्पना गर्नु पनि लोकगीतका विशेषता हुन्। यसरी लोक गीतको अध्ययन गर्दा हाम्रो सिङ्गो सामाजिक जीवन नै विषयवस्तुका रुपमा प्रतिविम्वित भएको छ। यसै परिप्रेक्ष्यमा वझाङ्गी लोकगीतमा भेटिने विषयवस्तुको संक्षिप्त रेखाङ्कन गर्ने प्रयास यसमा गरिएको छ।

१. सामाजिक चित्रण -

मानिस सामाजिक प्राणी भएकोले उसका निम्ति समाज साझा चौतारी जस्तै हो। यसै समाजमा मान्छे जन्मन्छ, हुर्कन्छ, हाँस्छ, खेल्छ र आफ्ना दायित्व पुरा गर्दै जीवनका विसौनीहरु पार गर्दछ। यहाँको लोकजीवनले आफ्ना मनका भावनाहरु गीतका माध्यमहरुबाट व्यक्त गर्ने क्रममा सामाजिक जीवनका धेरै राम्रा नराम्रा कुराहरुका साथै समाजका विकृति, विसंगति, सुख दुःख, माया प्रेम, पारिवारिक सम्बन्ध, नाता कुटुम्बबीचको हार्दिकता आदि विविध पक्षका भावतरङ्ग बझाङ्गी लोकगीतमा व्यक्त भएका पाइन्छन्। बझाङ्गी लोकगीतमा बाल्यकालदेखि बुढ्यौलीसम्मका विभिन्न प्रसङ्गमा समाजको साकार चित्र प्रस्तुत भएको हेर्न सकिन्छ।

सबभन्दा पहिले हाम्रो समाजका कुरा गर्दा पहिलो नम्वरमा गरीबी आउँछ। बझाङ्गी लोकगीतले पनि गरीबीले ल्याएका विसङ्गतिहरु मध्ये एउटा जारी प्रथा पनि हो। यही जारी बुझाउने बाध्यतामा कतिपयले घरवारी बेच्नु परेको पाईन्छ भने कतिपयले नाजायज फाइदा उठाइरहेका पाइन्छन्। तलको गीतमा दुई जनाको बीच वादविवाद हुन्छ। एउटाले भन्छ, तँ आफूलाई महान् सम्झन्छस्, तर अदुवा बेचेर जीविका निर्वाह गरेर बाँचेको छस्। अर्कोले जवाफमा एउटा कटु भाव व्यक्त गरेर भन्छ, गरीवीको कारण मानिसले स्वास्नीलाई समेत बेचिसके भने अदुवाको व्यापार गरेर आत्मनिर्भर बन्नु त असल हो। निम्न लोकगीतले यो चित्र यसरी व्यक्त गरेको छ-

भात पाक्यो फिती फिती तिउन उसै भिजी
आदो वेची गुजरा अद्दा तमेइ ठूला रिथी
मनका कुणा मनै रैग्या तमुखी सञ्च हो
सबुइले स्वाइनीलै बेच्यो अदुवा बञ्ज हो

बझाङ्गी समाजमा छोरीलाई बेच्ने प्रथा पनि सामाजिक विसङ्गतिका रुपमा विद्यमान रहेको छ, जो निम्न लोकगीतले प्रस्तुत गरेको देखिन्छ -

बुवाले चेलीलाई बेच्यो गुणका भेलीले
बाँच्नु भन्दा मरीझानु पहाड चेलीले

उपर्युक्त गीतमा गरीबीको कारण छोरीलाई बेचेर आमा बावुले जीवन निर्वाह गर्ने प्रचलन छ भने अर्को विक्री गरेकी छोरीले पोइली पक्षबाट घरेलु हिंसाका कारण दुःख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाउने कुरा प्रष्ट हुन्छ ।

यहाँको जारी प्रथाको समस्याले गर्दा कतिपय प्रेमी-प्रेमीकाहरु धनको अभावमा आफ्नो मन मिलेका प्रेमी प्रेमिकाहरुसंग विवाह गर्न पाउँदैनन्। उनीहरुले एक आपसमा अलग्गिनु पर्ने हुन्छ। त्यसैले निम्न गीतमा प्रेमीको तिमीसंग माया प्रीति गाँस्छु भन्ने भनाइमा प्रेमिका-पैसा छ भने मसंग विवाह गर नत्र बाबु आमाले दिन्न भन्ने विवशता व्यक्त भएको देखिन्छ -

केटो : बामनखी कुरुपान (झोला) जोगिखी थनरी (चिम्टा)
आउँछु तेरा लाउँछु प्रिती सर्पका जसरी
केटी : काँखी छ बाल्याको बत्ती काँखी छ देवती,
पैसा भया छन्काई लैझा मेरा नाउँको खेती

बझाङ्गी लोकगीतमा छोरीप्रति गरिने असमान व्यवहारका कुराहरु पनि अभिव्यक्त भएको पाइन्छ । छोरीलाई स्कूल पठाउँदा न उनीहरु शिक्षिका हुन्छन् न उनीहरुले निजामती सेवामा प्रवेश गर्न सक्छन् बरु छोरीलाई पढायो भने उनीहरु पछि काम गर्न असमर्थ हुन्छन् भन्ने अवधारणा यस समाजमा व्याप्त रहेको कुरा निम्न पंक्तिबाट व्यक्त भएको पाइन्छ।

नै पढी माष्टन्नी हुन्या नै जागिर खान्या हौ
खाजा भुटी छ्याकलाउन्या हौ दुई चुल्ठा बाट्न्या हौ

यस्तै यस समाजमा प्रचलित वाल विवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुराहरुका साथै प्रशस्त मात्रामा श्रृंगारपरक लोकगीतहरुले समाजका विकृति विसङ्गतिहरुलाई औंल्याएका छन् । बझाङ्गी समाज बझाङ्ग भित्र मात्र होइन नेपाल अधिराज्यभरी ठूलो संख्यामा अन्यत्र पनि बसोबास गर्दै आएका छन् । बझाङ्गका गाउँघर बस्नेहरुदेखि बझाङ्ग बाहिर (भित्री मधेश, तराई, काठमाडौं) बस्नेहरुसम्म सबैका आ-आफ्ना प्रणयकथा, विरह वेदनालाई बझाङ्गी लोकगीतले टिपेका छन् । कामको खोजीमा जाने युवाहरु विशेष गरेर भारतको सेनामा भर्ती भएर रणक्षेत्रमा पुग्ने सैनिक जवानहरु र भारतका विभिन्न ठाउँमा दुःख र पीरमर्का भोगिरहेका व्यक्तिहरुको चित्रण पनि यी लोकगीतमा भएको पाइन्छ। यसरी बझाङ्गी लोकगीतले नेपाली जीवनका विभिन्न पक्षलाई उद्घाटित गरेको छ, उनीहरुका विभिन्न किसिमका भावनालाई प्रकाशित गरेको छ ।

२. सांस्कृतिक चित्रण -

संस्कृति जुनसुकै जाति तथा देशको आत्मा जस्तै भएर रहेको हुन्छ । लोकमानसको आन्तरिक तथा बाह्य अभिव्यक्तिका रुपमा प्रकट हुने संस्कृतिभित्र जीवनका सामाजिक, नैतिक र आध्यात्मिक मान्यता तथा मूल्य पर्दछन् । संस्कृति भनेको राष्ट्रको दर्पण हो । त्यसैले कुनै देश कालको लोक मानसको परिचय संस्कृति परिचय हो। लोकमानस हरेक युगमा आ-आफ्ना मनोभाव प्रस्तुत गर्न उत्सुक हुन्छ। त्यसै सन्दर्भमा लोकगीतका माध्यमले सुख दुःखको अभिव्यञ्जना सशक्त रुपमा भएको पाइन्छ । ऐतिहासिक सांस्कृतिक जीवनका झल्कादेखि राष्ट्रिय परम्पराका भुल्कासम्म बझाङ्गी लोकगीतमा एकहोरो आइरहेको देखिनु यसको प्रत्यक्ष प्रमाण हो ।

बझाङ्गी लोकगीतमा जीवनका विभिन्न संस्कार तथा रीति थिति देखि चाडपर्वको उल्लास उमङ्गसम्मका विधिविधान ब्रत पूजा आदि धेरै कुरा आएका छन् । गर्भधारणदेखि अन्त्येष्टिसम्ममा पर्ने यस्ता संस्कारमा न्वारन, पास्नी, ब्रतबन्ध, विवाह आदि महत्वपूर्ण पक्ष छन् र ती अवसरलाई कल्याणकारी आल्हादमय बनाउन लोकगीतले निकै भूमिका खेलेको पाइन्छ। विहे गर्दा कन्यादान दिने चलन कन्याका खुट्टा धुने चलन छ उक्त कुरा निम्नानुसार व्यक्त गरेको पाइन्छ -

खाट सुत्या बुवा मेरा तम्री कन्यादान
कन्यादान दिंदा छौ त बुवा मेरा पाउ छाली शिर लेऊ
तम्रो भइजाउ बैंकुण्ठ बास
खाट सुत्या इजा मेरी...

अझै यहाँका लोकगीतमा संस्कारगीतको परम्परा सम्पन्न र व्यापक छ । उदाहरणका रुपमा यस भेगमा जन्म, अन्नप्राशन, विवाहमा गाइने गीतका केही पंक्ति तल दिइएका छन् -

सुन सुन मत्तालोक बाजाकि सवद
कि त देवकीले बालो जनमायो
कति घडी कनैयाले जनमलियो
खान वाला खान वाला
दधी मधुखान
खान बाला अमृतको भोग
सगुन देन सगुन देन ·
पहिला सगुन दही चामल
दोसरा सगुन हरियो दुबो र पहिलो पिठायो
कनले लगन दियो कनले सगुन दियो
गणेश बत्तीले सगुन दियो बृहस्पतिले लगन दियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्वसंग लोकजीवनको गहिरो सम्बन्ध छ । चाडपर्व बिनाको जीवन रसिलो नभएर खल्लो हुन्छ । जुनसुकै चाडपर्व मनाउनको पृष्ठभूमि समकालीन प्रभाव, जनताको रुचि सामूहिक मनोरञ्जनदेखि लिएर त्यसको उपयोगिता र कल्याणकारी पक्षसम्मका धेरै कुरा हुन्छन् । चाडपर्व सभ्यता र संस्कृतिका प्रतीक हुन् तिनले युगौंदेखि सामाजिक जीवनमा प्रेरणा दिइरहेका हुन्छन् । यसरी बझाङ्गी लोकजीवनमा अनेक चाडपर्व जात्रा प्रचलित छन् । भुवोगीत, गौरागीत, होरीका गीत, भुवोका अवसरमा खेलिने देउसी र भैलो आदि विभिन्न अवसरमा गाइने गीतका ज्वलन्त उदाहरण हुन् ।

संस्कृतिको प्रमुख लक्ष्य मान्छेका विचारको परिष्कार गर्नु र नैतिक मूल्यको स्थापना गर्नु पनि हो । समाजमा जीवनको प्रारम्भिक चरणदेखि अन्त्यसम्म आ-आफ्ना किसिमका पद्धति चलिरहेको तथ्य लोकगीतबाट स्पष्ट हुन्छ । बझाङ्गी लोकगीतले मंगलको कामनाका साथै लोकजीवनको क्रियाकलाप रहन सहन इच्छा जस्ता धेरै कुरा थाहा पाउन सकिन्छ । गाइवस्तु पाल्नु कृषि कार्य गर्नु, आफ्ना विभिन्न इलममा लाग्नु उनको कार्यशील स्वभाव हो भने नाचगान गरेर श्रमशील जीवनलाई मनोरञ्जन दिनु उनको प्रमुख कार्य हो ।

बझाङ्गी लोकगीतमा आहार वेशभूषा र आभूषणका थुप्रै उल्लेख पाइन्छन् । ती सबैलाई केलाएर हेर्दा लोकजीवनको रुचि रीति थितिको परिचय पाइनुका साथै उनीहरुका आहारको परिचय पनि पाइन्छ । लवाइमा लोग्ने मान्छेको भोटो, कछाड, दौरा सुरुवाल, इष्टकोट, टोपी आदि र स्वास्नी मान्छेको गुन्यू, चोलो, मजेत्रो आदि रहेको छ । स्वास्नी मान्छेले श्रृंगारको लागि शिरको फूल, कानमा मुन्द्रा, बाली, ढुङ्गी, चक्री, नाकमा फूली, बुलाकी, नत्थी, घाटीमा पोते, तिलहरी, हातमा चादीका चुरा र बाला, खुट्टामा कल्ली आदि पर्दछन् । गर गहना र लवाइ खवाइ सम्वन्धी पनि बझाङ्गी लोकगीतमा प्रशस्त वर्णन पाइन्छ ।

३. आर्थिक चित्रण :

घामपानी, असिना पसिना सबै सहेर काम गरेपछि जीवनलाई अगाडि बढाउनु पर्छ । काँधमा हलो बोकेर खेती वारीमा जानुपर्छ । कुटो कोदालो चलाउनु पर्छ । यसरी बझाङ्गी लोकजीवनले कृषि कर्मलाई ठूलो आधार मानेको छ । धर्तीलाई अन्नदाता, प्राणदाता भन्दै बाबु आमा ठानेर माया गर्छ । तर यति भएर पनि जीवनले सुखको पालुवा हाल्न सक्तैन । उसले दु:खले पिल्सिदै डाँडा काट्नुपर्ने सम्मको स्थिति आउँछ । त्यसैमा शोषकहरुको आतङ्क पनि कम छैन ।

शोषण प्रधान सामन्ती अर्थव्यवथाको भारले नगण्य व्यक्तिमा मात्र धन केन्द्रित भएको बझाङ्गी समाजमा कोही बास्मतीको भात पनि नरुचेर फ्याँक्ने गर्दछन् भने कसैले कोदाको रोटी पनि पेटभरी खान पाउँदैन, कसैको गलामा कम्पनीका माला छन् भने कसैले गहनाको नाउमा पोतेसम्म पाएका छैनन् । यस्तो असमानता बझाङ्गी लोकगीतबाट प्रष्ट देखिन्छ -

कसैखी बास्मती भात कसैखी कोद्या नाइँ
कसैखी कम्पनी माला कसैखी पोत्या नाइँ

धनी र शोषकहरुलाई जहाँ पनि आनन्द छ । उनीहरु गाउँमा बस्दा पनि सुख छ, शहर बस्दा पनि सुखै छ । तर गरीवलाई भने भारी बोक्नु र रोग-भोग बाहेक केही पनि छैन । त्यसैले उनी यस्तो आफ्नै भाग्यले भएको हो कि भन्ने अज्ञानता व्यक्त गर्दछन्-

भाग्गी चेला शहरबसी गाडी हुइकाउँदाछन्
दुर्भागी पहाडका कुना भारी चुइकाउँदाछन्

बझाङ्गी समाजमा गरीबी र अभावले ल्याएको अर्को ठूलो समस्या विदेश गएर हातमुख जोर्ने र साहुको ऋण तिर्ने एकमात्र उपाय हुन्छ । एकदुई वर्ष नोकरी गरी केही धन कमाएर ल्याउनु । यसरी विदेश जानु पर्दा कतिका प्रेम प्रेमिकाको विछोड हुन्छ । तैपनि उनीहरु विदेश गएर धन कमाएर ल्याउन पनि समस्या परेको देखिन्छ-

भूइमा हिड्न्या मोटर गाडी अगास चिल गाडी
घर आउनु मुस्किल भयो विदेश रिन गाडी

यसरी आर्थिक कारणले जीवनमा वियोग विछोड गराउनका साथै यसैले गृहकलहको सृजना पनि गराउँछ । यसरी लोक गीतमा लोक जीवन आर्थिक दृष्टिले सम्पन्न नभए पनि कर्मशील अवश्य छ त्यसैलाई अनमोल ठानेर अमृतपान गरेको अनुभव गर्दछ । यसरी श्रमगीतमा बझाङ्गी जीवनका सुख, दु:खका अभिव्यक्ति हुन् । अर्थसञ्चय भोग विलासमा होइन जीवनको आवश्यकताका रुपमा अंगाल्नुपर्छ परोपकारमा लगानी गर्नुपर्छ भन्ने सन्देश दिनु यी लोकगीतको महत्वपूर्ण पक्ष हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. ऐतिहासिक चित्रण :

अतीतमा घटेका घटनाहरुको चित्रण नै इतिहास हो । यसले आउँदो पीढिलाई पनि मार्गदर्शन र सचेत गरेको हुन्छ । इतिहास जान्नको लागि त्यस क्षेत्रको साहित्य, संगीत, कला, संस्कृति आदिको अध्ययन अनिवार्य हुन्छ । इतिहास जान्नको लागि दुई किसिमका सामग्रीको प्रयोग गर्नु उचित हुन्छ। लिखित दस्तावेजहरु र अर्को लोकजीवनका रुपमा सञ्चित कटु अनुभवहरु वीर योद्धाका चरित्र चित्रणका साथै अनेक थरी अवधारणाहरुको समन्वय स्वरुप जनहृदयबाट प्रस्फुटित हुन्छन्। यी पनि इतिहासको अध्ययनका विषयबस्तुभित्र पर्दछन् र बझाङ्ग जिल्लामा गाइने भारत, भुवो खेल, लाङाँको गाथा र अन्य बीर योद्धाहरुका गाथा ज्वलन्त उदाहरण हुन् भने यहाँका जनमानसले गाउने गीतमा पनि प्रशस्त ऐतिहासिक कुराहरु भेटिन्छन् ।

सुदूरपश्चिम क्षेत्रको तत्कालीन व्यापारिक मण्डी ताक्लाकोट हो । बझाङ्ग पनि तिब्बतसंग जोडिएको जिल्ला भएकोले यसको व्यापारिक मण्डी पनि त्यही हो । वर्षातमा ऊन नूनको नियमित व्यापार हुन्थ्यो, तर भोट र नेपालको युद्धवाट ताक्लाकोटको व्यापार केही अवरुद्ध भएको थियो तापनि नेपालले पुनः भोटसंग युद्ध गरी हर्जाना स्वरुप वर्षेनी दशहजार रुपिया केही नून, ऊन बुझाउने भोटले सन्धि स्वीकार गरेको थियो। त्यही ऊन र नून पुऱ्याउन सामन्तहरुले स्थानीय पाटनहरुमा घोडा, भेडा, चौरी पाली गुजारा गर्नेहरुसंग भारी बोकाएर ताक्लाकोट ल्याएको कुरालाई निम्न गीतले प्रष्ट पारेको देखिन्छ-

भोट्याले खाल खैंची लायो ताक्लाखारी नूनले
घोडा भेडा चोरी पाल्ला पाटनी बुकी चुनले

जितारी भन्ने राजा कर्णाली प्रदेशका प्रमुख मानिन्छन् जसको वखान यहाँका स्थानीय लोकसाहित्यमा प्रशस्त पाइन्छ । उनी ठूला योद्धा पनि थिए भन्ने कुरा उनका 'भारत' बाट पनि प्रष्ट हुन्छ । उनी सिरमौरका सामन्त बुटादेवसंग युद्ध गर्न जाँदा ठूलो पल्टन सहित गएका थिए । त्यहाँ जाँदा हामी युद्ध जितिहालौं भन्ने भाकल गर्दै बाटोमा पर्ने मठ मन्दिर निर्माण पनि गराएर गएका थिए । साथै बाटोमा ठूला ढुङ्गाहरु कलात्मक ढङ्गले काटेर त्यसमा मूर्तिहरु राखी खम्बाको रुपमा गाढेका छन् जसलाई स्थानीय भाषिकामा वीरखम्ब भन्ने चलन छ। जसलाई अहिले पनि देखिन्छ। उनका मन्दिरहरु पनि अझै देख्न पाइन्छ र केही जीर्ण अवस्थामा छन् र पुनः निर्माणको संकेत पनि गीतमा पाइन्छ-

जितारी मल्लका पाला बन्याका देवल
भैचालाले खल्वलायो अझ बनाइहाल

यसरी यहाँका लोकगीतहरुमा पाइने इतिहासको संगालो यस भेकको लुप्तप्रायः इतिहासको परिचय पाइन्छ। यस्ता गीतहरु यस क्षेत्रमा प्रशस्त मात्रामा उपलब्ध छन् ।

५. प्रकृतिको चित्रण :

बझाङ्गी लोकगीतले जनमानसद्वारा अनुभूत गरिएका प्राकृतिक बिम्बलाई प्रशस्त स्पर्श गरेको छ। प्रकृति स्वयं संगीतमय छ । बादल गर्जन्छ, खोलाहरु कलकलाउँछन्, चराहरु चिरविराउँछन्। यसरी साहित्य संसारमा प्रकृतिका आन्तरिक र वाह्य गरी दुई रुप दृष्टिगत हुन्छन्। सुशीतल नदीतट, रम्य उपवन, काननकुञ्ज वसन्तको सुमनोहर वातावरण, शरद र वसन्त ऋतुका जुनेली रात कलकल ध्वनिमा अविरल रुपमा प्रवाहित भइरहने खोला नालाहरु र पुण्य सलिला सेती नदी पर्वत श्रृंखला, वनकुञ्ज र त्यहाँ बोल्ने न्याउलीको सुमधुर गान, मन्द सुगन्धयुक्त पवन यी सबै बाह्य प्रकृतिका साम्राज्यसूचक उपहारहरु हुन्। यस्तै युवा युवतीको आन्तरिक प्रकृति स्वभावलाई वा कुनै पशु पंक्षीको स्वभावलाई आन्तरिक प्रकृतिको रुपमा लिनु उपयुक्त छ । यी दुवै प्रकारको प्रकृतिको छटा प्रचलित बझाङ्गी लोकगीतमा विद्यमान भएको पाइन्छ। बझाङ्गी लोकगीतमा प्रकृतिको बर्णन प्रेमको भावुकतामा मात्र सीमित छैन, प्रकृतिका विभिन्न रुपमाथि गहिरो किसिमको दार्शनिक विचार पनि व्यक्त गरिएको हुन्छ । गीतमा अभिव्यक्त ती बिचारलाई लोक दर्शन भन्न सकिन्छ । त्यसैका आधारमा उनीहरुको सामाजिक जीवनको गठन र विकास गर्दै गरेको देखिन्छ ।

बाह्र महिना गाइने गीत आआफ्नै किसिमका छन् । ऋतु परिवर्तनसंगै गीतहरुमा पनि के के कुराको प्रधानता रहन्छ भन्ने कुरा ती गीतले देखाउँछन् । लोकगीतको आत्मा प्रकृतिमा आधारित छ । बझाङ्गी लोकगीतमा बाह्र महिनाभित्र हुने जाडोको गति विधिको वर्णन अति सुहाउँदो छ-

वैशाख जाडो पस्यो दुला
जेठमा जाडो बीउका पुला
असार जाडो पुग्यो डोटी
साउन जाडो कुइणा लोटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भदौ जाडो डाली वोट
कात्तिक जाडो खला खेत
मुंसिर जाडो गला रेट
पुस जाडो हाई हाई
माघ जाडो आत खाई
